# घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**
**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**
**स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ**
**पत्रको प्रयोजनका लागि**
**प्रस्तुत**

# शोधपत्र


**शोधकर्ता**

**अनन्तादेवी खनाल**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं**


**२०६६**

घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको अध्ययन — अनन्तादेवी खनाल २०६६

प्रा. केशव सुवेदी
शोधनिर्देशक

# घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधकर्ता**
**अनन्तादेवी खनाल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६६

# शोधनिर्देशकको सिफारिस

नेपाली एम.ए. दोस्रो वर्षकी छात्रा अनन्तादेवी खनालले **घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको अध्ययन** शीर्षकको यो शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनका लागि म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

२०६६/५/२६

...............................

केशव सुवेदी

प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसकी छात्रा अनन्तादेवी खनालले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नुभएको **घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.डा देवीप्रसाद गौतम ......................................

२. शोधनिर्देशक, प्रा. केशव सुवेदी ......................................

३. बाह्यपरीक्षक, प्रा.डा. पारसमणि भण्डारी ......................................

मितिः २०६६-५-२९

# कृतज्ञताज्ञापन

घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको अध्ययन शीर्षक प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा. केशव सुवेदीज्यूको निर्देशनमा तयार पारेकी हुँ । शोधपत्रको तयारीको क्रममा आवश्यक सल्लाह, सुझाव र उचित मार्गनिर्देशन दिनुभई पूर्ण सहयोग गरिदिनुहुने आदरणीय गुरुप्रति म हृदयतः आभार र कृतज्ञता प्रकट गर्दछु । अति नै व्यस्त समयमा पनि मेरा लागि उचित समय निकालेर निरन्तर हौसलासहित लेख्न प्रेरित गर्नुहुने उहाँप्रति म सदैव ऋणी रहनेछु ।

प्रस्तुत शोधपत्रको शीर्षकलाई स्वीकृति प्रदान गरी लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी र नेपाली केन्द्रीय विभागप्रति म अनुगृहीत छु । यसका साथै प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने अन्य गुरुहरूप्रति पनि म आभार प्रकट गर्न चाहन्छु । शोधपत्रको सामग्रीका निम्ति छिटोछरितो ढङ्गबाट पुस्तक, पत्र-पत्रिका उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालयका महानुभावप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । यसैगरी अध्ययनमा सहयोग पुऱ्याउने धर्म खनाल, शोधपत्रको हरेक पक्षमा सहयोग पुऱ्याउने प्रज्ञा निरौला, पाठ्यपुस्तक उपलब्ध गराउने राजेश भट्टराई, छन्दविनोद दाहाल, साधना दाहाल, प्रयागराज वाशिष्ठप्रति कृतज्ञ छु ।

सङ्कलित सामग्रीहरू झर्को नमानी शुद्धताका साथ टङ्कन गरिदिने 'जी' कम्प्युटर सेन्टरका जितेन महर्जनलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

**मितिः २०६६–०५–२६**

**अनन्तादेवी खनाल**

**शैक्षिक सत्र २०६०/६२**

**रोल नं. ९**

**त्रि.वि.**

**नेपाली केन्द्रीय विभाग**

# विषयसूची

पृष्ठ

पहिलो परिच्छेद

**शोधपरिचय** १–४

१.१ शोधकार्यको शीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषयपरिचय १

१.४ समस्याकथन २

१.५ शोधकार्यको उद्देश्य २

१.६ पूर्वाध्ययनको सर्वेक्षण र समीक्षा २

१.७ शोधकार्यको औचित्य ३

१.८ शोधकार्यको सीमाङ्कन ३

१.९ सामग्री सङ्कलन र शोधविधि ४

१.१० शोधपत्रको रूपरेखा ४

दोस्रो परिच्छेद

**घटराज भट्टराईको जीवनी र व्यक्तित्व** ५–१६

२.१ जन्म र जन्मस्थान ५

२.२ बाल्यकाल ५

२.३ शिक्षादीक्षा ५

२.४ आनीबानी तथा स्वभाव ६

२.५ वैवाहिक जीवन ६

२.६ आजीविका ७

२.७ लेखनका निम्ति प्रेरणा ७

२.८ विभिन्न सङ्घसंस्थामा संलग्नता ८

२.९ सम्मान तथा पुरस्कार ९

२.१० घटराज भट्टराईका लेखनका विविध आयामहरू ११

२.१०.१ कवि घटराज भट्टराई ११

२.१०.२ समालोचक, अन्वेषक, जीवनीकार घटराज भट्टराई १२

२.१०.३ सम्पादक घटराज भट्टराई १३

२.१०.४ यात्रानिबन्धकार घटराज भट्टराई १४

२.१०.५ अनुवादक घटराज भट्टराई १५
२.१०.६ संस्थापक घटराज भट्टराई १५
२.१०.७ प्राध्यापक घटराज भट्टराई १६
२.१०.८ प्रशासक घटराज भट्टराई १६
तेस्रो परिच्छेद
**यात्रासाहित्यको सैद्धान्तिक स्वरूप** १७-२७
३.१ निबन्धको उत्पत्ति र परिभाषा १७
३.२ निबन्धको वर्गीकरण र यात्रासाहित्य २०
३.३ यात्रासाहित्यको परिचय २०
३.३.१ पृष्ठभूमि २०
३.३.२ पूर्वीय साहित्यका सन्दर्भमा यात्रासाहित्य २१
३.३.३ पाश्चात्य साहित्यका सन्दर्भमा यात्रासाहित्य २१
३.३.४ नेपाली साहित्यका सन्दर्भमा यात्रासाहित्य २१
३.४ यात्रासाहित्यको परिभाषा २२
३.५ यात्रासाहित्यका तत्त्वहरू २४
३.५.१ भ्रमण अथवा यात्रा २४
३.५.२ सृजनशील भ्रमणकर्ता २५
३.५.३ परिवेश २५
३.५.४ आख्यानात्मकता २५
३.५.५ चित्रात्मकता २६
३.५.६ उद्देश्य २६
३.५.७ भाषाशैली २७
चौथो परिच्छेद
**घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको विवेचना** २८-८५
४.१ 'डोल्पाकी छोटी' को विवेचना २८
४.१.१ लेखन तथा प्रकाशनको पृष्ठभूमि २८
४.१.२ शीर्षकविधान २९
४.१.३ संरचना २९
४.१.४ परिच्छेदगत मुख्य विषयसन्दर्भ ३०
४.१.५ भ्रमणकर्ता र भ्रमणकर्तासँग सम्बद्ध व्यक्तिहरू ४६
४.१.६ परिवेश ४७

४.१.७ उद्देश्य ४८
४.१.८ भाषाशैली ४८
४.२ 'गोसाइँकुण्ड'को विवेचना ४९
४.२.१ लेखन तथा प्रकाशनको पृष्ठभूमि ४९
४.२.२ शीर्षकविधान ५०
४.२.३ संरचना ५०
४.२.४ परिच्छेदगत मुख्य विषयसन्दर्भ ५०
४.२.५ भ्रमणकर्ता र भ्रमणकर्तासँग सम्बद्ध व्यक्तिहरू ६०
४.२.६ परिवेश ६१
४.२.७ उद्देश्य ६२
४.२.८ भाषाशैली ६२
४.३ 'भानुयात्राका आठ दिन' को विवेचना ६३
४.३.१ लेखन तथा प्रकाशनको पृष्ठभूमि ६३
४.३.२ शीर्षकविधान ६३
४.३.३ संरचना ६४
४.३.४ परिच्छेदगत मुख्य विषयसन्दर्भ ६५
४.३.५ भ्रमणकर्ता र भ्रमणकर्तासँग सम्बद्ध व्यक्तिहरू ८२
४.३.६ परिवेश ८३
४.३.७ उद्देश्य ८४
४.३.८ भाषाशैली ८४
पाँचौं परिच्छेद
उपसंहार ८६-८८
सन्दर्भ ग्रन्थसूची ८९-९०

# सङ्क्षेपीकृत सूची

| सङ्क्षेपीकृत रूप | पूर्ण रूप |
|---|---|
| एम.ए. | मास्टर्स अफ आर्टस |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| कि.मी. | किलोमिटर |
| गा.वि.स. | गाऊँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.वि.से. | राष्ट्रिय विकास सेवा |
| रा.पं.स. | राष्ट्रिय पञ्चायत सदस्य |
| वि.सं. | विक्रम सम्वत् |
| स्व. | स्वर्गीय |

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधकार्यको शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीयविभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र प्रयोजनार्थ गरिएको छ ।

## १.३ विषयपरिचय

घटराज भट्टराई (१९९९-२०६३) नेपाली साहित्यमा कवि, समालोचक, यात्रानिबन्धकार, अन्वेषक, अनुवादक, क्याम्पस तथा साहित्यिक संघसंस्थाका संस्थापक, सम्पादक, कोश-व्याकरणकारका रूपमा परिचित छन् । उनका **डोल्पाकी छोटी** ( २०३९), **गोसाइँकुण्ड** (२०४६), **भानुयात्राका आठ दिन** (२०५६), गरी तीनवटा यात्रानिबन्धहरू प्रकाशित भएका छन् । विभिन्न स्थानको यात्रा गर्ने क्रममा आफूले देखेभोगेका कुराहरूलाई उनले आफ्ना कृतिहरूमा प्रस्तुत गरेका छन् । **डोल्पाकी छोटी** (२०३९) मा नेपालको दुर्गम हिमाली जिल्ला डोल्पाका विभिन्न स्थानका भौगोलिक, सांस्कृतिक, शैक्षिक अवस्थाको चित्रण गरेका छन् । **गोसाइँकुण्ड** (२०४६) मा काठमाडौंदेखि रसुवामा रहेको गोसाइकुँण्ड सम्म जाँदा आउँदा बाटामा पर्ने प्राकृतिक वातावरणको सुन्दरता, भौगोलिक विकटता, बाटामा अँगाल्नुपर्ने सतर्कता आदि कुराहरूको वृतान्त प्रस्तुत गरिएको पाइन्छ । त्यसैगरी **भानुयात्राका आठ दिन** (२०५६) मा भानुभक्त सम्बन्धी विभिन्न खोज अनुसन्धान गर्ने क्रममा नेपालका कतिपय स्थानलगायत भारतका दार्जिलिङ सिलगुडी कालेबुङ आदि ठाउँमा गरिएको यात्राको

विवरण प्रस्तुत गरिएको छ । यिनै यात्राकृतिहरूको अध्ययन विश्लेषणसँग प्रस्तुत शोधकार्य सम्बन्धित छ ।

## १.४ समस्याकथन

घटराज भट्टराईको साहित्यिक व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययनका क्रममा उनका यात्राकृतिका बारेमा सङ्क्षिप्त अध्ययन भए तापनि यात्रासाहित्य सम्बन्धी उनका सबै कृतिहरूको पूर्ण अध्ययन हुन बाँकी छ । त्यसैले यी कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु बान्छनीय छ । त्यसैले प्रस्तुत शोध कार्य निम्नानुसारका समस्याहरूमा केन्द्रित रही सम्पन्न गरिएको छ-

(क) घटराज भट्टराईको साहित्यिक व्यक्तित्व के-कस्तो छ ?

(ख) यात्रासाहित्य भनेको के हो र यसका प्रमुख उपकरण के-के हुन् ?

(गं सैद्धान्तिक दृष्टिले भट्टराईका यात्रासाहित्यिक कृतिहरू के-कस्ता रहेका छन् ?

## १.५ शोधकार्यका उद्देश्य

उपर्युक्त समस्याहरूको अध्ययन-विश्लेषणमा केन्द्रित प्रस्तुत शोधकार्यका उद्देश्यहरू यसप्रकार छन् :

(क) घटराज भट्टराईको साहित्यिक व्यक्तितत्वको निरूपण गर्नु,

(ख) यात्रासाहित्यको सैद्धान्तिक अध्ययन प्रस्तुत गर्नु,

(ग) सैद्धान्तिक आधारमा घटराजका यात्रासाहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वाध्ययनको सर्वेक्षण र समीक्षा

घटराज भट्टराईको यात्रासाहित्यका बारेमा विगत केही समयदेखि छिटपुट रूपमा चर्चा हुँदै आएको पाइन्छ, जसको सङ्क्षिप्त विवरण कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ :

१. शारदा नेपालले घटराज भट्टराई : **जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०५१) शीर्षकको शोधपत्रमा नेपाली यात्राकृतित्त्वको विश्लेषण गर्ने क्रममा घटराजका कृतिहरूको पनि सामान्य परिचय दिएकी छन् ।

२. प्रकाशप्रसाद कोइरालाले **जङ्गबहादुरको बेलायत यात्राको कृतिपरक विवेचना** (२०५६) शीर्षकका शोधपत्रमा नेपाली यात्रासाहित्यको परम्पराको चर्चा गर्ने क्रममा घटराज भट्टराईको पनि नाम उल्लेख गरेका छन् ।

३. वीरेन्द्रबहादुर राईले **नेपाली नियात्रा परम्परामा घनश्याम राजकर्णिकारको योगदान** (२०६१) शीर्षकको शोधपत्रमा नेपाली नियात्राको विभाजन गर्ने क्रममा उत्तरार्ध चरणका यात्रानिबन्धकारमा घटराज भट्टराईको नामोल्लेख गरेका छन् ।

४. घटराजकै **प्राज्ञिक संस्था र मेरो संलग्नता** (२०६४) पुस्तकको सम्पादकीय भूमिकामा प्रयागराज वाशिष्ठले साहित्यकार भट्टराईलाई चिनाउने क्रममा कवि, समालोचक, सम्पादक, अनुवादक, कोशकार, व्याकरणका साथै यात्रानिबन्धकारका रूपमा चिनाएका छन् ।

५. सत्मार्ग विशेषाङ्क २०६५ को घटराज भट्टराई : साहित्यिक व्यक्तित्त्वका विविध पाटाहरूको विश्लेषणगर्ने क्रममा साधना दाहालले यात्रानिबन्धकारका रूपमा पनि टिप्पणी गरेकी छन् ।

## १.७ शोधकार्यको औचित्य

घटराज भट्टराईका यात्राकृतिहरूसँग सम्बन्धित पूर्वाध्ययनका रूपमा देखिएका कार्यहरू सामान्य चर्चा परिचर्चामा मात्र सीमिति भएकाले सैद्धान्तिक परिप्रेक्ष्यमा उनको यात्राकृतिको विश्लेषण गरिएको प्रस्तुत शोधकार्यको आफ्नै औचित्य तथा महत्त्व रहेको छ ।

यसरी घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूका बारेमा विगत केही वर्ष अघिदेखि विभिन्न अध्येताले सामान्य चर्चा, टिप्पणी गर्दै आएका छन् तापनि यस सम्बन्धमा अध्ययन विश्लेषण हुन सकेको छैन ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तत‌ु शोधकार्य घटराज भट्टराईका पुस्तकाकार यात्राकृतिहरूको अध्ययन, विश्लेषणमा सीमित रहेको छ ।

## १.९ सामग्रीसङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य गर्दा पुस्तकालयीय अध्ययन पद्धतिलाई अँगाली आवश्यक तथ्यहरूको सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई यात्रासाहित्यका सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । यसबाहेक यस शोधकार्यमा आवश्यकतानुसार जीवनीपरक समालोचना ऐतिहासिक अनुसन्धान पद्धति तथा प्रभावपरक समालोचना पद्धतिको पनि आंशिक प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

पहिलो परिच्छेद : शोधकार्यको परिचय

दोस्रो परिच्छेद : घटराज भट्टराईको जीवनी र व्यक्तित्व

तेस्रो परिच्छेद : यात्रासाहित्यको सैद्धान्तिक परिचय

चौथो परिच्छेद : घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको विवेचना

पाँचौ परिच्छेद : उपसंहार

## दोस्रो परिच्छेद

# घटराज भट्टराईको जीवनी र व्यक्तित्व

### २.१ जन्म र जन्मस्थान

घटराज भट्टराईको जन्म १९९९ साल मार्ग महिनाको १० गते सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्ला सेर्ना गा.वि.स. मा भएको हो । उनका पिताको नाम पं. जयप्रसाद भट्टराई तथा माताको नाम बालकुमारी भट्टराई हो ।

### २.२ बाल्यकाल

घटराज भट्टराई परिवारमा तेस्रो सन्तानका रूपमा जन्मिए पनि पहिलो छोरा हुन् । उनीभन्दा अगाडि दुई जना दिदीहरू जन्मिएका थिए भने अन्य भाइबहिनीहरू गरी उनका बाबु आमाका दश जना सन्तान थिए । भट्टराई तत्कालीन समयमा पहिलो पुत्र भएकै कारण थुप्रै पारिवारिक मायाममता प्राप्त गरेको देखिन्छ । सानामा काजी भनेर बोलाउने गरेका भट्टराईको संयुक्त परिवारमा पनि साहित्यिक वातावरण भएको भनाइ प्रयागराज वाशिष्ठको रहेको छ ।[१] घटराजको जन्म दुर्गम ठाउँमा भएको कारण उनको बाल्यकाल ग्रामीण वातावरणमा बितेको थियो र उनले गाउँले परिवेशमा गरिने डोको, घुम, नाम्लो बुन्ने, डोरी बाट्ने, घाँस काट्ने, गाई दुहुने जस्ता घरेलु काम पनि गरेका थिए । नम्र स्वभावका भट्टराई सबैसँग मेलमिलाप गर्ने खालका थिए । साथीभाइसँग डण्डीबियो, लुकामारी, भकुन्डो, पौडीजस्ता खेलहरू खेल्थे ।[२] यसरी भट्टराईको बाल्यकाल परम्परित संस्कृत शिक्षा आर्जन गरेका आफ्ना बाबुको स्नेह संरक्षणका साथै सरल मिजासकी आमाको स्नेहमय वातावरणमा ग्रामीण परिवेशमै व्यतीत भएको देखिन्छ ।

### २.३ शिक्षादीक्षा

पूर्वी नेपालको दुर्गम ग्रामीण इलाकामा जन्मिएका भए पनि कुलीन परिवारमा हुर्किएका घटराज भट्टराईको प्रारम्भिक शिक्षा पाँच बर्षको उमेरमा आफ्नै बुबाद्वारा

---

[१] प्रयाग वाशिष्ठ, 'सम्पादकीय', **प्राज्ञिक संस्था र मेरो संलग्नता**, (काठमाडौं : पशुपति बहुमुखी क्याम्पस, २०६४), पृ. च ।

[२] गोपाल पराजुली, 'परिश्रमी साहित्यकार घटराज भट्टराई', **मुना** (वर्ष १६, अङ्क १०, पूर्णाङ्क १९०, २०६३), पृ. ३२ ।

घरमै शुरु भएको थियो । तीक्ष्ण बुद्धिका भट्टराईले बाह्र वर्षकै उमेरमा चण्डी वेद, गीताको अध्ययन गरिसकेका थिए ।[३] २०१५ सालसम्म घरमै स्वाध्ययन गरेका भट्टराई २०१६ सालमा काठमाडौं आई औपचारिक शिक्षामा लागेका थिए । उनले २०२४ सालमा राजकीय संस्कृत महाविद्यालयबाट आचार्य उत्तीर्ण गरेका र व्यक्तिगत परीक्षार्थीका रूपमा नेपाली विषयमा एम.ए. गरेका थिए । अध्ययन सँगसँगै जागिरे जीवन सुरु गरेका भट्टराई २०२२ सालमा सरकारी जागिरमा आबद्ध हुन पुगेका थिए । २०३१ सालदेखि काठमाडौं कपनमा स्थायी बासिन्दा हुन पुगेका भट्टराई विभिन्न सङ्घसंस्थामा काम गर्दै पछि विश्वविद्यालयको प्राध्यापन पेसामा आबद्ध हुन पुगेका थिए ।

## २.४ आनीबानी तथा स्वभाव

छ फिट अग्ला, दौरासुरुवालमा सजिएर हिँड्ने घटराज भट्टराई एक कर्मशील व्यक्तित्वका रूपमा चिनिन्छन् । कम बोल्ने, लगनशील सरल र उच्च विचारका हिमायती भट्टराई दूध र दूधबाट बनेका खानेकुराहरू रुचाउँथे । अध्ययन अध्यापनमा रुचि राख्ने भट्टराई सोख र विलासिताका विरोधी थिए ।[४] उनी भ्रमणमा रुचि राख्ने जो कोहीलाई पनि असल कार्य गर्न हौसला प्रदान गर्थे । जुनसुकै वातावरणमा लेखपढ गर्न सक्ने घटराज पौराणिक आख्यान-नीतिवचन, लोकआख्यानका चाखलाग्दा उदाहरण प्रस्तुत गर्दै अध्यापन गराउँथे । आफ्नो कर्ममा दत्तचित्त भई लागिपर्ने आफूले कमाएको थोरै भन्दा थोरै रकमलाई ठूलो मान्ने र त्यसैमा सन्तुष्टि लिने उनी चाकडी चाप्लुसी मन नपराउने र अनावश्यक खर्च गर्न मन नपराउने स्वभावका थिए । सधैं गम्भीर मुद्रामा देखिने भट्टराई अरूका कडा वचन सुनेर पनि तत्काल प्रतिक्रिया नदिई, नरिसाई आफ्ना विचारलाई विस्तारै सरल ढंगले प्रस्तुत गर्ने गर्थे । यस्ता स्वभाव र आनीबानीले गर्दा उनी सबैका निम्ति प्रिय एवम् आदरयोग्य थिए ।

## २.५ वैवाहिक जीवन

घटराज भट्टराईको विवाह तेह्र वर्षको उमेरमा सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.की नौ बर्षीया प्रभा निरौलासँग २०१२ सालमा धार्मिक विधिविधान अनुरूप

---

[३] शारदा नेपाल, **घटराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, त्रि.वि., पद्मकन्या क्याम्पस नेपाली विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०५१), पृ. ३ ।

[४] साधना दाहाल, 'घटराज भट्टराई : साहित्यिक व्यक्तित्व', **सत्मार्ग विशेषाङ्क**, (२०६५), पृ. ७५ ।

सुसम्पन्न भएको थियो । सानै उमेरमा विवाह भएको हुनाले र आफ्नो आफ्नो औपचारिक अध्ययन पनि विवाहपछि नै भएको हुनाले केही वर्ष श्रीमान् श्रीमती छुट्टिनु परे पनि चार बहिनी छोरी र दुई भाइ छोराका बाबु घटराज भट्टराईको दाम्पत्य जीवन सुख-सन्तोषपूर्वक नै बितेको देखिन्छ ।

## २.६ आजीविका

भट्टराईको बाल्य जीवन आमाबुबाको स्नेहपूर्ण वातावरणमा बिते पनि २०१६ सालपछि घर छोडी हिँडेपछि उनका जीवनमा केही कठिनाइहरू पनि आइलाग्छन् । खेती किसान नै मुख्य पेसा भएका बाबु आमाले पठाएको खर्चले मात्र जीवन धान्न मुस्किल परेपछि २०२२ सालदेखि पञ्चायत डिस्ट्रिक अफिसर (PDO) भई आफ्नै गृह जिल्ला ओखलढुङ्गामा दुई वर्षसम्म जागिरे जीवन बिताएका थिए । २०२४ सालदेखि उनी प्राध्यापन पेसामा संलग्न भएका थिए । लामो समयसम्म त्रि.वि. अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसमा प्राध्यापन कार्य गरी उनले २०५७ सालतिर विश्वविद्यालयबाट राजिनामा दिई आफ्नै सक्रियता र संलग्नतामा सञ्चालन गरिएको पशुपति बहुमुखी क्याम्पसमा प्राध्यापन र प्रशासनिक जिम्मेवारी लिई बाँचुन्जेलसम्म सेवा गरेका थिए । यसरी जीवनभर प्राध्यापन सेवामा समर्पित भएर उनले आफ्नो आजीविका चलाउनुका साथै नेपाली भाषासाहित्यको सेवा गरेको देखिन्छ ।

## २.७ लेखनका निम्ति प्रेरणा

वेद, चण्डी, पुराण वाचन गर्ने संस्कृतका ज्ञाता आफ्ना बुबा पण्डित जयप्रसादको संसर्गमा हुर्किएका घटराज भट्टराईको पारिवारिक वातावरण पनि ज्ञानगुनमै व्यतीत भएका कारण उनी पनि सानैदेखि संस्कृतका विभिन्न श्लोकहरू कण्ठ पारेर सुनाउने र आफू स्वयम् लेख्ने पनि गर्थे । उनी २०१९ सालमा **हलेश्वर महादेव** नामक साँस्कृतिक लेख **गोरखापत्र**मा प्रकाशित गरी औपचारिक रूपमा साहित्यिक क्षेत्रमा उदाएका छन् । कविशिरोमणि लेखनाथ पौड्याल, राष्ट्रकवि माधवप्रसाद घिमिरे तथा आदिकवि भानुभक्त आचार्य एवम् शृङ्गारिक कवि मोतीराम भट्टका कविता काव्यबाट उनी काव्य सिर्जना तर्फ प्रेरित भएको देखिन्छ । अनुसन्धात्मक कृति लेख्ने प्रेरणा चाहिं उनले ईश्वर बरालबाट पाएको बुझिन्छ । उनी

प्रसिद्ध कवि कालिदासका काव्य पढेर पनि सृजनातर्फ प्रेरित भएको देखिन्छ । यसरी विभिन्न क्षेत्रबाट प्रेरणा लिएर साहित्य लेखनतर्फ लागेका भट्टराई नेपाली साहित्यको सेवा गर्नुपर्छ भन्ने दृढ विश्वासका साथ जीवनका अन्तिम क्षणसम्म साहित्य साधना र नेपाली भाषा साहित्यको समुन्नयनमा लागिपरेको पाइन्छ ।

## २.८ विभिन्न सङ्घसंस्थामा संलग्नता

आफ्नो सम्पूर्ण जीवन साहित्य साधनाका क्षेत्रमा समर्पित गरेका घटराज भट्टराई झन्नै पचास हाराहारीका सङ्घसंस्थामा संलग्न भएका थिए । ती सङ्घसंस्थाहरू मध्ये केही यसप्रकार छन्:-

१. लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान

२. छिन्नलता गीत पुरस्कार गुठी

३. कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान

४. भारती खरेल प्रतिष्ठान

५. गुणराज स्मारक समिति

६. युगकवि सिद्धिचरण प्रतिष्ठान

७. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

८. नई प्रकाशन

९. बालकृष्णसम फाउन्डेसन

१०. महर्षि वशिष्ठ कुलवैभव अध्ययन प्रतिष्ठान

११. गुणनिधि पन्त स्मृति प्रतिष्ठान

१२. महेन्द्ररत्न पब्लिक कलेज

१३. विश्वभाषा क्याम्पस

१४. पद्मकन्या क्याम्पस

१५. कान्तिईश्वरी मा.वि., प्याफल

१६. उत्तम पुरस्कार गुठी

१७. वैभव पुरस्कार

१८. उदयानन्द स्मारक गुठी

१९. लेखनाथ पौड्याल काव्य सभा

## २.९ सम्मान तथा पुरस्कार

विभिन्न संघसंस्थाहरूमा विभिन्न पदमा रही संस्थागत संवर्द्धनका निम्ति खेलेको भूमिका, विभिन्न किसिमका पाठ्यपुस्तक, कोषकाव्यहरू, नेपाली साहित्यका कविता, समालोचना, अन्वेषण एवम् सम्पादन गर्नुका साथै विभिन्न विद्यालयका शैक्षिक, प्राज्ञिक भौतिक क्षेत्रमा पुऱ्याएको योगदानवापत घटराज भट्टराईले विभिन्न सङ्घसंस्थाहरूबाट अनेक सम्मान, अभिनन्दन तथा पुरस्कार पाएका छन्, तिनको विवरण यसप्रकार छ :

**अभिनन्दन**

नेपाली वाङ्मयमा साधना गरी विभिन्न विधामा पुऱ्याएको योगदान, क्याम्पस तथा विभिन्न सङ्घसंस्था गुठी एवं शिक्षाका क्षेत्रमा अतुलनीय योगदान गरेबापत राष्ट्र र जनताप्रति तनमनदेखि नै समर्पित भई ओखलढुङ्गा जिल्लाको नाम र सम्मानमा विशिष्ट योगदान पुऱ्याएबापत विभिन्न सात सङ्घसंस्थाबाट अभिनन्दन ।

**मानार्थ सदस्यता**

आफ्नो क्षेत्रबाट समाज र राष्ट्रलाई पुऱ्याएको कदरस्वरूप

**मुक्ति पुरस्कार**

नेपाली भाषासाहित्यको अनुसन्धान, विश्लेषण र संगठनात्मक कार्यमा सक्रिय रही नेपाली वाङ्मयको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान गरेबापत ।

**प्रशंसापत्र**

मोतीजयन्तीका अवसरमा आयोजित समस्यापूर्ति कवि सम्मेलनमा पच्चीस वर्षसम्म सहभागी भई कविता पाठ गरेबापत ।

**मानपत्र**

नेपाली भाषासाहित्यको प्राध्यापन, कविताकाव्य, यात्रासंस्मरणहरूको सृजना तथा समालोचनात्मक र अनुसन्धानात्मक कृतिहरूको प्रणयका साथै देवकोटा साहित्य प्रतिष्ठानलगायत थुप्रै साहित्यिक सङ्घसंस्था एवं पुरस्कार स्थापना र सु-सञ्चालनका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदानको कदरस्वरूप मानपत्र प्राप्त ।

**कदरपत्र**

२०३० सालदेखि २०४६ सालसम्म कान्तिईश्वरी राज्यलक्ष्मी मा.वि.मा व्यवस्थापन समितिको अध्यक्ष पदमा रही विद्यालयको उन्नतिका लागि महत्त्वपूर्ण योगदान गरेबापत कदरपत्र प्राप्त ।

**पुरस्कार**

'नेपाली लेखककोष' नामक ग्रन्थका लागि २०५७ को भूपाल मानसिंह कार्की पुरस्कार प्राप्त ।

**सुप्रबल गोरखा दक्षिणबाहु**

साहित्यकार घटराज भट्टराईले इमानदारीपूर्वक राष्ट्रको सेवा गरेबापत ।

**वेधनिधि पुरस्कार**

साहित्य तथा प्राध्यापन पेसामा पुऱ्याएको योगदान प्रशासनिक नेतृत्व, भाषा साहित्य, धर्म संस्कृति, समाजसेवा, शिक्षासँग सम्बन्धित विभिन्न सङ्घसंस्थाहरूको विकास र विस्तारमा सल्लाहकार, पदाधिकारी सदस्यसचिव र सदस्यका रूपमा खेलेको भूमिका र दिएको योगदानका निम्ति पुरस्कृत ।

**विशेष सम्मान**

सैनध्वज नन्दकुमारी विद्वतवृत्तिको संस्थापन कालदेखि सदस्य सचिवको पदमा रही यसको सञ्चालन तथा संवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेबापत विशेष सम्मान प्राप्त ।

**चिरस्मरणपत्र**

उत्तमकुँवर स्मारक पुरस्कार गुठीको स्थापना कालदेखि दुई दशकसम्म संस्थापक सदस्यको रूपमा रही गुठीको गौरव बढाउन पुऱ्याएको योगदान स्वरूप चिरस्मरणपत्र प्राप्त ।

**स्वर्णवर्ष सम्मान**

नेपाली साहित्य समुद्रमा गोतामारी मोती टिप्ने नेपाली भाषाका अनुकरणीय सेवा गरेबापत मदन पुरस्कार गुठीद्वारा स्वर्णवर्ष सम्मान प्राप्त ।

**नगद पुरस्कार**

छिन्नलता पुरस्कार गुठी बाट रु. १००००।- दिप शमशेर राणा स्मृति समितिबाट रु. १०,१११।- वेदनिधि पुरस्कार प्रवन्ध परिषद गुठीबाट रु. ३०००१।-, बालचन्द्र स्मृति सभाबाट रु. २५०००।-, सैनध्वज नन्दकुमारी विद्वतकृतिबाट रु. ५०००।- झपट पुरस्कार व्यवस्था समितिद्वारा रु. १५०००।- गरी रु. १०५११२।- एक लाख पाँच हजार एक सय बाह्र रूपैयाँ नगद पुरस्कार सम्मानसहित प्राप्त गरेका छन् ।

## २.१० घटराज भट्टराईका लेखनका विविध आयामहरू

### २.१०.१ कवि घटराज भट्टराई

घटराज भट्टराईको साहित्यिक जीवनको औपचारिक सुरुवात २०१९ सालको गोरखापत्रमा प्रकाशित **हलेश्वर महादेव** भन्ने साँस्कृतिक लेखबाट भएको देखिन्छ तर **कविताकुसुम** (क.सं., २०२३) भित्र २०१८ सालदेखिका कविताहरू रहेका छन् । यसरी हेर्दा उनको साहित्यिक यात्राको अनौपचारिक सुरुवात चाहिँ **हिमाली दृश्य** (२०१८) कविताबाट भएको देखिन्छ ।[५] उनका कवितासम्बन्धी प्रकाशित कृतिहरूलाई यसप्रकार राख्न सकिन्छ ।

१. कविता कुसुम (कवितासङ्ग्रह, २०२३)

२. वादल फाटेपछि (काव्य, २०२५)

[५] शारदा नेपाल, पूर्ववत्, पृ. २० ।

३. आजकीसित (काव्य, २०३३)

४. अमरज्योति (काव्य, २०२३)

५. काव्यत्रयी (काव्य, २०३३)

६. मोतीमत (काव्य, २०३९)

७. जयबाल (शोककाव्य, २०५२)

उनले फुटकर कवितादेखि काव्यसम्मका रचनाहरू प्रस्तुत गरेका छन् । उनका कवितामा नेपालका प्राकृतिक दृश्यहरूको वर्णन, राष्ट्रियताको वर्णन, आध्यात्मिक चिन्तन वा नीतिचेतना, शृङ्गारिक भाव, युगीन यथार्थको चित्रण, तत्कालीन समयको चित्रण, शोक, समस्यापूर्तिसम्बन्धी विषयवस्तुहरू समेटिएका पाइन्छन् । उनका कविताहरू छन्दमा लेखिएका छन् ।

### २.१०.२ **समालोचक, अन्वेषक, जीवनीकार घटराज भट्टराई**

साहित्यका विविध विधामा कलम चलाउने भट्टराई समालोचक, अन्वेषक जीवनीकार रूपमा पनि चिनिन्छन् । उनका समालोचक, अन्वेषण र जीवनीसम्बन्धी प्रकाशित पुस्तकहरू यसप्रकार छन्:

१. भीमनिधि व्यक्ति र कृति (२०३२)

२. गुणराज व्यक्ति र कृति (२०३२)

३. संस्कृतका अमर साहित्यकार (२०३४)

४. अमर प्राज्ञ (२०३९)

५. प्रतिभै प्रतिभा र नेपाली साहित्य (२०४०)

६. बालचन्द्र शर्मा : व्यक्तित्व र साधना (२०४४)

७. आशुकवि ढुङ्ग्यालको परिचय (२०४६)

८. साहित्यकार परिचय कोश (२०५१)

९. खोजखाज (२०५४)

१०. नेपाली लेखक कोश (२०५६)

११. साहित्यको इतिहास (२०६०)

१२. प्राज्ञिक संस्था र मेरो संलग्नता (२०६४)

उनका उपर्युक्त कृतिहरूको अध्ययन गर्दा जीवनीपरक समालोचनालाई आत्मसाथ गरेको देखिन्छ । उनले नेपाली साहित्यका साहित्यकारहरूका साथसाथै संस्कृत भाषाका केही साहित्यकारहरूलाई पनि चिनाउन खोजेका छन् । आदिकवि वाल्मीकिदेखि लिएर व्याससम्मका साहित्यकारहरूको मोटामोटी परिचय दिएका छन् । प्रज्ञा प्रतिष्ठानमा योगदान गरेका दिवंगत स्रष्टाहरूलाई अमर प्राज्ञकृति मार्फत अमर घोषित गरेका छन् । जे होस् उनका अन्वेषणात्मक कृतिहरू मूलतः जीवनीपरक देखिन्छन् ।

**२.१०.३ सम्पादक घटराज भट्टराई**

साहित्यका सिर्जनामा मात्र नभएर भट्टराईको योगदान अन्य सर्जकहरूद्वारा सिर्जित कृतिहरूको सम्पादन गर्नमा पनि रहेको छ । उनले सम्पादन गरेका कृतिहरू यसप्रकार छन्:

१. आशुकवि शम्भुका काव्यकृति (२०३७)

२. साहित्यकार झपटबहादुर राणा (२०३८)

३. लुकेका कवि र कविता (२०३९)

४. माध्यमिककालीन कवि र कविता (२०४५)

५. यज्ञरचनावली (२०४६)

६. प्राचीन गद्यसंग्रह (सह-लेखन २०४७)

७. प्राचीन पद्यसंग्रह (सह-लेखन २०४७)

८. भानुभक्तको जीवन चरित्र (२०४९)

९. शम्भुका रचनावली (सह-लेखन २०५४)

१०. बुइँगलको एउटा बाकस (सह-लेखन २०५४)

११. एउटा अर्को बुइँगल (सह-लेखन २०५४)

१२. शम्भुका स्फूटपद्य (सह-लेखन, २०५४)

१३. शम्भुका गजल (सह-लेखन, २०५४)

१४. शम्भुका रचनावली (सह-लेखन, २०५४)

१५. शम्भुका चिठी (सह-लेखन, २०५४)

१६. जिज्ञासा वार्षिक पत्रिका (१-१७ अङ्क) २०४४-०५६)

१७. नेपाली स्नातकोत्तर समालोचना (२०५९)

१८. नेपाली स्नातक समालोचना (२०६०)

१९. स्वर्गद्वारी आश्रम (२०५९)

२०. महाकवि देवकोटाका आनिबानी (२०५५)

घटराज भट्टराईले सम्पादन गरेका कृतिहरूको अध्ययन गर्दा सम्पादनका निम्ति आवश्यक पर्ने भाषाको शुद्धता, स्तरीयता र विषयवस्तुको प्रस्तुतीकरण जस्ता गुणहरू प्रयुक्त भएका पाइन्छन् । सम्पादनका माध्यमबाट भट्टराईले आफ्नो युगलाई आलोकित पार्न खोजेका छन् । उनका सम्पादनमा रसग्राहिता र तथ्यपरक दृष्टि पाइन्छ । लुकेछिपेका साहित्यकारहरूको पाण्डुलिपि खोजी आवश्यक काँटछाँट गरी उनीहरूका प्रतिनिधि रचनाहरूको सम्पादन गर्ने नेपाली कविताको इतिहासमा थप कविहरूका नाम थप्न, उनीहरूलाई प्रकाशमा ल्याउन भट्टराई लागिपरेका छन् । **माध्यमिककालीन कवि र कविता**मार्फत नेपाली कविताको माध्यमिक काललाई चिनाउन सफल भएका छन् । प्राचीन नेपाली गद्य र पद्य सङ्ग्रहको सम्पादन गरी स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि अति उपयोगी सम्पादकीय प्रस्तुत गर्न सफल भएका छन् ।

### २.१०.४ यात्रानिबन्धकार घटराज भट्टराई

नेपालका विभिन्न ठाउँमा र छिमेकी मुलुक भारत र चीनका केही ठाउँ भ्रमण गरेका भट्टराईका यात्रानिबन्ध सम्बन्धी प्रकाशित पुस्तकहरू यसप्रकार छन्:

१. डोल्पाकी छोटी (२०३९)

२.	गोसाइँकुण्ड (२०४६)

३.	भानुयात्राका आठ दिन (२०५४)

यात्राका क्रममा आफूले देखेभोगेका वास्तविक घटनाहरूलाई आफूमा मात्र सीमित नराखी भट्टराईले सम्पूर्ण पाठकलाई यात्राको अनुभूति दिलाएका छन् । नेपालको सुदूर पश्चिममा पर्ने डोल्पा जिल्लाको विभिन्न ठाउँका आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक आदि पक्षको बारेमा डोल्पाकी छोटी निबन्धमा चर्चा गरेका छन् । त्यसै गरी गोसाइँकुण्ड कृतिमा पर्यटकीय क्षेत्र गोसाइँकुण्डको जानकारी गराउँदै गोसाइँकुण्ड जाँदा भोग्नुपर्ने कठिनाइहरूलाई देखाउनुका साथै देवीदेवताहरूको उत्पत्ति र महत्त्वको बारेमा प्रकाश पारेका छन् । भानुयात्राका आठदिनमा भट्टराईले भानुभक्तसम्बन्धी खोज गर्ने र वृत्तचित्र बनाउने सिलसिलामा नेपाल लगायत भारतका विभिन्न स्थानमा गरेका भ्रमणहरूको चित्रण गरेका छन् ।

### २.१०.५ अनुवादक घटराज भट्टराई

घटराज भट्टराईलाई मौलिक काव्य सिर्जनामा मात्र नभई अनुवाद कलामा पनि उत्तिकै निपुण पाइन्छ । उनले धर्मविज्ञान भाग १-४ सह-अनुवाद गरेका छन् । मूल लेखकका भाव कला र विचारलाई मर्न नदिई एक भाषाबाट अर्को भाषामा रूपान्तरण गर्नुपर्ने अनुवादको धर्मलाई भट्टराईले आत्मसाथ गरेका देखिन्छन् । उनको अनुवादको क्षेत्र व्यापक र विस्तृत नभए पनि उनी कुशल अनुवादकको रूपमा देखापरेका छन् ।

### २.१०.६ संस्थापक घटराज भट्टराई

घटराज भट्टराई विभिन्न व्यक्तित्वका रूपमा स्थापित भइसकेका छन् । यस्तै व्यक्तित्वहरूमध्येमा संस्थापक व्यक्तित्व पनि प्रमुख रहेको छ । उनी विभिन्न विधामा कलम चलाएर मात्र बस्दैनन् । साहित्यिक व्यक्तित्वहरूसँग भेटघाट छलफल गरी साहित्यको उन्नति, प्रगति गर्नाका खातिर विभिन्न सङ्घसंस्थाहरू स्थापना गर्न र सञ्चालन गर्न पनि उत्तिकै लागिपरेका छन् । साहित्य, संगीततर्फ कलम चलाउने विभिन्न व्यक्तित्वहरूलाई सङ्घसंस्थाहरूमार्फत पुरस्कृत, सम्मान गर्दै अगाडि बढाउन घटराजका अग्रसरतामा खोलिएका प्रमुख सङ्घसंस्थाहरू यस प्रकार छन्- १. गुणराज

स्मारक समिति, २. छिन्नलता गीत पुरस्कार गुठी, ३. दीपशमशेर राणास्मृति समिति, ४. नरेन्द्र वाङ्मयनिधि, ५. भूपालमानसिंह कार्की पुरस्कार, ६. जयबालकुमारी साहित्य परिषद्, ७. वेदनिधिपुरस्कार प्रबन्ध परिषद्, ८. भैरब पुरस्कार गुठी, ९. झपटपुरस्कार व्यवस्था समिति, १०. बालचन्द्र स्मृतिसभा, ११. पशुपति बहुमुखी क्याम्पस आदिजस्ता दर्जनौं संघसंस्थाका संस्थापक भई कार्य गरेका छन् ।

### २.१०.७ प्राध्यापक घटराज भट्टराई

साहित्यका विभिन्न क्षेत्रमा संलग्न भट्टराई प्राध्यापन पेसामा २०२५ सालदेखि आवद्ध भएका देखिन्छन् । सर्वप्रथम उनले वि.सं. २०२५ साल चैत्रदेखि २०३० साल असारसम्म महेन्द्ररत्न कलेज ताहचलमा आंशिक रूपमा प्राध्यापन गरेको पाइन्छ । त्यसपछि २०३० साल श्रावणदेखि रत्नराज्यलक्ष्मी कलेजमा सह-प्राध्यापकको रूपमा रही प्राध्यापन गरेका छन् । उक्त कलेजका अतिरिक्त पद्मकन्या कलेज बागबजार, पशुपति बहुमुखी क्याम्पस चावहिल र विश्वभाषा क्याम्पसमा पनि अध्यापन गरेका थिए । बाँचुन्जेल शिक्षण पेशा अँगालेका भट्टराई शिक्षण जस्तो पवित्र पेशामा लागी विद्यार्थीहरूलाई विस्तृत ज्ञान हासिल गराउन लागिपरेका छन् ।

### २.१०.८ प्रशासक घटराज भट्टराई

आफ्नो जीवनको सुरुको केही समयमात्र भए पनि भट्टराई प्रशासन सेवामा आबद्ध भएका छन् । वि.सं. २०२२ सालदेखि पञ्चायत डिष्ट्रिक अफिसर भएर दुई वर्षसम्म ओखलढुङ्गामा काम गरेका उनले २०२५ सालदेखि २०२९ सालसम्म शिक्षण पेशा र प्रशासनिक कार्यलाई साथसाथै लगेको देखिन्छ तर २०२९ पछि उनी प्रशासनिक क्षेत्रबाट अलग्गिएर शिक्षण पेशातर्फ मात्र लागेको देखिन्छ । जे होस् प्रशासक बनेका बेला पनि उनी एक कुशल प्रशासककै रूपमा देखिएका छन् ।

## तेस्रो परिच्छेद

# यात्रासाहित्यको सैद्धान्तिक स्वरूप

### ३.१ निबन्धको उत्पत्ति र परिभाषा

सिर्जनाको इतिहासमा साहित्यलाई गद्य र पद्यमा अथवा श्रव्य र दृश्यमा विभाजित गर्दै आएको पाइन्छ । आख्यान र कविताहरू सुनेर र पढेर ग्रहण गरिन्छन् भने नाटक अभिनय र दृश्य विधाका रूपमा ग्रहण गरिन्छ । सृजित सिर्जनाको प्रकाशन, प्रसारण, वितरण, संरक्षण र पठनको वातावरण तयार हुँदै धेरै समयपछि मात्र साहित्यमा निबन्ध एउटा छुट्टै आख्यानेत्तर गद्य विधाका रूपमा स्थापित भएको पाइन्छ । अतः निबन्ध साहित्यमा पछिल्लो समयावधिमा विकसित विधाका रूपमा स्थापित तथा प्रचलित रहेको देखिन्छ ।

निबन्धलाई चिनाउने क्रममा सर्वप्रथम सोह्रौं शताब्दीका फ्रान्सेली साहित्यकार **मोन्तेन** देखिन्छन् । आफूले सिर्जना गरेका कृतिहरूको नामकरण गर्ने सन्दर्भमा उनले आफ्ना रचनालाई Essai नाम दिई यस विधाको नामकरण गरेका हुन् । उनले “म नै मेरो निबन्धको विषय हुँ । किनभने मलाई सबैभन्दा बढ्ता चिन्नेव्यक्ति म नै हुँ ।” भनी आत्मपरक शैलीमा लेखिएको वैयक्तिक अनुभूतिको प्रस्तुतिलाई निबन्धका रूपमा चिनाएका छन् ।[१] ‘प्रयत्न’ को अर्थमा प्रयोग हुने फ्रान्सेली Essai शब्द पछि अंग्रेजीमा Essay का नामबाट प्रचलित हुन थाल्यो ।[२]

संस्कृत भाषाको ‘बन्ध’ धातुमा ‘धञ्’ प्रत्यय लागी बनेको ‘बन्ध’ शब्दमा ‘नि’ उपसर्ग लागी ‘निबन्ध’ शब्द बन्दछ । यसरी नि + बन्ध + धञ् (अ) का निर्माण प्रक्रियाबाट बनेको ‘निबन्ध’ शब्दको अर्थ हुन्छ- राम्ररी बाँध्नु ।

यसको पारिभाषिक अर्थ ‘ललित वा बौद्धिक गद्य भाषाको माध्यमले जीवनजगत्भित्रकै कुनै विषयबारेमा मनोगत भावना, धारणा, सोचाइ आदिको

---

[१] गोपीकृष्ण शर्मा, ‘निबन्धको सैद्धान्तिक स्वरूप’ **कुञ्जिनी** (वर्ष ११, अङ्क ८, २०६०), पृ. १२ ।

[२] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध** (काठमाडौं : पाठ्यसामग्री पसल, २०५६), पृ. १ ।

अभिव्यक्ति गर्ने लघु आकार प्रकारको त्यस्तो विधा निबन्ध हो जसमा निबन्धकारले निबन्धको शीर्ष विषयबारे आफ्नै मनोगत भाव-विचारलाई वा वस्तुगत तथ्य सत्यलाई स्वीकार गर्न पाठक समक्ष कर/आग्रह गरेको हुन्छ ।'[३]

फ्रान्सेली Essai, अंग्रेजीमा Essay, हिन्दी र नेपालीमा 'निबन्ध' का नामबाट चिनिने यस विधालाई समालोचकहरूले आफ्नाआफ्नै किसिमले परिभाषित गरेका छन्-

डा.जोन्सन- "निबन्ध भनेको मनमा आएका भावधारालाई शृङ्खलाविहीन अवथामा हठात गरिएका अभिव्यक्तिको टुक्रा हो ।"[४] भनी निबन्धमा विषयवर्णन वा भावको कुनै निश्चित वा नियमित शृङ्खला नहुने कुरातर्फ सङ्केत गरेका छन् ।

जर्ज क्रयाबले - "निबन्ध प्रतिभा र क्षमताको अभाव भएका रचनाकारहरूको सस्तो सृजन कार्य हो, जसको अनुसन्धानमा न केही क्षमता छ, न त प्रतिभा र क्षमता छ, त्यस्ता रचनाकारहरूको सस्तो सृजना कार्य हो । जसको न विद्वता छ न त चिन्तनको स्तर छ, त्यस्ता लेखकहरूले गर्ने प्रयोजनहीन गफ मात्र हो ।"[५] भनी निबन्धलाई स्तरहीन, हेय र महत्त्वहीन लेखन कार्यका रूपमा चिनाएका छन् ।

हिन्दी साहित्यका प्रसिद्ध समालोचक रामचन्द्र शुक्ल निबन्धमा व्यक्तिगत विशेषताका निम्ति र त्यसको प्रदर्शनका निम्ति व्यक्त विचारहरूको शृङ्खला जानीजानी वा अज्ञानतावस पनि टुटाउनु हुँदैन । भावहरूको विचित्रता देखाउनका निम्ति अनुभूतिको प्रकृत वा लोक सामान्य रूपसित कुनै सम्बन्ध नै राख्नु वा भाषासित प्रश्नहरू झैं कसरत वा हठयोगीहरूले झैं आसन साधन गराइनु हुँदैन, निबन्धको लक्ष्य रमिता देखाउनु वाहेक अरू केही हुँदैन ।"[६] यसरी उनले वैयक्तिक विचार प्रतिपादनका निम्ति सहज र सरल अभिव्यक्ति प्रदान गरिने गद्यात्मक रचना विशेषलाई निबन्ध भनेका छन् ।

---

[३] महादेव अवस्थी, 'निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा' **कुञ्जिनी**, (वर्ष ६, अङ्क ४, २०५५), पृ. ३५ ।

[४] राजेन्द्र सुवेदी, पूर्ववत, पृ. ५ ।

[५] ऐजन, पृ. ५ ।

[६] रामलाल अधिकारी, **नेपाली निबन्ध यात्रा**, (दार्जिलिङ्ग : नेपाली साहित्य संचयिका, २०३२), पृ. १० ।

लक्ष्मीप्रसाद देवेकोटा- "यो रौंचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो टेबिल गफ मात्र हो, शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुड्किलो कुराकानी छ । जसको नाम प्रबन्ध (निबन्ध) हो ।"[७]

ईश्वर बरालले "निबन्ध एक किसिमको कुरा गराइ हो" भनी लेखकका मनमा भावनाहरूलाई स्वगत कथनका रूपमा उद्घाटित गराउने विधा विशेषका रूपमा निबन्धलाई चिनाएका छन् ।

रामलाल अधिकारीले "निबन्ध त्यो काव्य विधा हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान् हुन्छ । यसमा लेखकले उपदेशक नभई आत्मप्रकाशन कै लक्ष्यमा केन्द्रित हुनुपर्छ" भनी निजात्मक अनुभूतिलाई नै निबन्धका रूपमा लिएका छन् ।[८]

दयाराम श्रेष्ठले अन्तरङ्ग विचार र भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको सम्य र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध स्वीकारेका छन् भने हृदयचन्द्रसिंह प्रधान चाहिँ निबन्धमा आफ्नै मार्मिक कथा र अनुभव आफ्ना दोस्तलाई बताउँदै कुनै गन्तव्य स्थानमा गइरहेको जस्तो पाठकलाई पार्नुपर्छ भन्दछन् ।[९]

नेपाली बृहत् शब्दकोशले कुनै विषयमा सम्बन्धित मत विचार आदिको तुलनात्मक पाण्डित्यपूर्ण विवेचना गरिएको भावनायुक्त लेख नै निबन्ध हो भनी परिभाषित गरेको छ ।

उपर्युक्त परिभाषालाई हेर्दा निबन्ध गद्यमा लेखिएको आत्मप्रतिपादन गरिएको, काव्यात्मक गुणले भरिएको, सङ्क्षिप्त आकारमा सुगठित भएको शृङ्खलित तथा सरल

---

[७] लक्ष्मीप्रसाद देवकोटा, 'भूमिका', **लक्ष्मीनिबन्ध संग्रह**, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २०२० ।

[८] ऐजन ।

[९] ऐजन ।

र सम्यक चिन्तनलाई हार्दिकता र बौद्धिक पक्षको सन्तुलन गरेर प्रस्तुत गरिने रचना हो ।

## ३.२ निबन्धको वर्गीकरण र यात्रासाहित्य

सामान्यतया निबन्धलाई आत्मपरक र वस्तुपरक गरी प्रमुख दुई भेदमा विभाजन गर्ने गरिन्छ । यी दुई भेदका पनि विभिन्न उपभेदहरू हुन्छन् । आत्मपरक निबन्धलाई पनि विचारात्मक, भावात्मक र वैयक्तिक गरी विभाजन गरिएको पाइन्छ भने वस्तुपरक निबन्धलाई पनि निबन्ध र प्रबन्ध गरी दुई उपभेदमा छुट्याएको पाइन्छ । त्यसैगरी निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी विभाजन गरिएको पाइन्छ भने प्रबन्धअन्तर्गत लेख-प्रलेख, जीवनी, यात्रा, विवरण, टिप्पणी, सन्धिपत्र जस्ता विविध उपभेदमा वर्गीकरण गरिएको पाइन्छ ।[१०]

यसरी हेर्दा यात्रासाहित्यलाई वस्तुपरक निबन्धको प्रबन्ध भेदअन्तर्गत राखिएको यात्राविवरणसँग सम्बन्धित निबन्धको उपविधाका रूपमा प्रस्तुत गरिएको देखिन्छ । यात्रासाहित्य पनि निबन्ध विधा अन्तर्गत समेटिने भएकाले यसको पुर्खा निबन्ध नै हो । निबन्धको यो उपविधा यात्राकारले यात्रा गरेपछिका अनुभूतिहरूलाई कलात्मक ढंगले विविध स्वरूपमा प्रस्तुत गरेपछि तयार हुन्छ ।

## ३.३ यात्रासाहित्यको परिचय

### ३.३.१ पृष्ठभूमि

भाषाको उत्पत्तिसँगै साहित्यका विविध विधाहरू जन्मने र विकसित हुने परम्परा रहेको देखिन्छ । अझ सभ्यताको प्रारम्भिक प्रहरदेखि मानिसहरू एक स्थानबाट अर्को स्थानमा सर्दै जाने प्रचलन थियो । यस क्रममा उनीहरूले एक ठाउँमा देखे भोगेका कुराहरू अर्को ठाउँमा बसेका मानिसहरूलाई सुनाउने गर्थे यसरी हेर्दा यात्रा साहित्य लोकजीवनका मौखिक परम्परामा निकै अगाडिदेखि नै प्रचलित रहिआएको देखिन्छ । पछि आएर साहित्यका अन्य विधाजस्तै यस उपविधाको पनि प्रथमतः कथ्य र

---

[१०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १० ।

पछिल्लो समयावधिमा लेख्यविधा रूपमा विकास र विस्तार हुँदै आएको देखिन्छ । यसरी परापूर्वकालदेखि सैद्धान्तिक पक्षकाबारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले विवेचना गर्दै आएका छन् । सबै यात्राकारले आफूले देखेभोगेका अनुभवहरूको वृतान्त लेख्ने गर्दैनन् । जेजति लेखिएका छन् । तिनैलाई आधार बनाई यात्रासाहित्यको स्वरूप ठम्याउने प्रयास हुँदै आएको देखिन्छ ।

### ३.३.२ पूर्वीय साहित्यका सन्दर्भमा यात्रासाहित्य

पूर्वीय साहित्यमा ऋग्वेद, रामायण-महाभारतजस्ता ग्रन्थहरूमा प्रकृतिको यात्रा गर्ने ऋषि कविद्वारा अनेक सूक्तहरू र काव्य कविताहरू रचना गरिएको पाइन्छ । उपर्युक्त कतिपय ग्रन्थहरूमा यात्राका विभिन्न प्रसङ्गहरूको चर्चा पाइन्छ । यस्तै यात्रागत प्रसङ्ग र चर्चाहरूबाट नै पूर्वीय साहित्यमा यात्रासाहित्यको पृष्ठभूमि निर्माण भएको देखिन्छ ।[११]

### ३.३.३ पाश्चात्य साहित्यका सन्दर्भमा यात्रासाहित्य

पाश्चात्य साहित्यमा पसेनियसको हिलाडस परिजेजिस, स्यामुयल जोनसोनको अ जर्नि टु द वेस्टन आइसेल्स अफ स्कटल्याण्ड, रुडोल्फ रास्पको व्यास मञ्चसन जस्ता कृतिहरू यात्रासाहित्यका पृष्ठभूमिका रूपमा रहेका छन् भने यात्रासाहित्यको प्राथमिक उद्भवको प्रक्रिया पनि पाश्चात्य साहित्यबाटै थालिएको देखिन्छ ।[१२]

### ३.३.४ नेपाली साहित्यका सन्दर्भमा यात्रासाहित्य

नेपाली साहित्यमा हालसम्म प्राप्त प्राचीन यात्रावृतान्त राजा गगनिराजको यात्रा (१५५०) यात्रासाहित्यको पृष्ठभूमिका रूपमा रहेको छ । यस वृतान्तमा राजा गगनिराजलाई कल्याणकारी, दानी र भ्रमणमूलक व्यक्तित्वको रूपमा चिनाइएको छ । संरचनागत रूपमा सुगठित र वर्तमानमा प्रचलित नेपाली भाषाभन्दा पुरानो लेखाइका

---

[११] जानुका कुमारी, **जूनका पाइला** (त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६५), पृ.७ ।

[१२] वीरेन्द्र राई, **नेपाली नियात्रा परम्परामा घनश्याम राजकर्णिकारको योगदान,** (त्रि.वि. नेपाली विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०६१), पृ. १६-१७ ।

व्यहोराहरू उपयोग गरी तयार पारिएको प्रस्तुत कृति त्यति महत्त्वपूर्ण नभएपनि ऐतिहासिक दृष्टिले यसको विशिष्ट महत्त्व छ ।

यसपछि नेपाली यात्रासाहित्यमा **जङ्गबहादुरको बेलायतयात्रा** (१९१०) देखापर्‍यो । यसमा जङ्गबहादुरले १९०६ मा गरेको युरोप भ्रमणको यात्राको वर्णनलाई समेटिएको छ । यसले नेपाली यात्रासाहित्यको जग बसाल्नमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यस बेनामी कृतिमा स्तरीय भाषाशैलीको प्रयोग भएको देखिन्छ भने यसका विषयवस्तुको संरचना पनि सुगठित देखिन्छ । यसै पृष्ठभूमिमा नेपाली यात्रासाहित्यको परम्परा विकसित हुँदै आएको देखिन्छ ।

## ३.४ यात्रासाहित्यको परिभाषा

'यात्रासाहित्य' शब्दलाई हेर्दा यो शब्द 'यात्रा' र 'साहित्य' दुई शब्दको योगबाट बनेको देखिन्छ । यसमा यात्रासाहित्य भ्रमणवृत्तान्तको सोझो विवरणात्मक प्रस्तुति वा यात्राको स्थूल वर्णन मात्र नभएर साहित्यिक मूल्ययुक्त लेखन हुन्छ ।[१३]

नेपाली साहित्यका सन्दर्भमा यात्रासाहित्यलाई कसैले नियात्रा, कसैले यात्रावर्णन, कसैले यात्राभ्रमण, कसैले यात्रासंस्मरण, कसैले यात्रासाहित्य भनी नामकरण गरेको पाइन्छ । यिनै शब्दहरूको सेरोफेरोभित्र रहेर यात्रासाहित्यका बारेमा विभिन्न विद्वान्हरूले यसलाई परिभाषित गर्ने चेष्टा गरेका छन् ।

यात्रासाहित्यलाई निबन्धबाट छुट्टै राख्ने प्रयास बालकृष्ण पोखरेलको रहेको देखिन्छ । पोखरेलका अनुसार यात्रासाहित्य विवरणात्मक साहित्यको भेदका रूपमा देखापरेको भए तापनि यसले अचेल छुट्टै आफ्नो इलाका निर्माण गरिसकेको छ । जसलाई उनले 'नियात्रा' भन्दछन् । पोखरेलले यो 'नियात्रा' शब्द नेपालीयात्रा साहित्यका शिखरव्यक्तित्व तारानाथ शर्माका बाह्रवटा यात्रात्मक निबन्धहरूको सङ्ग्रह **बेलायततिर बरालिँदा** (२०२६) को भूमिका लेखनका क्रममा वि.सं. २०२५ मा गरेका हुन् ।[१४]

---

[१३] निर्मोही व्यास, 'नियात्रा साहित्यको सिर्जनात्मक स्वरूप', **मधुपर्क** (वर्ष ३७, अङ्क ४, पूर्णाङ्क ४२३, २०६१ भदौ), पृ. ५८ ।
[१४] ऐजन, पृ. ५७ ।

डा. ईश्वर बरालका अनुसार साहित्यिक कसीमा उत्तीर्ण हुने खालका भ्रमण वृत्तान्त नै यात्रासाहित्य वर्गका हुन्छन् । त्यसो हुनाले कोरा, ठाडा, खस्रा, चाम्रा, फुङ्गा भ्रमणवृत्तान्तका निम्ति रमणीयता, सौन्दर्यविभा, नन्दनतत्व तथा संस्मरणात्मकताका परिपाकले सिद्ध नभई नहुने कुरा हो ।[१५]

नियात्रालाई चिनाउने क्रममा तारानाथ शर्माले यात्रामा स्वयंयात्राकारको उपस्थिति, नयाँनयाँ स्थानमा भ्रमण, सो भ्रमणमा शिथिलता एवम् स्थगन नभई गतिशीलता हुनुका साथै भ्रमणमा उत्पादित निजात्मक अनुभूतिलाई पाठकहरूमा समेत उत्तिकै उत्सुकतापूर्वक सार्न सक्नुपर्छ भनी यात्रासाहित्यमा निजात्मकताका साथै गतिशीलतामा जोड दिएका छन् । उनी जुनसुकै यात्रावर्णनलाई नियात्रा स्वीकार्दैनन् । उनी नियात्रा (यात्रासम्बन्धी निबन्ध) लाई यात्रासाहित्यको प्रमुख विधाका रूपमा स्वीकार्दछन् ।[१६]

शरदचन्द्र शर्माका अनुसार यात्रावृत्तान्त कुनै सचेत व्यक्तिले देशदेशान्तरमा गरिएका यात्राको रोचक विवरण हो ।

यात्रा साहित्यलाई परिभाषित गर्ने क्रममा राजेन्द्र सुवेदीका अनुसार- यात्राकारले आफ्ना यात्राका क्रममा जोडिन आएका र यात्रासँग सम्बद्ध प्रसङ्गहरूलाई पाठकले अनुभव गर्न सक्ने अन्य अवस्था, स्थान र प्रसङ्गहरूमा जोडिन आएका अवान्तर विषयवस्तुलाई समेत यात्राविवरण भनिन्छ भनी उल्लेख गरेका छन् ।[१७]

ठाकुर पराजुलीले यात्रावृत्तान्त र नियात्रा भनी यात्रासाहित्यलाई दुई भेदमा छुट्टाएका छन् । उनले यात्रावृत्तान्तलाई मुख्यत यात्रात्मक इतिवृत्तको पूर्ण प्रस्तुति अनि नियात्रालाई चाहिँ यात्राको प्रासङ्गिक सन्दर्भबाट उद्भूत स्वानुभूतिपरक चिन्तन भएको व्यक्तित्वप्रधान लेखन मानेका छन् ।

---

[१५] ऐजन, पृ. ५६-५७ ।

[१६] तारानाथ शर्मा 'नियात्रा : अनुभूति र गतिमयताको अब्बल लेखन', **मधुपर्क** (वर्ष ३७, अङ्क ४, पूर्णाङ्क ४२३, २०६१), पृ. ३९-४० ।

[१७] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि** (काठमाडौं : साझा प्रकाशन तेस्रो संस्करण, २०५८), पृ. ४१ ।

निर्मोही व्यासका अनुसार- यात्रासाहित्य सृजनात्मक गद्य लेखनको एक महत्त्वपूर्ण भेद हो र यो निजात्मक निबन्धबाट विकसित स्वतन्त्र र लघुकाय लेखन हो । यसमा सृजनशील लेखक यात्रीले कुनै यात्राका क्रममा आफू स्वयम्ले देखे-भोगेका विविध दृश्य, घटना प्रसङ्ग र सँगालेका अनुभव अनुभूतिपुञ्जलाई निजात्मक रङ्गले रङ्गाएर आत्मपरक ढङ्गबाट रोचक शैलीमा लिपिबद्ध गरेको हुन्छ ।[१८]

नेपाली समालोचकहरूका उपर्युक्त भनाइहरूलाई हेर्दा यात्रासाहित्य भन्नाले कुनै पनि चिन्तनशील, साहित्यिक यात्रीले यात्राका क्रममा देखे भोगेका अनुभव गरेका, स्थानीय परिवेशका भौगोलिक, धार्मिक, साँस्कृतिक,सामाजिक, राजनैतिक जस्ता विविध पक्षहरूलाई स्मृतिपुञ्जमा थन्क्याएर पछि आत्मानुरागले रङ्गाउँदै कलात्मक पाराले सिलसिलेवार रूपमा कवितात्मक, आख्यानात्मक तथा निबन्धात्मक जस्ता रूपमा पाठक सामु प्रस्तुत गर्नुलाई यात्रासाहित्य भनिन्छ ।

## ३.५ यात्रासाहित्यका तत्त्वहरू

साहित्यका विभिन्न विधाहरूका आ-आफ्ना मौलिक तत्वहरू हुन्छन् । एक विधाबाट अर्को विधालाई छुट्टाउने मुख्य आधार नै त्यस विधामा प्रयुक्त तत्वहरू हुन् । साहित्यका अरू विधामा झैं यात्रासाहित्यका पनि आफ्नै मौलिक तत्वहरू हुन्छन्, जसलाई यसप्रकार विवेचना गर्न सकिन्छ ।

### ३.५.१ भ्रमण अथवा यात्रा

यात्रासाहित्यमा यात्रा वा भ्रमण नै मूल विषयका रूपमा उपस्थित हुन्छ । जुनसुकै माध्यमबाट भए पनि यात्रासाहित्यकारले यात्रा गरेकै हुनुपर्छ । यस्तो यात्रामा गतिशीलता हुन्छ नै । यात्रासाहित्य वास्तविकतामा आधारित हुनुपर्छ । स्वप्निल वा काल्पनिक, पढेको वा सुनेको भन्दा वास्तविक रूपमा गरिएको यात्राको वृत्तान्तमूलक प्रस्तुतिबाट यात्रासाहित्य सृजित हुन्छ । यसमा काल्पनिक वर्णनको औचित्य हुँदैन । यात्रासाहित्यकारले यात्रा गर्दाका वृत्तान्त र त्यससँग अन्तर सम्बन्धित परिस्थितिलाई

---

[१८] निर्मोही व्यास, पूर्ववत्, पृ. ५६ ।

निबन्धात्मक रूपमा व्यक्त गर्ने हुँदा यो भ्रमण या यात्रा, यात्रासाहित्यका लागि अनिवार्य देखिन्छ ।

### ३.५.२ सृजनशील भ्रमणकर्ता

यात्रासाहित्यको अर्को अनिवार्य पक्ष सृजनशील भ्रमणकर्ता हो । यात्रासाहित्यको लेखन प्रंक्रियामा यात्राकारको उपस्थिति सुरुदेखि अन्त्यसम्म नै रहन्छ । यात्रासाहित्यको केन्द्रीय पात्र पनि भ्रमणकर्ता नै हुन्छ । यात्राकारका सहयात्री एवं यात्राको परिवेशमा प्रकट भएका अन्य यात्राहरू यात्रासाहित्यका सहायक एवम् गौण पात्र हुन्छन् । यात्रासाहित्यमा भ्रमणकर्ता सिर्जनशील हुनुपर्छ त्यही भ्रमणकर्ताको सिर्जनशील क्षमताले यात्रा अवधिका स्थानीय परिवेशका विभिन्न पाटाहरूलाई रङ्गाएर पाठकसामु प्रस्तुत गर्दछ । अतः सिर्जनशील भ्रमणकर्ता यात्रासाहित्यको अनिवार्य तत्त्वका रूपमा रहने देखिन्छ ।

### ३.५.३ परिवेश

यात्रासाहित्यको महत्त्वपूर्ण तत्वहरू अन्तर्गत परिवेश पनि पर्दछ । परिवेशले देश काल र वातावरणलाई बुझाउँदछ । यात्रासाहित्यमा परिवेश पनि अनिवार्य रूपमा उपस्थित भएको हुन्छ । यस अन्तर्गत यात्राकारले यात्राअवधिभरि यात्रारत स्थलहरू, त्यहाँका समाज, भेषभूषा, संस्कृति, बोलीचाली, प्रकृति आदि समेटिन्छन् । यात्राकारले शून्यमा रहेर यात्रासाहित्य रचना गर्न सक्दैनन् । त्यसमा समेटिने परिवेश पनि काल्पनिक या स्वप्निल परिवेश नभई जीवन र जगतका वास्तविक र यथार्थसँग सम्बद्ध हुन्छ ।

### ३.५.४ आख्यानात्मकता

यात्रासाहित्य सूक्ष्म र रमरम आख्यानमा आबद्ध हुन्छ । जुन यात्राकार स्वयम्द्वारा भोगिएको हुन्छ । उपन्यास, महाकाव्य कथाको आख्यान जस्तो कल्पनामा आधारित नभई यात्रासाहित्यको आख्यानले जीवनका भ्रमण पक्षलाई यथार्थमा आधारित भई व्याख्यात्मक रूपमा समेट्छ । यात्रा अवधिभर घटेका घटना र भोगेका अनुभूति

एवम् लेखकीय व्यक्तित्व वा चरित्र यात्रासाहित्यका आख्यानात्मकतासँग आबद्ध हुन्छन्। यात्राकार यात्रारत अवस्थाको अनुभव, दृष्टिकोण र अभिरुचि यात्रासाहित्यमा अभिव्यक्त हुँदा यसमा उसको स्वभावगत चारित्रिकता पनि झल्किन्छ र रमरम आवख्यानात्मकता उद्घाटित हुन्छ । जसले यात्रासाहित्यलाई सजीव तुल्याउँछ । यही रमरम आख्यानात्मकताले पाठकीय कुतूहलता बढाउँछ र आस्वद्यता सृजना रचना गर्छ ।

### ३.५.५ चित्रात्मकता

चित्रात्मकता यात्रासाहित्यको अर्को आवश्यक तत्त्व हो । यात्राकारले यात्रा गरेको ठाउँ र परिवेशको प्राकृतिक, सांस्कृतिक, राजनैतिक तथा भौगोलिक दृश्य, परिदृश्यलाई सिलसिला मिलाई वर्णन व्याख्या गरिरहँदा त्यसबाट पाठक आफैं उक्त स्थलमा पुगेको जस्तो अनुभव गर्छ । यही नै यात्रासाहित्यले सृजना गर्ने चित्रात्मकता हो । यात्रासाहित्य लेखकको निजात्मक प्रस्तुति भएको हुनाले लेखकीय अभिरुचि, दृष्टिकोण र व्यक्तित्वको चित्र पनि यात्रासाहित्यमा अङ्कित हुन्छ ।[१९]

### ३.५.६ उद्देश्य

जुनसुकै साहित्यिक विधाको कुनै न कुनै उद्देश्य रहेको हुन्छ । त्यस्तै यात्रासाहित्यिक रचनाको पनि कुनै न कुनै उद्देश्य हुन्छ । यात्रावधिमा आफूले देखे भोगेका अनुभवलाई आफूमा मात्र सीमित नराखी पाठकसामु व्यक्त गर्नु नै यात्रासाहित्यको मूल उद्देश्य ठहर्छ । यात्राकारले यात्राकालमा भोगेको शारीरिक, मानसिक कष्ट आनन्द, ज्ञान वा अनुभव पाठक सामु प्रस्तुत गरी पाठकलाई जानकारी गराउनु नै यसको मुख्य उद्देश्य ठहर्छ ।

---

[१९] जमुना कुमारी, पूर्ववत्, पृ. १२ ।

### ३.५.७ भाषाशैली

यात्रासाहित्य गद्यका साथै पद्यमा लेख्ने परम्परा रहेको छ तापनि यो गद्यमा लेखिन्छ । आधुनिक यात्रासाहित्यमा मूलतः गद्यभाषाको प्रयोग गरिन्छ । यात्रासाहित्यलाई आकर्षक, स्पष्ट र सरस बनाउनको निमित्त त्यसमा प्रयोग गरिने भाषाशैली सरल हुनु आवश्यक छ । यात्राकारले यात्राकालमा टिपेका अनुभवका टिपोटहरूलाई यात्रासाहित्यका रूपमा प्रस्तुत गर्दा भाषाशैलीको आवश्यकता पर्दछ । यात्राकारले जति कुशलतापूर्वक सरल, सरस र सहज भाषाशैलीको प्रयोग गर्न सक्छ त्यति नै यात्रासाहित्य प्रभावकारी बन्दछ । भाषाशैली नै अभिव्यक्तिको माध्यम भएको हुनाले यसलाई यात्रासाहित्यको अनिवार्य तत्त्वका रूपमा लिइन्छ ।

## चौथो परिच्छेद

# घटराज भट्टराईका यात्रासाहित्यिक कृतिहरूको विवेचना

## ४.१ 'डोल्पाकी छोटी' को विवेचना

### ४.१.१ लेखन तथा प्रकाशनको पृष्ठभूमि

**डोल्पाकी छोटी** घटराज भट्टराईद्वारा लेखिएको यात्रासंस्मरणात्मक कृति हो । यो २०३४ सालमा राष्ट्रिय विकास सेवामा खटिएका स्नातकोत्तर स्तरीय विद्यार्थीहरूको निरीक्षक भई जाने क्रममा कर्णाली अञ्चलको ठूलो जिल्ला, अझ भनूँ भौगोलिक क्षेत्रका हिसाबले नेपालकै ठूलो जिल्ला डोल्पाका कतिपय स्थानमा गरेको भ्रमणमा आधारित छ । विकट हिमाली क्षेत्र डोल्पाको वस्तुस्थिति सामान्यतः यसमा चित्रित भएको छ । डोल्पालीहरूको जनजीवन के-कसरी व्यतीत भइरहेको छ भन्ने कुरा यस कृतिबाट बुझ्न सकिन्छ । काठमाडौंलाई मात्रै नेपाल हो भन्ठान्ने नेपालीहरूका लागि **डोल्पाकी छोटी** यात्रासंस्मरणात्मक कृतिले नेपालको वास्तविक धरातल बुझ्न सघाएको छ । काठमाडौंबाट नेपालगन्ज हुँदै पुनः काठमाडौं फर्केसम्मको २०३४ साल फागुन १२ देखि चैत्र ९ गतेसम्मको करिब २७-२८ दिनको समयावधि यसमा समेटिएको छ । मानिसको जीवन जसरी गुजाऱ्यो त्यसरी नै गुज्रँदोरहेछ भन्ने आशय यस कृतिले बोकेको छ । उकाला ओरालाहरू, हिमाली पहाडी, वातावरण, हिउँको बर्सात र चुनौती नवीन मनका जोस् र जाँगरहरू, राष्ट्रिय विकास सेवामा कार्यरत विद्यार्थीहरूको हिम्मत, डोल्पाली जनजीवनका रहनसहनहरू बुझ्नलाई यो कृतिले सहज बनाइदिएको छ । त्यहाँको हिमाली दृश्यको कतै प्रत्यक्ष भोगाइद्वारा र कतै वर्णनद्वारा नै भए पनि जो कोही पाठकले अनुभव अवलोकन गर्ने मौका पाउँछन् यात्राकार भट्टराईले देखे भोगेका यात्रानुभव र प्राकृतिक छटाहरूका सुन्दर दृश्यहरूले यो कृति लेख्नमा प्रोत्साहन मिलेको देखिन्छ । यो कृति डोल्पा जानेहरूलाई मार्गदर्शक र गइसकेकाहरूका लागि पुनः स्मरणको माध्यम बन्न सक्छ । यिनै विविध कुराहरूलाई आत्मसात गरी २०३४ सालमा तयार पारिएको यात्राकार भट्टराईको यस संस्मरणात्मक कृतिलाई उनकै श्रीमती प्रभा भट्टराईले २०३९ सालमा प्रकाशमा ल्याएको देखिन्छ ।

### ४.१.२ शीर्षकविधान

**डोल्पाकी छोटी** कृतिको विषयवस्तु डोल्पाको वातावरणमा केन्द्रित छ । डोल्पाको भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक वातावरणको चित्राङ्कन गर्दै प्रस्तुत कृति तयार भएको छ । डोल्पाकी छोटी भन्नाले डोल्पाकी अविवाहित युवती भन्ने बुझिन्छ । डोल्पाली समाजमा अविवाहित युवा युवतीहरू छोटी बस्ने परम्परा र प्रचलन रहेको छ । छोटी वस्नुको तात्पर्य युवायुवतीहरू फुर्सतका बेलामा एक ठाउँमा भेला भई नाच-गान र ठट्टा-रमाइलो गर्नुका साथै प्रत्यक्ष वा परोक्ष रूपमा प्रणय सम्बन्ध सुरु गर्नु पनि हो । त्यहाँ छोटी बस्दा बस्दै कतिपय युवायुवतीहरू दाम्पत्य जीवनमा पनि आबद्ध हुन पुग्छन् । यही परम्परालाई सङ्केत गर्दै यात्राकार भट्टराईले आफ्नो संस्मरणात्मक कृतिको नाम नै **डोल्पाकी छोटी** भनेर जुराएका छन् । अभिधात्मक अर्थमा शीर्षक उपयुक्त देखिन्छ । लाक्षणिक अर्थमा छोटी जस्तै राम्रो प्रकृतिको सुन्दरताको वर्णन पनि यसमा छ । डोल्पाको प्राकृतिक सुन्दरतालाई 'छोटी' को माध्यमबाट सङ्केत गरिएकाले लाक्षणिक अर्थमासमेत शीर्षक सार्थक एवम् उपयुक्त बन्न पुगेको छ ।

### ४.१.३ संरचना

कृतिको साङ्गोपाङ्गो रूप संरचनाअन्तर्गत पर्दछ । कृतिको संरचनाले त्यसको बनावटलाई जनाउँछ । **डोल्पाकी छोटी** कृतिलाई हेर्दा यो जम्माजम्मी डिमाइ साइजका ५४ पृष्ठमा विस्तारित छ । यसभित्रको सामग्रीलाई विभिन्न शीर्षक उपशीर्षकहरूमा छुट्याइएको छैन । तर १, २, ३ आदि अङ्कद्वारा सामग्रीहरूको व्यवस्थापन गरिएकाले ती अङ्कमार्फत् यसका परिच्छेदहरूतर्फ सङ्केत गर्न खोजिएबाट प्रस्तुत कृति अङ्क १ देखि अङ्क १३ सम्मका परिच्छेदहरूमा पूर्ण भएको देखिए तापनि यात्राकार भट्टराईले परिच्छेद ४ उल्लेख नगरी एकैचोटि पाँचौं परिच्छेदमा आफ्ना यात्रानुभवहरूलाई समेटेका हुनाले प्रस्तुत कृति १२ परिच्छेदमा पूर्ण भएको देखिन्छ ।

### ४.१.४ परिच्छेदगत मुख्य विषयसन्दर्भ

**डोल्पाकी छोटी** एउटै पुस्तकाकारका रूपमा प्रकाशित भएको छ । डोल्पाका विभिन्न स्थानहरूमा गरेको यात्रालाई भिन्नभिन्न शीर्षक उपशीर्षकमा नछुट्याएर अङ्क १ देखि अङ्क १३ सम्म विभाजन गरी प्रस्तुत गरिएको छ । यिनै अङ्क १ देखि अङ्क १३ सम्म प्रस्तुत गरिएका प्रमुख विषय सन्दर्भहरूबारे क्रमशः निम्नानुसार चर्चा गर्न सकिन्छ :

**खण्ड–१ :**

काठमाडौंमा डोल्पा जाने योजना बनेदेखि नेपालगन्जसम्म पुग्दाका विषयवस्तुका प्रसङ्गको वर्णनबाट खण्ड १ बनेको छ । यसै सन्दर्भमा यात्राकार घटराज भट्टराई र डोल्पा पुगेर फर्किएका उनका साथी बीच भएको संवादबाट सुरु भएको यस खण्डमा डोल्पा भोगेर आएका साथीले डोल्पा दुर्गम, खानबस्नको, लुगाफाटाको कठिनाइ भएको, हाडे ओखरको गुदी निचोरेर तेल निकाली भुटुनु खानुपर्ने, तेल चामलको अभाव रहेको हुनाले अति दुःखदायी तर प्राकृतिक सौन्दर्यले भरिपूर्ण डोल्पा भट्टराई जस्ता लेखकका लागि प्रेरणादायी हुने बताएको प्रसङ्ग उल्लेख गरिएको छ । यात्राकार घटराज भट्टराई साथीका कुराले कत्ति पनि विचलित नभई डोल्पा पनि नेपालको स्थान भएको नेपाली नै रहेको, त्यहाँ सरकारी कर्मचारी पनि रहेकाले उनीहरूको जे हालत मेरो पनि उही भन्दै आफू त्यहाँ जान तम्सिएको उल्लेख गरेका छन् । आफ्ना मित्रको कुराबाट जिज्ञासु बनेका भट्टराई डोल्पामा दश महिनासम्म बसेर सेवा गर्न उत्साहित नौजना छात्रहरूसँग जान तयार भएका देखिन्छन् । हवाइ टिकटका लागि तत्कालीन शाही नेपाली वायुसेवा निगममा गएर बुझ्दा मौसम अनुकूल नभएको, अझै पन्ध्रदिन जति डोल्पामा उडान दिन नसकिने कुरा निर्देशक तुलसीरामले जानकारी गराएको देखिन्छ । भोलिपल्ट राष्ट्रिय विकास सेवा निर्देशनालयमा भेला भएका शिक्षक र विद्यार्थीहरूका बीच भएको छलफलमा लामो समय काठमाडौंमा नै रहनु परेमा उद्देश्यअनुरूप कार्य गर्ने जोश र जाँगर सेलाउने

विद्यार्थीहरू बताउँछन् । विद्यार्थीहरूको इच्छा र आग्रहअनुसार अन्तको उडान स्थगित गरेर भए पनि चाँडै उडान मिलाइदिने महाप्रबन्धकको आदेश अनुसार फागुन १२ गते मिति तय भएको, प्रेमिका, बाबुआमा, दिदीभाइ, पत्नी आदिसँग १० महिनाको लागि बिदा मागी आएका ६ जना र आफू ४:१५ बजे विमान चढेको, विमानबाट देखिने विभिन्न दृश्यहरू हेर्दै पशुपति, गुहेश्वरी, आदि देवीदेवतासँग शुभयात्राका लागि आशीर्वाद माग्दै डाँडा-काँडा, वन-पाखा, पहाड-खोल्सा, खोलानाला हेर्दै कर्णाली तथा भेरी नदी माथिबाट नेपालगन्ज सम्मपुगेको विषयसन्दर्भ यस खण्डमा समेटिएको छ ।

**खण्ड–२ :**

नेपालगन्जको खजुरा विमानघाटबाट नेपालगन्ज बजार गई त्यहाँको वातावरण, यातायातका साधन, त्यहाँको बजार, राष्ट्रिय विकास सेवाका विद्यार्थी निरीक्षकसँगको भेटघाट र कुराकानीपछि पुनः खजुरा विमानघाटको बुकिङ्ग गरेको होटलमा पुगे सम्मको विषयवस्तुले यस खण्डलाई समेटेको छ ।

यात्राकार र रा.वि.से.का विद्यार्थीहरू गरी १० जनाको टोली पाँच पाँच जनामा बाँडिएर नेपालगन्ज बजार जान टाँगामा यात्रा गर्दै दायाँबायाँका आँपका रुखहरू, कच्ची तथा पक्की घरहरू, टाँगा-रिक्सा, गोरु-गाडा, भैंसी-गाडाहरूले व्यस्त सडक हेर्दै गोरु, मान्छे, भैंसीप्रति सहानुभूति देखाउँदै अगाडि बढेको प्रसङ्ग उल्लेख गरेका छन् । त्यस्तै सडकका दायाँबायाँका चामल, तरकारी, फलफूल, मिठाइ, चियाचमेना पसलहरू हेर्दै जाँदा व्यस्त नेपालगन्ज हेर्दै र रुनु, खानु, पढ्नु, काम गर्नु, व्यवहार धान्नु, सब व्यस्तताकै परिभाषाभित्र अटाउने ठान्दै भट्टराई संसारलाई सदाका लागि बिर्सेर नगएसम्म यस्तै व्यस्त हुने ठान्छन् । नेपालगञ्ज बजारको भ्रमण सकेर खजुरा फर्कने बेलामा त्यस क्षेत्रमा खटिएका रा.वि.से.का नयाँ विद्यार्थी र सुपरीवेक्षकहरूसँग भेटघाट र भलाकुसारी गर्दा सार्वजनिक भलाई भन्दा निजी स्वार्थ बलियो हुने, शिक्षित र अशिक्षित भन्दा अर्धशिक्षित खतरानाक हुने कुराको आदानप्रदान गरिएको देखिन्छ । यसै सन्दर्भमा नेपालगन्ज महंगो भएको, स्थानीय तवरबाट सहयोग नमिलेको खाने बस्नेको

सुविधा नभएको कारणले नेपालगन्ज जस्तो सुगम स्थान भन्दा दुर्गममा सेवा गर्न रमाइलो हुने कुरा त्यहाँका राविसेहरूले बताएको प्रसङ्ग आएको छ । रातको १० बजे चियानास्ता गरी प्रहरीको सहोगमा पाएका पाँचवटा रिक्सामा सुनसान सडकमा खजुरा फर्कदा, यसरी रातविरात एक्लै हिड्न खतरा हुने रिक्सावालाले बताउँदा झसङ्ग भएका भए पनि यात्राकार १० जना भएकाले ढुक्क भएका देखिन्छन् । यतिकैमा चारजना केटा र दुईजना केटी सडकमा देखिँदा लुटेरा हुन कि भनी मन ढक्क भए पनि मदिराले लठ्ठिएको स्वर सुनेपछि रसरङ्गमा भुलेका रहेछन् भनी ढुक्क हुँदै खजुरा आई पुगेको देखिन्छ । खजुरा विमानघाटको आफूले सामान राखेको होटलमा आई खाना खाएपछि त्यहाँ ओढ्ने ओछ्याउने सामान अभाव भएपछि आफूसँग भएका कपडाहरू ओढी, ओछ्याई कष्टकर रात बिताएको सन्दर्भ पनि उल्लेख गरेका छन् । विहानको उज्यालोसँगै उठी चियाखाजा खाई विमान आएपछि बझाङ् जाने यात्रहरू ओराली मौसम अनुकूल समय पारी पहिला जुफाल जाने यात्रुहरू बोकी ९ बजेको समयमा विमान उत्तरतिर गएको पाइन्छ । यात्राकार विमानबाट नेपालगन्ज, सुर्खेत राजमार्ग, सुर्खेत उपत्यका, रुकुम, जाजरकोट र पहाडी दृश्यहरू हेर्दै, दजनौं हिमाली चुचुराहरू पार गर्दै भेरी नदी, हिउँ नै हिउँका पहाडहरू र थोरै मात्र गाउँ भएकादृश्यहरू हेर्दै र मन आत्तिदै जुफालमा पुगेको विषय प्रसङ्गसँगै यो खण्ड सकिएको छ ।

**खण्ड–३ :**

जुफाल विमानघाट ओर्लिई त्यहाँको वातावरणीय स्थिति, त्यहाँका मानिसको लवाइखुवाइ, सामाजिक स्थिति र परिस्थिति, त्यहाँका सांस्कृतिक चालचलन सदरमुकाम दुनैको सरकारी कार्यालय, कर्मचारीहरूका बारेमा बुझ्दै एक हप्ताको दुनै बसाइ, भौगोलिक, प्राकृतिक जानकारी लिँदै माझफाल पुग्दा सम्मको परिवेशमा यो खण्ड सिर्जित रहेको देखिन्छ ।

यात्राकार भट्टराई जुफाल विमानघाटमा ओर्लिई, त्यहाँको वातावरणमा मख्ख पर्दै त्यहाँका मानिसको लवाइखुवाइ आदि देखेर कोलम्बसले सुरुमा भेटेको वैज्ञानिकता, आधुनिकता र सभ्यताविहीन अमेरिका जस्तै जुफाललाई पनि त्यस्तै ठानी एकछिनका लागि कोलम्बस भएको अनुभव गरेको प्रसङ्गलाई कोट्याएका छन् । प्रहरीसँग दुनै पुग्न लाग्ने समय र भरियाका बारेमा बुझी बन्दोबस्त मिलाउनको लागि खाना खान ५, ७ मिनेटको हिँडाइपछि एक होटलमा पुगेका देखिन्छन् । खाना खाने विषयमा चर्चा चल्दा होटलमा केही पनि नभएको तर अर्डरमा खाना बनाउन सकिने आश्वासन पाएपछि १० जनालाई खाना तयार गर्दा त्यत्तिका जनालाई पुग्ने चामल नभएको भन्दै पन्छिन खोजे पनि खोजीमेली उसिना र चिनोको भात, सिमीको दाल तथा १, २ चाना आलुको तरकारी उपलब्ध गराएको, तरकारी थप्न खोज्दा सिमीको चोक्टा र दालथप्न खोज्दा सिमीको झोल दिएको प्रसङ्गले त्यहाँ खड्किएका खानाको अभावका बारेमा यात्राकारले जानकारी दिएका छन् ।

त्यहीँ राष्ट्रिय विकास सेवा कार्यक्रममा सहभागी भएका भगवतीकुमार काफ्लेसँगको भेटघाट र कुराकानीबाट डोल्पामा भेडाबाखा परिवहनका साधन भएका, मासु खानु परे तथा बली दिनु परे बुढा भेडा-भेडी तथा बाखा-बाखीको प्रयोग गरिने, स्थानीय उब्जनीले तीन महिना जति पनि खान नपुग्ने भएको हुनाले खाद्यान्नको अभाव, खाद्यान्न प्राप्तिका लागि ठूलै सोर्सफोर्स लगाउनुपर्ने जस्ता कुराको जानकारीबाट अचम्मित परे पनि बलीका लागि बुढा भएका बाखा-बाखी, भेडा-भेडी तयार पार्दाको कुरा भने बलीको अर्थ मुक्त हुनु वा छुटकारा मिल्नु लगाउँदै सकारात्मक सोच राख्दै अगाडि बढेको पाइन्छ ।

भेरी नदीका किनारैकिनार चार घण्टाको बाटो हिँडी दुनै पुगेपछि त्यहाँका सरकारी कार्यालयमा पुगी स्थानीय रा.वि.से.का विद्यार्थी, प्र.जि.अ. सँग भेटी परिचय तथा कुराकानीबाट खाना खाने होटल तथा नयाँ रा.वि.से.का विद्यार्थीका लागि बसोबासको प्रबन्ध मिलाएका छन् । साँझमा होटलमा जाँदा कर्मचारीहरू मदिरामा डुबेको देखी यात्राकारले बुझ्न खोज्दा परिवार नभएका, जाडो भएको, परिवार ल्याएर राख्दा खान बस्नको समस्या तथा सन्तान बढ्दै जाने, परिवार नियोजनका सामान

प्रयोग गर्ने झन्झट गर्नु भन्दा मनोरञ्जन र जाडो छल्न मदिराको प्रयोग तथा छोटी बस्न जाने जवाफबाट अचम्म मान्दै आँगाको अचार, सिमीको दाल र उसिना चामलको भात खाएका प्रसङ्गबाट यात्राकार भट्टराई त्यहाँका कर्मचारीको कारुणिक स्थिति र परिस्थितिलाई औंल्याउन समेत सफल देखिएका छन् । दुनैको सात दिने बसाइका क्रममा राविसे पुण्यप्रसादलाई व्यवस्थित गर्ने उद्देश्यले दुनैको हिमाली दृश्यलाई दृष्टिगत गर्दै एक जना भरियासहित आफू र पुण्यप्रसाद माझफाल गाउँतर्फ लाग्छन् । पवित्र नदी ठूली भेरीको तीरैतीर हिँड्दै भरियाका माध्यमबाट स्थानीय रुख बुट्यान (लोठो जुन काँचै पनि हुर्हुरी बल्छ) हरूको जानकारी लिँदै तीनघण्टाको तीर यात्रालाई उकालो तर्फ डोहोऱ्याउँदै भोक र थकाइका साथ बिना गाउँको उकालो बाटो पहिल्याएको प्रसङ्ग चित्रित गरेका छन् । उकालो बाटोका बीचमा सुनसान ठाउँमा दुई घर देखेपछि खान र बिसाउनको ध्येयमा एउटा घरमा पुग्दा बिरामी छोरो अगाडि सुताएर बसेका वृद्धबृद्धासँग भेट गरेको, परिचय भएपछि बुढाबुढीले फेरुवा विच्छाइदिएको, यात्राकारले झोलामा रहेको खोकी र ज्वरोको औषधी दिँदै विरामीलाई अस्पताल नलग्नाको कारण सोध्दा कामले नभ्याएर भनेको, लागेको पैसा दिने भन्दै खाजाको प्रबन्ध मिलाइदिन आग्रह गर्दा लकर (फापर र मकैको बाक्लो रोटी) भए दिने नभए केही छैन भन्दा लकर खाने हिम्मत नभई पुनः एक धान मकैं भुटिदिन आग्रह गरेको र औषधीका गुनले गाह्रो मान्दै भएपनि भुटिदिएको जस्ता प्रसङ्गबाट यात्राकार डोल्पाको अभाव, बाध्यता र अज्ञानताबारे बुझ्दै पाठकलाई समेत सोबारेमा परिचित गराउँछन् । भोक र थकाइले लखतरान यात्राटोली स्थानीय रुखविरुवा चराचुरुङ्गी, भीरपाखासँग जुध्दै, रम्दै हिडेपछि १२ हजार उचाइको लाङ्ना भञ्ज्याङ्मा पुग्दछन् । साँझ परिसकेको हुनाले माझफाल पुग्न नसकिने भरियाबाट बुझेपछि लाङ्ना भञ्ज्याङ्कै नजिकको गाउँमा बास बस्ने निधो गर्दछन् । बास बस्ने क्रममा कासोले सताएको बिरामीको घरमा पुग्छन् । डोल्पाली शैलीका घरको अवलोकन गर्दै बिरामीलाई खोकीको औषधी दिँदै मकै भुटिदिन र आलुको तरकारी पकाइदिन अनुरोध गरेपछि औषधीका गुनले माग अनुसारको खाना तयार पारिदिएको र सोही खाएर

आराम गर्न लाग्छन् । बुढाबाट त्यहाँको आधारभूत आवश्यकताका कुराहरू नुन, तेल, लत्ताकपडाको बन्दोबस्त गर्न नेपालगञ्ज गएर बजार गरी आउन करिब २५ दिन लाग्ने थाहा पाएका यात्राकार दुःखी हुन्छन् । चिसोको समय, लुगाफाटोको अभावले यात्राटोली निदाउन नसकेपछि भरियाको आग्रहमा छोटी बस्न गएर त्यहाँको छोटी परम्पराको जानकारीसमेत यात्राकारले दिएका छन् । भोलिपल्ट पुनः ५ बजे बाटो लाग्दै बाटोमा देखिएका आलुको बीउ बारीमा नै राख्ने, चोरी नहुने, जौ पाक्न एघार महिना लाग्ने जस्ता कुराकानीको ज्ञान भरियाबाट लिँदै माझफाल आइपुगेसम्मको प्रसङ्गमा यो खण्ड सकिएको छ ।

**खण्ड–४ :**

खण्ड चार छुट्ट्याइएको छैन ।

**खण्ड–५ :**

माझफालको प्राकृतिक सौन्दर्य, स्थानीय विद्यालय तथा विद्यार्थीहरूको स्थिति, धामीका प्रकार, बुद्धको मूर्तिको प्रसङ्ग, गाउँका विभिन्न विकासका बारेमा कुराकानी, सरकारको सवारी, डोल्पाको भोट क्षेत्र, सरकारसँगका कुराकानीका सेरोफरोमा यो खण्ड संरचित छ ।

कुल्टाद्वारी र नेपाने हिमालको छायाँ पर्ने, चारैतिर रमणीय हिमाली दृश्यहरू भएको हरियाली धर्ती, भेडा-बाखा, गाई-भैंसी घाम तापेर बसिरहेका, स्वर्गको एक टुक्रा झैं रमणीय माझफाल गाउँको चर्चा यात्राकारले गरेका छन् । प्रधानपञ्चसँग परिचय भएपछि यात्राकारले विद्यालय र गाउँघरको वस्तुस्थिति बुझ्दै विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या १०/८ जना भए पनि सबै उपस्थित नहुने, कामले छिट्टै माम दिने र पढाइबाट तत्काल फाइदा नहुने भएको हुनाले पढाइमा आकर्षित गर्न नसक्ने, डोल्पाभरिमा जम्मा ५/७ जनाले एस.एल.सी. पास गरेका, शिक्षकहरू तीनजना भएका र उनीहरूलाई खानाको व्यवस्था पालैपालो गरेर गाउँलेले नै गर्ने गरेका जस्ता शिक्षाका गतिविधिबारे जानकारी लिएको पाइन्छ । प्रत्येक घरमा अवस्थित सेता

झण्डाहरूलाई इङ्गित गर्दै उत्सुकता जनाएका यात्राकारलाई जानकारी गराउँदै धामी हुने घरमा सेता झण्डा राख्नुपर्ने, आफू पनि एउटा धामी भएको, बुद्धधर्मावलम्बी भएका कारणले सेतो शान्तिको प्रतीक मान्दै राखेको, भन्दै एउटै ढुङ्गाबाट बनेको ठूलो बुद्धको मूर्ति देखाउँदै प्रधानपञ्चले प्रष्ट पारिदिएको प्रसङ्ग पनि उल्लखित छ । यस्तै विषयसन्दर्भहरूको बारेमा छलफल कुराकानी गर्दै गाउँमै धान चामलको अभाव रहेको जानकारी गराउँदै गहुँको लुखारोटी र तरकारीले यात्राकारको स्वागत गरेको प्रसङ्ग पनि आएको देखिन्छ । यात्राकार भट्टराई राविसे घिमिरेजीलाई बस्ने प्रबन्ध मिलाएर त्यहाँबाट त्यसै दिन लारागाउँतर्फ प्रस्थान गरेको देखिन्छ ।

बाटोमा कन्दमूल खोज्न निस्केका १०, ८ जना आइमाईसँग कुराकानी गर्दै यात्राकार लारा गाउँ पुग्दछन् । लारामा भुटुनको अभाव टार्न ओखरको पोला निकाली रहेकी आइमाईसँग केही पोला किनेर खाँदै र पोला निकाल्ने विधि सिक्दै अगाडि बढ्ने क्रममा जीवन धान्न गरिएको वैकल्पिक उपायको चित्रण गर्ने प्रयासगरेका छन् । जुफाल पुगी राविसे, भगवती कुमार काफ्लेसँग भेटी त्यो रात त्यहीँ बसी कुराकानी गर्दा विभिन्न शौचालय, तेल निकाल्ने कोल जस्ता निर्माण कार्यको थालनी गरेकोमा भगवती काफ्लेको प्रशंसा गर्दै उनैबाट त्यहाँको वस्तुस्थिति बुझेको चर्चा गरेका छन् । बाह्र महिना काम गर्दा पनि तीन महिनालाई नपुग्ने अन्न उब्जने भएकाले स्थानीय जनश्रम परिचालन गर्न कठिन भएको, गाउँमा ५० वर्ष भन्दा माथिका मानिस दश प्रतिशत पनि नभएको, जन्मेका बालकहरू पौष्टिक आहार, लुगाफाटो र औषधी उपचारमा ध्यान नदिँदा ७५ प्रतिशत जति एक वर्षमुनिका बच्चाहरूको मृत्युदर रहेको जानकारी लिँदै डोल्पामा व्याप्त अशिक्षा र अज्ञानताको उद्गार गरेका छन् । स्थानीय पन्च, गन्यमान्य, व्यक्तिहरूसँग पनि चिनाजानी गरी वास्तविकताको थप जानकारी लिँदै भोलिपल्ट सुहु पन्चायत हुँदै त्रिपुराकोट पुग्ने उद्देश्यले काफ्ले, घिमिरेजी र आफू अगाडि बढेको जानकारी गराएका छन् । जुफालमा हेलिकोप्टर आएर बसेको देखी वस्तुस्थिति बुझ्न त्यतै जाँदा श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यको सवारीको तयारी गरिरहेको, केहीसमयको अन्तरालपछि सवारी हुने भएकाले यात्राकार सो समयमा

विश्वको अत्यन्त उचाइमा रहेको धोतराब वस्ती करिब १४ हजार फिटको उचाइमा रहेको स्थानतर्फ लाग्दै त्यहाँबाट करिब एक घण्टापछि फर्की राविसेका विद्यार्थीहरूसँग भेटी समस्याका बारमो सोध्दै त्यहाँ रहेर अनुभव गरेका राविसेका विद्यार्थीहरू र शिक्षकद्वारा जानकारी लिएको प्रष्ट्याएका छन् । राजाको दर्शन पाई त्यहाँका पशुपालन् औषधोपचार, पिउने पानी, सिँचाइ, फलफूल खेती, वृक्षारोपण एवम् संरक्षण र शिक्षाजस्ता विषयवस्तुका राजाका जिज्ञासालाई बुझेसम्म र अनुभव गरेका आधारमा यात्राकार एवं राविसेहरूले जानकारी गराउन पाएकोमा प्रफुल्लित हुँदै विहानको खाना त्यहीँ खाएर जुफालबाट सूङतर्फ जाने कार्यक्रम बनाएको विषयसन्दर्भले यस पाँचौ खण्डलाई समेटेको छ ।

**खण्ड–६ :**

जुफालबाट प्रकृतिका सुन्दरतालाई अँगाल्दै, त्यहाँका भौगोलिक परिदृश्यलाई सँगाल्दै, डोल्पाली जुङ गाउँको चालचलन, त्यहाँका समस्याहरू बुझ्दै सुङ गाउँका प्राकृतिक दृश्य, शिक्षासम्बन्धी जानकारी लिँदै त्रिपुराकोटसम्मको यात्रा भ्रमणलाई यस छैटौं खण्डमा समेटिएको छ ।

जुफालबाट सुङतर्फ जान हिँडेका यात्राकार प्राकृतिक सुन्दरतामा रम्दै अत्यन्तै कष्टकर भीरको भौगोलिक स्थितिसँग सङ्घर्ष गर्दै जुङ पुगी त्यस रात जुङमा नै बास बस्न पुग्छन् । पाहुनालाई पालैपालो ख्वाउने र पैसा लिन नमान्ने डोल्पाली जुङ गाउँको चालचलनप्रति छक्क पर्दै त्यहाँका राविसे ओझाले प्रौढ शिक्षा चलाएपछि सुत्ने तरखरमा लागेका बेला दुईवटी छोटीहरू आई नाच्न र गाउन आग्रह गरेको प्रसङ्ग पनि यात्राकारले यस खण्डमा उल्लेख गरेका छन् । नाच्न गाउन मनमा रहर भएपनि आफू सुपरीवेक्षक भएको नाताले विद्यार्थीहरूका अगाडि छोटीसँग रमाइलो गर्न नैतिकताले नदिने निष्कर्ष मनमा पहिल्याउँदै छोटीहरूलाई गीत गाउन र नाच्न आग्रह गर्दै उनीहरूको गीत काठमाडौंमा गई प्रकाशित गरिदिने वाचा गरेको, ध्वाँगे बस्ने, धुरी खाने ख्यालठट्टाको प्रसङ्गसँगै छोटीहरू घरमा नाच्न नमानी झरोको धिपधिपे

उज्यालोमा प्रणयमूलक गीत गाएका र ती गीतहरू भट्टराईले टिपोट गर्दै छोटीहरूलाई विदा दिएको प्रसङ्गसमेत यहाँ उल्लेख गरेका छन् । भोलिपल्ट चिया र खाना खाएर त्यहाँको वस्तुस्थिति ओझाबाट बुझ्दै सुङतर्फ लागेका देखिन्छन् । हिमाली हावासँग जुध्दै सुङ र जुङ गाउँको बीचमा रहेको नि.मा.वि.मा रहेका राविसेलाई भेटी विद्यार्थीको स्थिति बुझ्दछन् । त्यहाँ रजिष्टरमा साठी सत्तरी जना विद्यार्थी संख्या रहेको तर विद्यालय आउने चाहिँ पन्ध्र सोह्रजना रहेका, अभिभावकहरू आफ्ना छोराछोरीहरूको नाम विद्यालयबाट हटाइदिन आग्रह गर्ने र हटाइदिएबापत २०/३० रूपैयाँ सम्म घुस दिन वा एउटा कुखुराको भाले दिन पनि पछि नपर्ने कुरा सुनेपछि कतै पढ्ने सिट नपाउने, कतै विद्यार्थी नपाउने विभिन्नता केलाउँदै छक्क पर्दै ओरालोतर्फ लागेका देखिन्छन् । भेरी नदी तर्दै किनारै किनारमा चरिरहेका धेरै भेडा तर एउटा मात्रै गोठालो देख्दा जिज्ञासा लिदै गोठालालाई सोध्दा गोठालाले सबै भेडा उसका मात्र नभई दश घरका भएका तर पालैपालो हेर्ने र आज उसको पालो परेको बताउँदा अज्ञानता र अशिक्षाका घेरामा रहेर पनि सामाजिक सद्भावना, एकता भएकोमा मख्ख पर्दै त्रिपुराकोट पुगे सम्मको प्रसङ्गलाई यस छैटौं खण्डमा अटाएका छन् ।

**खण्ड-७ :**

त्रिपुराकोटको देवी देवताको प्रसङ्ग, गुल्मधामका उकाला-ओराला, देवीदेवता धाम, शिक्षासम्बन्धी जानकारी लिदै अन्य सहयात्रीसँगै ठाउँठाउँको जानकारी लिँदै तुलधाराको पाटीसम्म पुगी बासबासेसम्मको प्रसङ्गहरूलाई यस खण्ड सातमा समेटिएको पाइन्छ ।

त्रिपुराकोटको ऐतिहासिक र धार्मिक महत्त्वको त्रिपुरासुन्दरी देवीको मन्दिर सम्पूर्ण डोल्पाली हिन्दुधर्मावलम्बीहरूको आश्थाको केन्द्र बनेर रहेको जानकारी लिदै यात्राकारले जिल्ला पञ्चायतका भूतपूर्व सदस्य कर्णबहादुर शाहीलाई भेटी साथी बनाउँदै गुल्मधामको २ घण्टे उकालो काटेका देखिन्छन् । कागमारा हिमालको फेदीमा ३०, ४० घरले बनेको लिकु पञ्चायत जसका बासिन्दाहरूमा मस्टो देवताको प्रभाव

परेको छलगाउँ देखिन्छ । रा.वि.से.का तीन विद्यार्थी, भरियाहरू र यात्राकार अगाडि बढिरहँदा गुल्मी र पोखरा घर भएका डोल्पाको काइ गाउँ व्यवसायिक मा.वि.मा पढाउने २ शिक्षिका हितकुमारी शेरचन र कुसुमलता श्रीस पनि भेटिएका कुराको जानकारी पनि पाइन्छ । स्नातक तहमा पढ्दै गरेका दुई किशोरीहरूमा अहिले स्वतन्त्र भएकाले देशको अनुभव गर्न डोल्पामा आएको र स्नातकपछि विवाह गरी सुगम फर्कने र शिक्षण पेशामा नै काम गर्ने कुराले उनीहरूको साहस आँट देखेर यात्राकार थप उत्साह बोकी अगाडि बढ्दै पाहाडा स्वास्थ्य केन्द्रमा पुगी स्वास्थ्य सहायक परमानन्द जोशीसँग कुराकानी गरेको उल्लेख गरेका छन् । कुराकानीकै क्रममा स्वास्थ्य केन्द्रमा औषधी भए पनि उपचार गर्न मानिसहरू नआउने कुराको जानकारी लिदै त्यो रात स्वास्थ्य केन्द्रमै बास बसी भोलिपल्ट लौरो टेकी मध्यान्हको घाममा उकालो चढेको प्रसङ्गलाई औंल्याएका छन् ।

उकालो चढ्दा पसिनाले निथ्रुक्क भिजे पनि वनैया दृश्य पशुपंक्षीको संगीत र हिमाली दृश्य हेर्दै अगाडि बढेका यात्राकार बल्याङ्ग्रेको लेक नजिक पुगेपछि भोक र थकाईले लखतरान बने पनि गाउँ नभेटेपछि घस्रँदै पस्रदै धुराखोर पुगेर तिनै शिक्षिकाहरूले बोकेको खाजा खाँदै विश्राम गरी शक्ति सञ्जय गर्दै बल्याङ्ग्रे लेकको भञ्ज्याङ्मा पुगेको प्रसङ्ग पनि यस खण्डमा आएको छ । ओरालोमा हिउँमा चिप्लिदै लड्दै दुःख प्रकट गर्दै र हाँस्दै तुलधारा पुगेर भत्केको पाटीमा ठाउँ सफा गरेर बास बस्छन् । दाउरा खोजेर बाली यहीं पाटीमा रातभर सांस्कृतिक कार्यक्रम गरेर रात बिताउँछन् र यहीं आएर यो खण्ड सात सकिन्छ ।

**खण्ड–८ :**

तुल्धाराको भत्केपाटीमा बिताएका कष्टकर रातलाई सम्भदै त्यहाँका हिमाली दृश्य, छाँगा-छहरा, स्थानीय सामाजिक, सांस्कृतिक परम्परा नियाल्दै काइगाउँसम्म गएको प्रसङ्गको सेरोफेरोमा यो आठौं खण्ड संरचित छ ।

एकरात एकयुग जस्तो ठान्दै बल्लतल्ल बिताएर विहानको साँढे चारबजे यात्रा तय गरेपछि हिउँमाथि हिँड्दै तीन घण्टाको बाटो पार गर्दै कोही नर्कुतिर र कोही काइगाँउतिर लागेका देखिन्छन् । यात्राकारहरू लड्दै पड्दै दिउँसोको १२ बजे काइगाउँ पुग्छन् । सबै जना भोकले र थकाइले लखतरान भएका, किनेर खाने केही पनि नभएको तर शिक्षिकाहरूले गाउँसँग परिचित भएका हुनाले खोजीमेली खाना बनाएर ख्वाई मातृत्व प्रदर्शन गरेको ठान्छन् यात्राकार । भोलिपल्ट नर्कुतिर फर्कन योजना भए पनि हिमपातले तीन दिन त्यहीँ रोकिएका भट्टराई त्यहाँ राविसे भगवान् र विक्रमसँग भेटघाट गरी त्यहाँका वस्तुस्थितिका बारेमा जानकारी लिन्छन् । लुगा धुनु हुँदैन फाट्छ, घर बढार्नु हुँदैन प्वाल पर्छ भन्ने धारणा, बालक जन्मेपछि धामीले न्वारान गर्ने प्रचलन, काठको लाखेले घरको भूतप्रेत हट्ने धारणा, विधवाले पनि राता चुरापोते लगाउने जस्ता सांस्कृतिक प्रचलनका बारेमा जानकारी लिएको देखिन्छ । त्यस्तै बुद्ध जयन्ती ठूलो चाड हुने, विवाहपछि केटाले छोड ६० रूपैयाँसम्म र केटीले छाडे १,०००।- रूपैयाँसम्म जरिवाना तिर्नुपर्ने प्रचलन भोटमा हार्नेले मात्र छोराछोरी पढाउनुपर्ने, कहिले काहीँ छोराछोरी गोठाला पठाएर सट्टामा बाबुआमा विद्यालय जाने प्रचलन, विद्यालयबाट छोराछोरी हटाएवापत सक्दो घुस दिने बाबुआमा भएका कुरा राविसेबाट जानकारी लिँदै गएका छन् । त्यसैगरी यार्सागुम्बा, पाँचऔले, कुट्की जरो जस्ता अमूल्य जडिबुटीहरू भएको जानकारी लिँदै हिउँ, नबिलाउँदै नर्कुतर्फ जान तरखर गरेपछि यो आठ खण्ड सकिन्छ ।

**खण्ड–९ :**

काइ गाउँबाट नर्कुतर्फ जाने क्रममा अत्यन्त कष्टकर हिमाली उकाला ओराला पहाडै पहाड डरलाग्दा भीरहरूको सन्त्रासमय यात्रा जसोतसो पार गर्दै ज्यान जोगाउँदै प्रथप्रदर्शक दत्तबहादुरको विवाह र विवाहविधानसम्बन्धीका स्थानीय प्रचलनका बारेमा बुझ्दै इलगाउँसम्मको यात्राअवधिमा यस खण्ड नौ आधारित छ ।

काइगाउँबाट प्रथप्रदर्शक दत्तबहादुरलाई लिएर कहीँ हिउँमा डुब्दै र कतै चिप्लदै अत्यन्त कष्टका साथ बाटो काटेको अनुभव यात्राकारको रहेको छ । कहीं रुखका बुट्यान समात्दै र कहीं काँडाका बुटा समात्दै हात रक्ताम्मे पार्दै भञ्ज्याङ्मा पुगेर हावाले हिउँ उडाएको स्थानमा केही बेर थकाइ मारी ओरालोमा चिप्लिदै अगाडि बढेका यात्राकार बाटोमा ओडार र दाउरा पाइएकाले आगोमा डेढघण्टा सम्म सेकाएर लुगा सुकाउँछन् र पुनः अगाडि बढ्छन् । डाँफे कस्तुरी घोरल हेर्दै कष्ट भुल्दै अगाडि बढ्दै फेदीखोला तरेपछि बाटो कटाउने बहानाले दत्तबहादुरसँग विवाहका बारेमा सोध्छन् । आफ्नो विवाह नभएको र विवाह प्रक्रियामा केटाकेटी आफैं स्वतन्त्र हुने, केटी केटाको घरमा भागेर जाने, सातदिन पछि केटीका बाबुआमा खोज्दै केटाका घरमा जानु पर्ने र छोरीलाई रहरले कि करकापले आइस् भनी सोधेपछि रहरले आएको भनी भने त्यहीँ छोड्ने र करकापमा परेर आएको भनी भने एक सयदेखि डेढसयसम्म जरिवाना तिराई घर फिर्ता लैजाने चलन दत्तबहादुरले सुनाएपछि यात्राकार भट्टराई यस्तै जानकारी लिदै एघारवटा काठेपुल तर्दै इलगाउँमा पुगी बास बस्छन् भने दत्तबहादुर आफ्नो घरतर्फ लाग्दछन् । बास बसे ठाउँमा जो कोही पाहुना आएपछि गाउँले मिलेर खानेकुरा उठाई ख्वाउने प्रचलन बुझ्दै गफगाफ खानपान गरेर दिनभर थाकेर थङ्थिलो भएकोले रात पनि छिट्टै बितेको प्रसङ्गबाट खण्ड नौ सकिन्छ ।

**खण्ड–१० :**

इलागाउँबाट त्यहाँको भौगोलिक परिवेश, प्राकृतिक परिवेश, शैक्षिक स्थिति, स्थानीयका विभिन्न विषय सन्दर्भहरूका बारेमा जान्दै र बुझ्दै लुहु गाउँ आइपुगेसम्मको चर्चा यस खण्डमा गरिएको छ ।

भोलिपल्ट विहानको खाना इलगाउँमै खाएर जाडोको पर्वाह नगरी नर्कुको यात्राका लागि भेरीको पुल तरेर उकालो लागेपछि सुरगाउँ हुँदै यात्राकार तीन घण्टामा रमाइलो गाउँ नर्कु पुगेका छन् । ठकुरीहरूको बस्ती भएको नर्कुमा छोटी बस्ने परम्परा नभए पनि छोरी दिएवापत ज्वाइँपक्षबाट केही कोसेली लिने सामाजिक प्रचलनका

बारेमा बुझेका यात्राकार त्यहाँका जिल्ला पञ्चायत सदस्य शाहीजीबाट जिल्लाको वस्तुस्थितिका बारेमा पनि बुझ्न इच्छुक रहेका देखिन्छन् । रुखबिरुवा धेरै भएकाले वृक्षारोपणको आवश्यकता नपर्ने, रोपे पनि फागुन महिनातिर रोप्न उपयुक्त हुने, तरकारी खेती गर्ने सिजन पनि फागुन-चैत्र नै भएको, जिल्लामा काम नगरी कसैलाई पनि खान नपुग्ने, काममा लिङ्गभेद नभएको जस्ता जानकारी शाहीबाट लिएका देखिन्छन् । पानीले गर्दा उद्देश्यअनुरूपको यात्रा गर्न नसकेका भट्टराई केही दिन नर्कुमा नै बसेका छन् । माथिल्लो बाटो जाँदा हिउँले हिड्न नसकिने र तल्लोबाटो भीरै भीरको बाटो भएकाले यात्राकार आत्तिएका भए पनि यात्रा नगरी नहुने भएकाले भीमबहादुर शाहीलाई पथप्रदर्शक बनाई सदरमुकामतर्फ हिँडेका देखिन्छन् । सुरको प्राथमिक विद्यालयमा केहीबेर आराम गरेर दहीमकै खाजा खाएर सबैसँग बिदा भई अगाडि बढ्ने क्रममा जङ्गलै जङ्गलको बाटो हुँदै डाँडामा पुगेर लुहुँ गाउँ हेर्दै भीरको अप्ठ्यारो बाटो लट्ठीको सहाराले ओरालो झरेर जाँदा बाटामा गाउँले जनताले कालीका मन्दिर बनाउँदै गरेको अवलोकन गर्दै, धन्य ईश्वरको व्यापकता भन्दै लुहुगाउँमा पृथ्वीबहादुर हमालको घर सोद्धै पुगेका देखिन्छन् । जारीमा ल्याएको बुहारीको मुद्दा परेको र सोको बारेमा जानेबुझेसम्म यात्राकारले बताइदिँदा हमाल परिवार अत्यन्त हर्षित हुन्छन् । खाजा खाएर अगाडि बढ्न लाग्दा वर्षाले दुःख दिए पनि केही समय नजिकैको विद्यालय पुगी त्यहाँको ४०, ५० जनाको विद्यार्थी संख्याको जानकारीमा आनन्दित हुँदै पानी अलि बिदो भएपछि अगाडि बढ्ने तरखर गरेपछि यो खण्ड सकिएको छ ।

**खण्ड–११ :**

लुहुँ गाउँबाट लिकु पुग्दासम्मको प्राकृतिक सुन्दरता, भौगोलिक विकटता सामाजिक चालचलन, राविसेहरूका गतिविधि र उनीहरूसँग कुराकानीमा यो एघार खण्ड संरचित रहेको छ ।

सुन्दर गाउँ लुहुलाई छाड्दै सदरमुकाम दुनैतर्फ जाने क्रममा सानी भेरीको पुल तरेर भीरै भीरको बाटो लाग्दै यात्राकार ठूली भेरी र सानी भेरीको संगमस्थल हेरेर

आनन्दित हुँदै दमस्याइलो, भीरैभीरैको बाटो भएर खोंच, घुमाउरो र अप्ठेरो बाटोबाट यात्रारत देखिन्छन् । छंगाछुर भीर, पहिरोजान, फुटिरहेको बाटो, सानासाना अखटैअखेटा टेक्दैटेक्दै जोखिमपूर्ण यात्रा गर्दै जाँदा एक ठाउँमा ढुङ्गा, हिउँ र गेग्रानको पहिरो आए पनि धन्न आफू बाँचेकाले खुशी हुन्छन् । प्रकृतिले शुरताको परीक्षा लिइरहेकी हुन्छिन्, भोक र थकाइले लखतरान भए पनि च्याखुरा लडुवा र डाँफेका बयान देखेर केही खुसी हुँदै अगाडि बढ्दै भएको विषय प्रसङ्ग पनि यहाँ जोडेका छन् ।

झमक्क साँझमा भञ्ज्याङ्मा पुगी रातोमाटोको चिप्लो बाटोमा लठ्ठी टेक्दै ओरालो झर्दा भीमबहादुर र यात्राकार पालैपालो चिप्लिएको र यात्राकारले घडी गुमाएको सन्दर्भ देखाएका छन् । चिप्लाइबाट हिलाम्मे बनेर, सामान्य चोट लागे पनि निरन्तर अगाडि बढ्दै हाँला गाउँ पुगी बास बस्छन् । चारदाना आलुमा एकपाथी पानी दुई मुठी नुन र १०/१२ ढिँडी खुर्सानी राखेर उमालेको सुपसँग चिनोको भात असाध्यै मिठो मानी खाँदै सुत्ने तरखरमा लागेका यात्राकार झरोको धिपधिपे उज्यालोमा छोटेहरूसँग कुराकानी गरी सुत्छन् । भोलिपल्ट विहान उठेर विन्तिभाऊ गरी एक धान मकै भुटी मागेर खाजा बोकी झरीको बेवास्ता गर्दै ओरालो झर्दै ठूली भेरीका तीरैतीर हिँडेर फूलपानी पुगेका देखिन्छन् । बाँदरहरूको ख्याकख्याक सुनेर आफूलाई पनि त्यस्तै ठानेर अगाडि बढ्ने क्रममा तीन घण्टाको उकालो काटेपछि चूँगाउँ हुँदै अरू आधाघण्टापछि लिकूँ पुगी त्यहाँका राविसेहरू निर्मल ओझा र कालिका घिमिरेलाई भेटी त्यो रात उनीहरूकैमा बसेर भोलिपल्ट त्यहाँको विद्यालयमा पुगी वस्तुस्थिति बुझेपछि खण्ड एघार सकिन्छ ।

**खण्ड–१२ :**

लिकुँबाट जुफाल पुग्दासम्मको विभिन्न प्राकृतिक सुन्दरता, सन्त्रासमय बाटोघाटो, व्यावसायिक खेतीका सम्भावना, विभिन्न ताल तलैयाहरूका बारेमा जानकारी लिँदै स्थानीय व्यक्तिहरू तथा राविसेहरूसँग भेटघाट कुराकानीबाट यो खण्ड पूर्ण भएको छ ।

लिकुँ गाउँको सुन्दरताको वर्णनसँगै त्यस गाउँका रा.पं.स. मोतीप्रसाद पहाडीको ठूलो प्रभावले गर्दा रा.वि.से.का विद्यार्थीहरूको भनाइ खासै प्रभावकारी हुन नसकेको कुराको जानकारी राविसेहरूद्वारा यात्राकारले लिएको देखिन्छ । अंगुर, स्याउ, दाँते ओखर, हाडे ओखर आदि फलफूल लगाई त्यहाँका भीर पाखा पखेराहरूमा आधुनिक उन्नत घाँस खेती गरी भेडा चौंरीपालन गरेमा, फलफूल तथा घिउ नेपालगञ्ज बजारमा पुऱ्याएमा आर्थिक उन्नतिमा टेवा पुग्ने कुरा राविसेहरूको छ । त्यसैगरी त्यहाँ पर्यटनको संभाव्यता पनि प्रबल रहेको कुरा राविसेहरूले यात्राकारलाई जानकारी गराएका छन् । यस्तै जानकारी लिँदै नयाँ राविसेलाई पनि त्यहीँ बस्ने प्रबन्ध मिलाएर यात्राकार त्रिपुराकोट हुँदै मछुका नयाँ राविसे जनार्दन हमालसँग स्थानीय समस्याहरूको जानकारी लिँदै त्यहीँ बास बसेका छन् । भोलिपल्ट दुनै पुगेर नयाँ पुराना राविसेहरूसँग भेटी त्यहाँका प्राकृतिक स्थलहरूका साथै रिग्मा ताल, जगदूल्क ताल, सुनदहतालहरूको बारेमा बुझ्दै र यी तालहरूमध्ये रिग्मा ताल अति सुन्दर भएको र त्यसलाई स्थानीयहरूले फोक्सन्दो भन्ने गरेको जानकारी पनि लिएका छन् । आफू नपुगे पनि एक जना कर्मचारीले शहरतारा चाहिँ मान्नै पर्ने बताएका हुँदा त्यस ठाउँको विशेषताका बारेमा यात्राकारले उत्सुकता देखाउँदा त्यहाँ तरेल भाषा रहेको र हालसम्म अध्ययन नभएको, पुरानो सदरमुकाम भएकाले रमाइलो भएको, डोल्पाको पेरिस भनिने, सफा कपडा लगाएका फरासिला आइमाई भएका, रामरौस गर्न मन लागे पनि गर्न सकिने, त्यहाँको नाचगानले युवामन आकर्षित हुनेजस्ता विशेषता रहेको पाउँछन् । समयले साथ नदिएपछि सुनेको भरमामात्र यात्राकार चित्त बुझाउन विवश छन् । बिहानको खाना प्र.जि.अ. कृष्णप्रसाद अधिकारी र उनकी श्रीमती गायत्री शर्माको निम्तोमा खाएपछि यात्राकारको डोल्पाको अनुभवका बारेमा अधिकारीले प्रश्न गर्दा यात्राकार डोल्पाको मानचित्रै मुटुभरि बोकेर काठमाडौं जाँदै गरेको भनुभव सुनाउँछन् । त्यस जिल्लामा अझै पनि नयाँ गाउँहरू रहेका विकट ठाउँमा प्रशासन चलाउन गाह्रो भएको अधिकारीको ठहरलाई मनन गर्दै शर्माले भोट क्षेत्रमा बहुपति प्रथा रहेको बताएपछि डोल्पाको बारेमा थप जानकारी लिन पाएकोमा दङ्ग पर्दै

उनीहरूसँग बिदा माग्दै, स्वाबलम्बी डोल्पाली समाजको प्रशंसा गर्दै मोती सिवाकोटीको आग्रहमा चियापानसँगै केही कविताहरू सुन्दै र सुनाउँदै दुनैको बाटो भेरीका तीरैतीर जुफालमा पुगेपछि खण्ड बाह्र सकिन्छ ।

**खण्ड–१३** :

जुफाल विमानघाटबाट काठमाडौं फर्किएसम्मको समय अवधिमा यो खण्ड संरचित छ । साथै यस खण्डमा यात्राकारले जुफालबाट थप जानकारी पनि संगालेका छन् । तिनीहरू यसप्रकार देखाउन सकिन्छ ।

यात्राकार डोल्पाका अधिकांश भाग डुलेर त्यहाँको विविधताको जानकारी लिन पाएकोमा खुशी देखिएका छन् । पानीका कारण ३९ चैत्र ९ गतेको विमान जुफालमा अवतरण गर्न नसकेपछि वायुसेवा निगमकै कर्मचारी मोती के.सी.सँग त्यहीं बसी डोल्पाली वस्तुस्थितिबारे थप जिज्ञासु बनेका देखिन्छन् । माटाका भाँडा १२/१५ दिन लगाएर दाङ्गबाट ल्याउनु परेकाले दुर्लभ भएका, ढलोट, पित्तल, तामा, काँसका भाँडाको प्रयोग गर्ने मानिस अत्यन्तै नगन्य रहेको, धामीहरूका प्रकार गौजाधामी, महादेव धामी, राहुलधामी, मष्टदेवधामी, बहुधामी, बगिन्ते धामीजस्ता थरिथरिका भएका र तिनीहरूले आ-आफ्नै विभागको मात्र काम गर्ने गरेको, सबभन्दा अग्लो स्थान १६ हजार फिटको उचाइमा रहेको यांजेर गुम्बा, अरू गुम्बाहरू से गुम्बा, धोतराब गुम्बा, नाम्गेल गुम्बा, बोनपो गुम्बाजस्ता विषयवस्तुको जानकारी लिएको देखिन्छ । नर्सरीमा गएर पासाङ् शेर्पाबाट जानकारी लिँदै बन्दा, रायो, काउलीजस्ता तरकारीहरू, स्याउ, अंगुर, कागती, बदाम, दाँते ओखरका विरुवाहरू तयार पारेर वितरण भइरहेको जानकारी लिन्छन् । डोल्पाली समाजमा काउली साग भिटामिनयुक्त खानेकुरा खानु हुँदैन भन्ने धारणा रहेको र कक्कड तान्ने चलन रहेकाले त्यसमा परिवर्तन ल्याउनु पर्ने विचार राखेका छन् । बारीबारीमा गाँजा आफैँ सप्रेको देखेर यात्राकार महादेवको वासस्थान कैलाश, हिमाली भेग भएकाले, डोल्पामा पनि गाँजा खेती सप्रेको हो कि भनी तर्क गर्छन् । प्रकृतिको सुन्दर काखमा रहेको डोल्पाली समाजको बातो हाल्ने परम्परा अज्ञानता र

अशिक्षाको उपजमात्र भएको ठहर गर्दै र समाजमा रहेको स्वच्छन्द, स्वावलम्बिता सहयोगी भावना, मिलनसारिता र स्वतन्त्रता देखेर हर्ष र गौरवले आनन्दित हुन्छन् । जुफालमै बास बसी भोलिपल्ट सबैसँग विदा भएर मनमुटुभरि डोल्पाकी छोटी (प्रकृति) लाई बोकेर जीवनभरसम्म नबिर्सने प्रण गर्दै काठमाडौं आइपुगेपछि खण्ड १३ सकिएको छ ।

### ४.१.५ भ्रमणकर्ता र भ्रमणकर्तासँग सम्बद्ध व्यक्तिहरू

यात्रासाहित्यकार घटराज भट्टराईद्वारा लेखिएको यात्रासंस्मरणात्मक कृति 'डोल्पाकी छोटी' मा यात्राकार भट्टराई स्वयम् उपस्थित छन् । राष्ट्रिय विकास सेवाका विद्यार्थीहरूको निरीक्षक भई करिब एक महिनासम्म काठमाडौंदेखि डोल्पासम्मको यात्रा अवधिमा उनले देखेभोगेका दृश्य र अनुभवहरूमा यो कृति अडिएको छ । त्यसैले यात्राका क्रममा जोडिएका विभिन्न व्यक्तिहरूसँगको परिचय, भेटघाट, गफगाफ, छोटो यात्रा आदि यहाँ उल्लेखित छन् । विमानका कर्मचारीहरू टिकट लिने स्थानका (निर्मल ओझा) ठाकुर खनाल, शम्भु कोइराला, पुण्यप्रसाद घिमिरे, शरदचन्द्र आचार्य लगायतका विद्यार्थीहरू र राष्ट्रिय विकास सेवाका प्रशासकहरूको नाम उल्लेख भएको छ । त्यसैगरी रा.वि.से. मा सहभागी अन्य भगवती कुमार काफ्ले, भगवान, त्रिविक्रम, मुक्तिनाथ शर्मा, ठाकुर शर्मा, निर्मल देवकोटा, कालिका घिमिरे तथा बाटामा ठाउँठाउँमा भेटिएका विभिन्न व्यक्तिहरू, घरबेटीहरू, गाउँका प्रधानपञ्चहरू, पथप्रदर्शक, दत्तबहादुर, भीमबहादुर, कर्णबहादुर, शाही, मोती के.सी., जि.जि.अ. विश्वनाथ ढकाल, प्र.जि.अ. कृष्णप्रसाद अधिकारी र उनकी श्रीमती गायत्री शर्मा, नर्सरीका कर्मचारी पासाङ शेर्पाजस्ता थुप्रै व्यक्तित्वहरू यस कृतिमा उपस्थित भएका छन् । यात्राकारको यात्रा सफल बनाउनुका साथै यात्राकारका जिज्ञासा शान्त पार्ने, पथप्रदर्शकका रूपमा उल्लिखित व्यक्तित्वहरू महत्त्वपूर्ण मानिएका छन् । यसरी काठमाडौंदेखि नेपालगन्ज र त्यहाँबाट डोल्पासम्मका स्थानीय विशेषताहरू, प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिकजस्ता विभिन्न पक्षहरूको जानकारी र सम्भावित उद्योग धन्दाहरूको बारेमा पनि जानकारी दिने क्रममा यात्राकारका

सहयोगीका रूपमा क्षणिक समयका लागि विभिन्न व्यक्तिहरू उपस्थित भए पनि केन्द्र विन्दुका रूपमा घटराज भट्टराई स्वयम् उपस्थित भएकाले यिनै निडर, जिज्ञासु यात्राकार नै प्रमुख चरित्रका रूपमा उपस्थित भएका छन् ।

### ४.१.६ परिवेश

परिवेशभित्र देश, काल र वातावरण अटाउँछन् । भट्टराईद्वारा लेखिएको **डोल्पाकी छोटी** यात्रासंस्मरणात्मक कृतिमा काठमाडौंदेखि डोल्पासम्मको भूभाग रहेको छ । करिब एक महिनासम्मको समयावधि रहेको प्रस्तुत कृतिमा अनेक कष्ट र हण्डर खाएर भए पनि प्रकृतिका सुन्दर रूपहरूले पाठकका मनमा सुखद छाप पार्न यो कृति सफल भएको पाइन्छ । **डोल्पाकी छोटी** भित्र प्रयुक्त वातावरण सङ्घर्षमय देखिएको छ । काठमाडौंबाट नेपालगन्ज हुँदै जुफालसम्मको हवाईयात्रा सुगम देखिए पनि कृतिभरिमा वर्णित डोल्पाली वातावरण कष्टप्रद रहेको पाइन्छ । प्रस्तुतकृति अध्ययन गरिसकेपछि पाठक यात्राकारले यात्रा गर्दाका उकाली-ओराली, भीरपाखा, खोलानाला आदिमा अत्तालिन्छन् भने विभिन्न हिमाल, प्राकृतिक दृश्य, गुम्बा, डोल्पाली संस्कृति आदिको वर्णनमा मख्ख देखिन्छन् । कष्टपूर्ण हिमपातपूर्ण बाटोमा लड्दैपड्दै यात्रा गर्दाको क्षण, चेतनाको अभावमा बढ्दो बालमृत्युदर, घाउखटिरा आउँदा अस्पताल नगई घरमै बातो हाल्ने प्रचलन जस्ता कु-संस्कारका प्रस्तुति पढ्दा पाठकको मन समेत विह्वल हुने देखिन्छ भने डोल्पाली समाजमा देखिएको एक आपसको सद्भावनाले पाठकलाई समेत आनन्दित तुल्याउन प्रस्तुत कृति सफल देखिएको छ । डोल्पाका प्र.जि.अ.ले यात्राकारलाई डोल्पाका भू-भागहरूको बारेमा अझै जानकारी भइनसकेको सुनाउँदा पाठकका मनमा समेत बाँकी भू-भाग के कस्ता होलान भन्ने कुतूहलता र आश्चर्यताले सताएको पाइन्छ । यसरी यो कृति डोल्पाका विभिन्न स्थान, रहनसहन, भेषभूषा, चालचलन, संस्कृति, प्रकृति तथा नेपालगन्जको बजारको केही झलकसहितको परिवेशमा अडिएको छ ।

### ४.१.७ उद्देश्य

प्रस्तुत कृति **डोल्पाली छोटी** नेपालको अति दुर्गम स्थान डोल्पाको वातावरणमा तयार पारिएको छ । मूलतः डोल्पाको प्राकृतिक, सांस्कृतिक, भौगोलिक, सामाजिक, शैक्षिक वातावरणको जानकारी दिनु यसको उद्देश्य रहेको छ । मनले आँटेपछि दुर्गम पनि सुगम हुन्छ र विकासका, जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ भन्ने अभिप्राय यस कृतिमा रहेको छ । रा.वि.से.का विद्यार्थीहरूको जस्तो जोश, जाँगर, सबै नेपाली युवाहरूमा पनि भए नेपाल पक्कै स्वर्ग बन्नेछ भन्ने आशय रहेको उक्त कृतिमा डोल्पाली चालचलनहरू पनि अङ्कित भएका छन् । छोटेछोटीहरूको प्रसङ्गबाट डोल्पाली सांस्कृतिक परम्पराको जानकारी पाइन्छ । डोल्पामा व्याप्त अशिक्षा, अज्ञानता र विकटताको चित्रण गर्नु पनि प्रस्तुत कृतिको उद्देश्य रहेको छ । विभिन्न हिमाली तालतलैया, छाँगाछहराहरूको जानकारी दिएर पर्यटकीय सम्भावनालाई पनि यस कृतिले औंल्याएको छ । विभिन्न जडिबुटी, फलफूलहरूको सम्भावनाले उद्योगधन्दा सञ्चालन गर्न सकिने परिस्थिति पनि प्रस्तुत कृतिमा आएको छ । ठूली भेरी र सानी भेरीको सांस्कृतिक महत्त्व पनि दर्शाइएको छ । यसरी डोल्पाली समाजका विभिन्न पाटाहरूका सम्भावनाहरू देखाउनु प्रस्तुत कृतिको उद्देश्य देखिन्छ ।

### ४.१.८ भाषाशैली

भाषाशैली अभिव्यक्तिको माध्यम हो । यसैका माध्यमबाट यात्राकारका विभिन्न विचार, धारणाहरू, कृतिमा आएका हुन्छन् । डोल्पाकी छोटी कृतिको भाषा सरल छ । नेपाली भाषाको सरल पदावलीको संयोजन यसमा गरिएको छ । कतिपय स्थानमा भाषा सूक्तिमय देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार छन् -

⇨ अज्ञान सबभन्दा ठूलो आनन्दको स्रोत हो भने खतरापूर्ण पनि हो (पृ. ८) ।

⇨ कसैलाई सुख होस वा दुःख रात रहिरहँदैन उसको गति आफ्नैपनमा छ । ऊ बितिदिन्छ तर दुःखमा लामो र सुखमा छोटो अनुभव हुन्छ (पृ. ८) ।

⇨ बलीको अर्थ मुक्ति हो (पृ. १२) ।

➪ आफ्नो कष्ट र दुःख बाँड्दा बाँडिन्छ रे (पृ. ४५) । यसका साथै डोल्पाली भाषाका खर्च लड्काउने (खाजा खाने), लकर (रोटी), लुखा (रोटी), चिना (एक किसिमको चामल), झरो (दियालो), लोठो (काँचै बल्ने रुख), कासो (खोकी), पोला (ओखरको दिउल), धोलो काड्न (हटाउन) जस्ता शब्दहरूको प्रयोग गरेर कृति रोचक बनाइएको छ भने ठाउँठाउँमा सम्वादात्मक शैली अँगाली कृति आकर्षक बनाइएको छ । डोल्पाली गीतले पनि स्थान पाएको छ । धेरैजसो वर्णनात्मक शैली अपनाइएको उक्त कृतिको भाषाशैली उत्कृष्ट पाइन्छ ।

## ४.२ 'गोसाइँकुण्ड'को विवेचना

### ४.२.१ लेखन तथा प्रकाशनको पृष्ठभूमि

'गोसाइँकुण्ड' घटराज भट्टराईद्वारा लेखिएको यात्रासाहित्यसँग सम्बन्धित दोस्रो कृति हो । नेपाली भाषा तथा साहित्यका सम्बर्द्धक यज्ञविक्रम राणाको निमन्त्रणामा २०४५ साल जेठ महिनामा दशहरा मेलाको अवसर पारेर काठमाडौंबाट धार्मिक पर्यटकीय स्थल गोसाइँकुण्ड पुगी काठमाडौं फर्कदा सम्मको यात्रानुभवका विषयवस्तुलाई समेटी भट्टराईले यस कृतिको रचना गरेका छन् । नेपालमा थुप्रै धार्मिक पर्यटकीय स्थलहरू रहेका छन् । तीमध्ये पनि हिमाली भेगमा रहेको गोसाइँकुण्ड क्षेत्रमा केकस्तो धार्मिक आस्था र विश्वास पाइन्छ, त्यहाँको वातावरण कस्तो छ, त्यहाँ जाने आउने बाटोघाटो कति सुगम या दुर्गम छ भनी यात्रा गर्न चाहने मानिसहरूका लागि जानकारी दिन एक उपयोगी कृतिका रूपमा प्रस्तुत कृति देखापरेको छ । घटराज भट्टराई लेखक भएका नाताले आफूले गर्न पाएको कठिन तर रोमाञ्चक यात्राका बारेमा लेखेर सबै पाठकलाई सुसूचित गराउने उद्देश्य लिएका छन् । साहित्यकारको मन त्यसै त कल्पनामा डुवेर सृजनामा रमाउन चाहन्छ भने प्राकृतिक सौन्दर्यले भरिपूर्ण रमणीय स्थलको भ्रमण गरेपछि त्यो भ्रमणको बयान गर्न हतारिनु स्वाभाविकै हो । गोसाइँकुण्डको प्रकाशकीय शीर्षकमा यज्ञविक्रम राणाले यस पुस्तकमा भएका कथा र व्यथा केवल लेखकका मात्र नभएर त्यस ठाउँको यात्रा गर्न चाहने र यात्रा गरिसकेका लागि साझा हुन सक्छन् साथै गोसाइँकुण्डबारे केही जान्न र बुझ्न, त्यहाँको यथार्थ स्थितिसँग परिचय लिन चाहने सबैका लागि उपयोगी हुने कुरा

बताएका छन् । आफूले देखे भोगेका यात्रानुभव र प्राकृतिक छटाहरूका सुन्दर दृश्यहरूले यो कृति लेख्नमा प्रोत्साहन मिलेको छ । काठमाडौं गोसाइँकुण्ड-काठमाडौंसँग सम्बन्धित यस कृतिको प्रकाशन २०४६ सालमा यज्ञपुस्तक सङ्ग्रहालयबाट भएको देखिन्छ ।

### ४.२.२ **शीर्षक विधान**

प्रस्तुत कृति घटराज भट्टराईले गोसाइँकुण्ड जाँदा आफूले प्रत्यक्ष रूपमा नजिकबाट नियालेका भोगेका धार्मिक सांस्कृतिक, भौगोलिक, प्राकृतिक, पक्षका बारेमा बढीभन्दा बढी जिज्ञासु भई पाठकलाई समेत ती पक्षहरूका बारेमा जान्न बुझ्न र गोसाइँकुण्ड जाँदा पूर्व तयारी गर्न मद्दत हुने गरी प्रस्तुत गरेको हुनाले गोसाइँकुण्ड कृतिको शीर्षक सार्थकता रहेको प्रष्ट देखिन्छ । गोसाइँकुण्ड जाँदा आउँदा थुप्रै प्राकृतिक वर्णनहरू पाइए तापनि ती गोसाइँकुण्डकै सेरोफेरोमा छन् । व्यक्तिगत कुराकानीदेखि भेटघाट, दिनचर्यासमेत गोसाइँकुण्डकै केन्द्रविन्दुमा रहेर आएका छन् । यात्रा तय भएदेखि विविध प्रसङ्गहरू समेत गोसाइँकुण्डकै सेरोफेरोमा आएकाले यसको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.३ **संरचना**

संरचना भनेको बनावट हो । कृतिको संरचनाले त्यसको बनावट ढाँचा, आयामको साङ्गोपाङ्गो रूपलाई बुझाउँछ । गोसाइँकुण्ड यात्राकृतिलाई हेर्दा यो जम्मा-जम्मी ४७ पृष्ठमा संरचित छ । यसभित्र पहिलो बास, दोस्रो बास, तेस्रो बास, गोसाइँकुण्ड, चारौंबास, पार्वतीकुण्ड, माङ्चेतबाट त्रिशूलीसम्म, नुवाकोट दरबार, पाँचौबास, गरी जम्मा नौ खण्डहरू छन् । बीचबीचमा चित्र (फोटो) समेत राखिएको यो कृति यात्रा वृत्तान्त हो र आकारका दृष्टिले यो मझौला आकारमा संरचित छ ।

### ४.२.४ **परिच्छेदगत मुख्य विषयसन्दर्भ**

गोसाइँकुण्ड पुस्तकाकारका रूपमा प्रकाशित यात्रा कृति हो । यसमा लेखकले प्रमुख विषयसन्दर्भहरूलाई भिन्नाभिन्नै नौ शीर्षकहरूमा समेटेका छन् । ती शीर्षकहरू यसप्रकार छन् - (१) पहिलो बास (२) दोस्रो बास (३) तेस्रो बास (४) गोसाइँकुण्ड

(५) चारौं बास (६) पार्वतीकुण्ड (७) माङ्चेतबाट त्रिशुलीसम्म (८) नुवाकोट दरवार (९) पाचौं बास । यी नौवटा शीर्षक अन्तर्गतका प्रमुख कुराहरूलाई क्रमशः तल प्रस्तुत गरिएको छ ।

***पहिलो बास***

आफ्ना अनन्य मित्र यज्ञविक्रम राणा र केशरकुमारी राणाको आतिथ्यमा गोसाइँकुण्ड यात्राका लागि २०४५ साल जेठ १२ गते मित्रका घरमा गई त्यहाँबाट धुन्चे बजार पुग्दासम्मको घटना तथा विषयवस्तुलाई समेटेर यस पहिलोबास खण्ड निर्मित भएको छ ।

यज्ञविक्रम राणाको वैठक कोठाको साजसज्जा नियाल्दै राणा दम्पत्तिको निमन्त्रणामा आफू त्यहाँ पुगेको, प्राकृतिक दृश्यावलोकन गर्न जाने तरखरमा घरबाट विदा लिएर हिँडेको प्रसङ्ग पनि जोडेका छन् । सहायक रथी (जर्नेल) यज्ञविक्रमसँग घनिष्ट मित्रता भएकोमा आफैं छक्क परेका साहित्यकार भट्टराई गोसाइँकुण्ड जानका लागि त्यहाँ पुगेका हुन् । शारीरिक कमजोरी भएका मानिसहरू हिमाली क्षेत्रमा रहेको गोसाइँकुण्ड पुग्न सक्दैनन् भन्ने सुने पनि उच्च मनोबलका साथ हिँडेका भट्टराई र उनका भ्रमणटोली यज्ञविक्रम, केशरकुमारी, अरूण विक्रम, भीमनाथ दवाडी सहित गाडीमा बसेर २०४५ साल जेठ १२ गतेको एघार बजे काठमाडौंबाट यात्रा तय गर्छन् । काठमाडौंलाई छिचोल्दै नागार्जुनको जंगल हुँदै उनीहरू ककनी पुग्छन् । काठमाडौंको कृत्रिम वातावरण छिचोल्दै प्राकृतिक वातावरणमा रमाउँदै यात्रारतटोली त्रिशुलीको खोंचतिर बढ्दै जाँदा प्राकृतिक कृषि प्रधानको प्रतीकस्वरूप कतै धान पाकिरहेको,कतै रोपाईं हुँदै गरेको, कतै मूलाबारी आदि दृश्यहरू हेर्दै अगाडि बढ्छन् । अरूण विक्रमले गर्मी भयो भनी झगडा गर्न थालेपछि गाडी रोकी सेनानी मोहनविक्रमलाई पर्खंदै खर्वुजा खाएर केही वेरको विश्रामपछि टोली पुनः अगाडि बढ्छ । बटार हुँदै तादी खोला तरेर त्रिशुली बजारतर्फ मोडिदा गर्मीले सताए पनि हरियाली वातावरणले सान्त्वना दिइरहेको थियो । दिउँसोको दुई बजेपछि वेत्रावती नदी पार गर्दै नुवाकोट छोडी रसुवा जिल्लामा प्रवेश गरेको यात्राटोली तत्कालीन शाही नेपाली सेनाका तर्फबाट बनेको सडक हुँदै धुन्चेतर्फ अगाडि बढेको देखिन्छ । अनेकौं घुम्ती र मोडहरू पार गर्दै

हरियाली वातावरणमा रम्दै गर्मीमा हिंड्दाहिंड्दै केही शीतलता पाएको अनुभूतिमा पहाडी दृश्यहरूलाई अवलोकन गर्दै विस्तारै लेकाली वातावरणमा पुगी लामटाङ निकुञ्जको सुरक्षा टोलीको अतिथिगृहमा बास वस्न पुग्छन् र यो खण्ड यही सकिन्छ ।

***दोस्रो बास***

धुन्चे बजारबाट विभिन्न हिमाल, राष्ट्रिय निकुञ्ज हेर्दै त्यहाँका विकासका कार्यक्रम, प्राकृतिक सुन्दरता नियाल्दै घिम्साको सैनिक पोष्टमा बास बस्न पुगेको प्रसङ्गहरूद्वारा यो दोस्रो वास खण्ड निर्मित छ ।

धुन्चे बजारबाट उत्तरतर्फको अग्लो हिमाल केरुङ पहिले नेपालको र अहिले चीनको भएको प्रसङ्ग उल्लेख गर्दै मोहन गुरुङ्ग उत्तरपूर्वको हिमाल देखाउँदै त्यही हिमालको फेदीमा गोसाइँकुण्ड रहेको बताउँछन् । लामटाङ राष्ट्रिय निकुञ्जका निर्माणकार्य र वन्यजन्तु संरक्षणको कार्यको अवलोकन र प्रशंसा गर्दै अनि गाउँघरको अवस्थाको बारेमा चर्चा गर्दै बिहानको खाना खाएर एघार बजे गोसाइँकुण्डतर्फ लागेका यात्राकारहरू रामायणको लोकप्रियताको बारेमा बहस गर्दागर्दै त्रिशुलीको पुलमा पुगेका छन् । त्रिशुली तरेपछिको विकट बाटो देखेर आत्तिएका यात्राकार र सहयात्रीहरू एक अर्कालाई व्यङ्ग्य गर्दै, कथा उपकथा भन्दै प्रकृतिको शीतलतालाई शिरोपर गर्दै उकालो चढेका देखिन्छन् । चन्दनवारी पुगेर बास बस्ने धोको भएकाले दशहरा मेलाबाट फर्केर आउने मानिसलाई चन्दनवारी पुग्ने समय सोद्धा टाढा भएको र यस्तो हिँडाईले पुग्न नसकिने उत्तर पाउँछन् । हिँड्दै जाँदा करिब नौहजार मिटरको उचाइमा पुगेर चौतारीमा बिसाउँदै, पानी, स्याउ, पुष्टकारी खाँदै फोटो खिचाउँदै शक्ति सञ्चय गरेका यात्राकारहरू पुनः अगाडि बढेका छन् । दशहरा कुन्डको जलप्रसाद फर्कने यात्रीबाट लिँदै शिरमा चढाउँदै हिँड्दा घना जङ्गलको बीचमा ढलेका, मक्किएका रुखहरूलाई हेर्दै र बूढा झ्याउ उमारेर बसेको रुखहरूलाई तपस्वी ठान्दै आफू पनि त्यस्तै हुने कल्पना गर्दै यात्रा गरिरहन्छन् । सेनानी राईलाई दम बढी अगाडि बढ्न गाह्रो भएकाले सेनानी राई र यज्ञविक्रम यात्राका क्रममा केही पछाडि परेका हुन्छन् । अगाडि जाने यात्रीहरू घिम्सामा पुगेर निकैवेर कुर्दा पनि नआएर खोज्न जाँदा भेट्टाएपछि

यात्राकारहरू चन्दनबारी पुग्न नसकी घिम्साको सैनिक पोष्टमा पाल टाँगेर बसेको प्रसङ्गसम्म यो दोस्रो वास खण्ड सकिन्छ ।

***तेस्रो बास***

घिम्साको सैनिक पोष्टमा रात बिताउँदै बिहानको चियापछि फोटो खिच्दै गोसाइकुण्डतर्फ लाग्दाका क्रममा बाटोमा पर्ने प्राकृतिक दृश्यावली विभिन्न कुण्ड, भञ्ज्याङ विभिन्न व्यक्तिहरूसँगको भेटघाट परिचयपछिका प्रसङ्गहरूको सेरोफेरोमा यो तेस्रो बासबाट खण्ड संरचित छ ।

घिम्साको सैनिक पोष्टमा रात बिताउँदै बिहान उठी, प्राकृतिक वातावरणमा रमाउँदै चिया पिएर फोटो खिची सेनानी राईबाहेक अन्य यात्रीहरू गोसाइँकुण्डतर्फ लागेका देखिन्छन् भने सेनानी राई धुन्चेतर्फ नै फर्किएका छन् । केहीबेरको यात्रापछि चिनजानका दुईवटी ठिटीहरूले कफी पिउन आग्रह गर्दा नपिई धन्यवाद भन्दै अगाडि बढ्दै लाली गुराँसको विविध रूप हेर्दै मख्ख परेका यात्राटोलीहरू सवा एक घण्टामा चन्दबारी पुगेको छन् । चन्दनबारीमा कफी खाई अगाडि बढ्न लाग्दा चिनजानका सेनानी कुमार बहादुर फुदुङ, ऋषिकुमार जरसावकी धर्मपत्नी गीता र छोरी विनितासँग भेटघाट भएपछि केही गफगाफ गरी यात्रा कुशलताको आदानप्रदानसँगै गोसाइँकुण्ड जाने बाटो अझ विकट भएको जानकारी पनि लिन्छन् । जे भए पनि मनमा उत्साह लिएर विकटताको सन्त्रासलाई विर्सदै अगाडि बढेका यात्राकारहरू एकादशीको दिन भएकाले ठोस कुरा नखाई चिया, कफी, ग्लुकोज, दूध आदिमात्र खाएर कुण्ड पुगी नुहाएर मात्र खाना खाने सोच राखी अगाडि बढेका छन् । लौरीविनायकको फेदीमा पुगेर तामाङ्नीहरूले तताएर दिएको चौंरीको दूधले तागत संचय गर्दै पुन अगाडि बढेका देखिन्छन् । कठिन उकालो चढ्दा लेक लाग्न थालेको अनुभव गर्दै करीब तेह्र हजार फिटको उचाइमा रहेका सुनपाती, भैरवपातीका लहरा हेर्दै यिनै हिमाली जडीबुटीका मगमग वासनामा रमाउँदै हिमाली दृश्यहरू हेर्दै आउने जाने मानिसहरूसँग भेटघाट गर्दै तीनघन्टाको उकालो काटेपछि एक छाप्रोमा चिया खाएको प्रसङ्गको उल्लेख गरेका छन् । अगाडि बढ्दै लौरी विनायकमा पुगी अरूले चढाएजस्तै उनीहरू पनि आफूले टेकेको लौरो चढाएर भञ्ज्याङतर्फ लागेका छन् । जति हेरे पनि

नअघाइने कुण्ड, झर्ना, हिमाली दृश्यहरूलाई छाड्दै भीर, ओडार पार गर्दै गणेश गौंडामा पुगी सरस्वती कुण्ड, भैरव कुण्डको दर्शन गर्दै यात्रादलमा सहभागी बाबुरामबाट भैरवकुण्डमा अवस्थित नागको महिमा सुनाउँदा "अहिलेको वैज्ञानिक युगमा पनि के को नाग ? ! डोजर लगाएर कुण्ड खोलिदिने हो भने नाग-साग बेपत्ता हुन्छन्" भनेपछि यज्ञविक्रममा नागको प्रत्यक्ष प्रभाव परी गोडा चल्न छोडेका, आँखा कम देखिने भएपछि आश्चर्यमा पर्दै नागसँग माफ मागेपछि पहिला जस्तै भएको प्रसङ्गको पनि उल्लेख गरेका छन् । यस्तै प्रसङ्गका साथ अगाडि बढ्दै दिउँसो चार बजे गोसाइँकुण्डमा पुगी स्नानगरी ज्ञान धारा, त्रिशूल धारामा पानी सिँचन गर्दछन् । त्यसै बेला बाटो खनिरहेका कुल्लीले भैरबको मूर्ति भेट्छन् जसलाई केशरकुमारीले पूजा गरी त्यहीं स्थापना गरिदिन्छिन् । मूर्ति पाएर साक्षात् भगवानको दर्शन पाएझैं आनन्दित हुँदै बेलुकाको खाना खाएर गोसाइँकुण्डमै पालमा सुतेसम्मको विषय प्रसङ्गबाट तेस्रो बास खण्ड सकिन्छ ।

***गोसाइँकुण्ड***

गोसाइँकुण्डको बासपछि गोसाइँकुण्ड सेरोफेरोका कुण्डहरू त्यहाँका दृश्य परिदृश्य गोसाइँकुण्डको पौराणिक महत्त्व सम्बन्धीका प्रसङ्गहरू यो **गोसाइँकुण्ड** खण्डमा समेटिएको छ ।

यात्राकार बिहान उठेर वरिपरिका सेताम्मे डाँडालाई ऋषिका टाउका जस्तै अनुभव गर्दै, विषले भतभती पोलेका शिवजी विष शान्त पार्न गोसाइँकुण्ड भित्र रहेका र सूर्योदयमा कुण्डभित्र देखिन्छन् भन्ने जनविश्वास अनुसार त्रिशुल धारा नजिकबाट यात्राटोली सूर्योदयको प्रतीक्षामा रहेका हुन्छन् । हिमालको फेदमा विविध कष्ट सहेर सूर्योदयपछि तालभित्र देखिएका महादेव र उनका वरिपरि शिवगणहरू विभिन्न आकार प्रकारमा नाचिरहेका उफ्रिरहेका ऋषिहरू प्रार्थना गरिरहेका जस्ता देखिने अनेक दृश्य हेर्दै यात्राकार आध्यात्मिक दर्शनार्थीलाई शिव महादेव र शिवगणहरू हुने र भौतिकवादी यात्रीका लागि रुख विरुवाका विम्ब प्रतिविम्बहरूको सजिव चित्रण हुने आत्मतर्क गर्दछन् । बिहानको पूजा अर्चना गरेर गोसाइकुण्डका साँस्कृतिक महत्त्वका कुराहरूको महिमाको वर्णन गरेको प्रसङ्गलाई यस कृतिमा समेटेका छन् । प्रलयकालमा

चौधरत्नहरू डुबेका र जगत् सञ्चालनका लागि ती आवश्यक भएकाले देव दानव मिलेर सो रत्नहरू निकालेका प्रसङ्ग, रत्नको बाँडफाँडमा अमृत दानवका भागमा परेको र मोहिनी अवतार भई बाँड्दा देवताहरूको भागमा पारको, त्यसैबाट वासुकी नागबाट कालकुट विष निस्की जगत्लाई नास पार्न लाग्दा सबैले महादेवको स्तुति गरेका र महादेवले सो कालकुट घाँटीमा राखी जगत्को कल्याण गर्दा आफूलाई भत्भती पोली शीतलताका लागि गोसाइँकुण्डमा आई विराजमान भएको प्रसङ्गले यसलाई थप महत्त्व दिएको पाइन्छ । शिव कुण्डमा विराजमान भएपछि सम्पूर्ण देवीदेवताहरू आई स्तुति गर्दा शिव प्रसन्न भएर भगवान्लाई यो तीर्थमा आई स्नान गरेर मेरो स्तुति गर्ने सबैको मनोकांक्षा पूरा हुन्छ भनेकाले उक्त स्थानको हालसम्म पनि धार्मिक महत्त्व रहेको कुराको प्रसङ्ग उल्लेख गरेका छन् । पितृहरूले यो कुण्डको जल चाहने र यहाँ आएर स्नान गर्नेले मोक्ष पाउने प्रसङ्ग पनि उल्लेख गरिएको छ । गोसाइँकुण्डमा १०८ कुण्डहरू रहेका ती मध्ये प्रमुख गोसाइँकुण्ड र यसका वरिपरि रहेका भैरवकुण्ड, सरस्वती कुण्ड सूर्य कुण्ड, दीप कुण्ड, पथकुण्ड, यज्ञकुण्डका अतिरिक्त धर्मकुण्ड, चन्द्रकुण्ड पनि अवस्थित रहेको र यी जुनसुकै कुण्डको दर्शनले पनि शिवलोक दिलाउँछन् भन्ने प्रसङ्गलाई पनि यात्राकारले यस कृतिमा अटाएका छन् ।

त्यस्तै अर्को प्रसङ्गमा शैलपुत्री गौरीले बालक्रीडा गर्दा उत्पन्न पसिनाले उत्पन्न कुण्डहरू पूण्य भूमिका रूपमा रहेको कुरा उल्लेख छ भने शिवले आफू सदैव यही रहने र असल खराब मनशायका व्यक्तिहरूलाई पहिचानी मान्छे पठाउन गणेशलाई द्वारपालको रूपमा राख्नु भएकाले खराब मानिसहरू पुग्न नसक्ने तर असल मानिसहरू पुग्न सक्ने कुराको उल्लेख गर्दै यस खण्डको समाप्त भएको छ ।

**चारौं बास**

गोसाइँकुण्डमा बिहानको पूजाआजा गरी काठमाडौंतर्फ फर्कने क्रममा त्यहाँको प्रकृतिलाई धित मरुन्जेल हेरेर धुन्चे सम्मका ठाउँ ठाउँका भौगोलिक विकटता प्राकृतिक रमणीयतामा रम्दै भिज्दै थकित यात्रा गर्दै तिनीहरूलाई कवितात्मक रूपमा प्रस्तुत गर्दै धुन्चेमा पुगेर बास बसेसम्मको चर्चा प्रसङ्गलाई यस चारौं बास खण्डमा समेटिएको छ ।

गोसाइँकुण्डमा बिहानको स्नान, पूजापाठ सकी फिर्ता हुने क्रममा आफू र आफ्ना साथीहरूलाई लेक लागेको भए पनि यस ठाउँमा पुनः आउन सकिने हो कि होइन भन्ने आशयका साथ यात्राकार फेरि प्राकृतिक वातावरणको दृश्यावलोकन गर्न थाल्छन् । प्रत्येक दृश्यका छापलाई हृदयमा अंकित गर्दै वस्तुस्थिति बुझ्छन् । तत्कालीन समयको सोह्र रूपैया छाक भात रहेको होटल, हवल्दार बाबुराम श्रेष्ठले छोराछोरीको गाँस, पढ्ने अधिकारलाई समेत पन्छाई आफ्नो तलव जति महादेवको मन्दिर निर्माणमा गरेको खर्च, जनै पूर्णिमा र दशहरामा मेलालाग्ने गोसाइँकुण्डमा पर्यटकको वृद्धि, बढ्दो पाटी पौवा, होटल व्यवसाय, प्राकृतिक सुन्दरता जस्ता विविध पक्षको जानकारी लिंदै त्यस प्रकारको परिवेशमा वर्षौं बसिरहन मन लागे पनि आखिरमा यात्री नै भएकाले कुण्डसहितको प्राकृतिक दृश्यावली सहितको फोटो खिचाउँदै र मनमा साँच्दै यात्राकार सहयात्रीका साथ गणेशगौंडातर्फ लागेका छन् । गणेशगौडामा पुगी गणेश, शिव र भैरबलाई नमस्कार गरेर लौरी विनायकमा आई परम्पराअनुरूप पितृहरूका लागि स-साना २, ४ वटा ईंटा/ढुङ्गाको घर बनाउँदै एक छिन विश्राम गरी नजिकैको होटलमा चिया पिएर ओरालो झर्दै चन्दनबारी तर्फ लाग्छन् । खान बस्नको राम्रो सुविधा भएको चन्दनबारीको होटलमा फान्टा, कोक, चिया, कफी जस्ता पेय पदार्थ भएपनि कागती सर्वत खाँदै त्यहाँका पर्यटकहरूलाई नियाल्दै प्राकृतिक सौन्दर्यमा भिज्दै कविता कोर्दै अप्ठ्यारो ओरालो हिड्दै, दुर्गम भन्दा दुर्गम ठाउँ भए पनि महत्त्व बुझ्न सकेका खण्डमा त्यत्तिकै महत्त्वपूर्ण हुने र व्यावसायिक दृष्टिकोणले महत्त्वपूर्ण हुने ठान्दै घिम्सा तर्फ लागेका छन् । यात्राकारहरू घिम्सामा पुगी खाना खाएर धुन्चे जान भार्कुको बाटो उही प्राकृतिक दृश्य उही ओराला उही वनजङ्गल, वनजङ्गलका बीचमा पशुपंक्षीको चिरविर आदिसँग परिचित हुँदै भार्कु पुग्छन् । भार्कुमा सेनानी राई र चालक भीमनाथ गाडी लिएर यात्राकारहरूलाई लिन आएकाले बाँकी बाटो गाडीमा यात्रा गर्दै सेनानी राईको गृहमा इच्छा भोजन गरी लामटाङ राष्ट्रिय टोलीको पाहुना घरमा पुगेर विश्राम गरेपछि चारौं बास समाप्त हुन्छ ।

***पार्वती कुण्ड***

जेठ १६ गते लामटाङ राष्ट्रिय टोली पाहुना घरमा नै बिहानको चिया नास्ता गरी त्यहाँबाट अगाडि बढ्दै हायु गाउँ, भोटेकोसी, गन्धक खानीको प्रसङ्ग, पार्वती

कुण्डको निरीक्षण गत्लाङ गाउँ र यिनैका वरिपरिका परिवेश विशेषताहरूका बारेमा बुझ्दै र अनुभव गर्दै दिउँसो १२ बजे माङचेत गाउँमा खाना खाँदासम्मको यात्रा यस पार्वतीकुण्ड खण्डमा आएको छ । जेठ १६ गते बिहान बास बसेको स्थानमा नै चिया नास्ता गरेर यात्रा गर्दै धुन्चेपारि देखिएको हायु गाउँका बासिन्दाको स्थान प्रेमको चर्चा गर्दै यात्राटोली अगाडि बढेको छ । करिब डेढ घण्टापछि भोटेकोसीको पुल तरेर गन्धकको वासना आएकाले त्यहाँ गन्धक खानी भएको जानकारी लिंदै गन्धक खानी भएकोमा मख्ख पर्दै गन्धक झिक्न, प्रशोधन गर्न र निकासी गर्न बाँकी रहेको कुरा गर्दै सैनिकले बनाएको पहरे बाटोमा गाडीको यात्रा गर्दै असम्भव केही हुँदोरहेनछ भन्दै त्यस्तो ठाउँमा पनि सैनिकले मोटर बाटो बनाएको देखि सैनिकको प्रशंसा गर्दछन् । विकट उकालो पार गर्दै सामान्य उकालो र तेर्सो बाटो घुम्दै माङचेत हुँदै गणेश हिमालको फेदीमा रहेको पार्वतीकुण्डमा पुगेका छन् । बोझोले पुरिंदै गएको कुण्डको खासै आकर्षण नभए पनि (संरक्षणको खाँचो औंल्याउँदै) गौरीले स्नान र तपस्या गरेको सांस्कृतिक महत्त्व भने निकै रहेको यो कुण्डमा बेलाबेलामा तामाङ्हरूको जात्रा मेला हुने गरेको यात्राकार कृतिमार्फत जानकारी गराउँछन् । यस्तो धार्मिक विश्वास र धारणा धेरै भएको यो स्थानसम्म मोटरबाटो पुगेकाले यसको प्रचारप्रसार बढी हुने औंल्याउँदै कुण्डदेखि तलपट्टि रहेको गत्लाङ गाउँका बारेमा केही समय अगाडि महामारीबाट धेरै मानिस मरेपछि बाँकी रहेका मानिसहरू अफाब ठानी गाउँ नै छाडेर अन्यत्र सरेको र गाउँ नै रित्तै भएको चर्चा सेनानीबाट सुन्दै पार्वती कुण्डबाट बगेको पानी शिरमा चढाउँदै, फोटो खिच्दै माङचेत गाउँमा पुगेको देखिन्छ । ९५०० फिटको उचाईमा रहेको रमणीय यो गाउँमा गणेश हिमालको फेदीसम्म पुग्ने बाटो बनाउने योजनाअनुसार सैनिक क्याम्प बसेको, पार्वती कुण्डमा पनि गोसाइँकुण्डमा जस्तै दशहरा र जनै पूर्णिमा नै मेला लाग्ने, पार्वतीले तपोभूमि बनाएको स्थल आदि सोच्दै अनकन्टार बाटोमा गाडी कुदेकोदेखि स्व. वीरेन्द्रको “प्रत्येक मानवीय प्रयासमा दैवी शक्ति लुकेको हुन्छ” भन्ने भनाइ मनन गर्दै आफू र सहयात्रीहरू प्रमुख सेनानी कुमारबहादुर फुदुङको स्वागतमा रम्न पुग्छन् । काठमाडौंमा चिनजान भएका इन्जिनियर ऋषिकेश शर्मा, प्रधानाध्यापक ईन्दिरा थाकथुम्बा, शिक्षिकाहरू रुद्रमाया मोक्तान, देवीमाया थापा, शिला फुदुङहरूलाई भेटी त्यहाँ आउनुको उद्देश्य बारे भट्टराई

जिज्ञासा राख्छन् । हिमाली वातावरणका बारेमा विद्यार्थीहरूलाई जानकारी दिने उद्देश्यले यहाँ आएका र गोसाइँकुण्डसम्म पुग्ने जानकारी ईन्दिराले दिएपछि साहित्यकार भट्टराई नारीलाई अवला ठान्नु बेकार मान्दछन् । दिउँसोको समयमा प्राकृतिक दृश्यहरू हेर्दै र त्यस ठाउँमा बाटो भएपछि दुर्गम पनि सुगम भएको विकासको काम खुलेपछि रोजगारी पाएको त्यस ठाउँमा स्याउ, तरकारी खेतीको सम्भावना रहेको, सोमदाङमा सिसा र जस्ता खानी रहेको र त्यस ठाउँमा उद्योग व्यवसाय पनि खोले वेश हुने कुराहरू गर्दै जीवनभर अविस्मरणीय खाना, पुलाउ, मासु, तरकारी अचार खाएको प्रसङ्गबाट पार्वती कुण्ड खण्ड सकिएको छ ।

***माङचेतबाट त्रिशूलीसम्म***

माङचेतको दिउँसोको खाना खाई त्रिशूलीसम्म आउँदा बाटोमा देखिएका विभिन्न प्राकृतिक भौगोलिक ग्रामीण परिवेशको सेरोफेरोमा यस खण्ड संरचित छ ।

दिउँसो १२ बजे माङचेतबाट देखिने वातावरणको दृश्यावलोकन गर्दै पार्वती कुण्ड हुँदै, कुन्डको पानी चढाउँदै, कुण्डमा रहेका नागहरूप्रति श्रद्धा गर्दै फोटो खिचाउँदै यात्राटोली अगाडि बढेको देखिन्छ । हिमालको फेदमा तातोपानीको मूल रहेको कुरा सेनानी राईले बताउँदा यात्राकार त्यसले वैज्ञानिकहरूलाई चुनौती दिएको ठम्याउँछन् । बाईस घुम्ती ओरालो हुँदै भोटेकोसीको राक्षसी स्वरूप हेर्दै त्यसलाई तर्दै भार्कु पुग्छन् । बाटो खन्ने कुल्लीको इमान्दारिताको कुरा गर्दै, अरूण कुमारको बालसुलभ रिसलाई शान्त पार्दै ठाडेमा पुगेका छन् । जमदार रामबहादुरको आग्रहमा दुध पिएर राम्चे राष्ट्रिय निकुञ्ज सुरक्षा टोली रहेको स्थानमा पुगी दृश्यावलोकन गर्दै खाजा खाएर अगाडि बढेका छन् । चार दिनको रमाइलो यात्रा गरेर फर्कदा हर्ष र उमङ्ग बोक्दै अगाडि बढ्दा बाटोमा देखिएका केराबारी, डालेघाँसका रुख, मकैबारीले साहित्यकारलाई आफ्नो जन्मस्थानको याद दिलाउँछ । सेनानीबाट नेपाल-भोट लडाइँमा सहयोग गरेको ठूलो ढुङ्गाको जानकारी लिँदै बोकेटार, लहरेपौवा, माझगाउँ, धारापानी, कटुन्जे, कालीकास्थान, धैबुङ्कोट, गुम्बाडाँडा, राम्चे जस्ता स्थानहरू काट्दै कालीका देवीलाई टाढैबाट नमस्कार गरी शिवजीले वेतकोलौरो गाडेर वहाएको वेत्रावतीको दर्शन गर्दै अनेकौं घुम्ती पार गरेर यात्राकारहरू त्रिशूली शाही क्याम्पसमा

पुग्दछन् । यहाँबाट अगाडि बढ्दा नुवाकोट दरबार पनि पर्ने हुनाले जति ढिलो भएपनि जाने विश्वास गरेपछि माङचेतबाट त्रिशूलीसम्म खण्ड समाप्त भएको छ ।

***नुवाकोट दरबार***

त्रिशूली शाही सैनिक क्याम्पबाट नुवाकोट दरबार हेर्न जाने योजना अनुरूप आधा घन्टाको गाडी यात्राबाट वरिपरिका ग्रामीण परिवेशहरूको दृश्यावलोकन गर्दै नुवाकोट दरवारमा पुगी दरवारको विभिन्न पाटाहरूको अध्ययन गर्दै पृथ्वीनारायण शाहको राजनैतिक दूरदर्शिताको मनन गर्दै यो खण्ड सकिएको छ ।

नुवाकोट दरबारका बारेमा पत्रपत्रिकाबाट केही बुझे पनि प्रत्यक्ष अवलोकन नगरेका भट्टराई नुवाकोट दरबारको अवलोकन गर्न पाउने खुशीयालीमा अगाडि बढेका छन् । सूर्यास्त हुन लागेको भए पनि थरिथरिका रुख विरुवाहरू, आँप कटहरका फलहरू हेर्दै माथि डाँडोमा पुगेका देखिन्छन् । साँझको ६ बजिसके पनि विभिन्न प्राकृतिक दृश्यहरूसँगै डाँडामा रहेको दरबार हेर्छन् । पहिले विशाल राष्ट्र नेपालको निर्माण गर्न पृथ्वीनारायणलाई शक्ति दिने भैरवीको दर्शन गरी मन्दिरको कलात्मकताको अवलोकन गरेको पाइन्छ । त्यसपछि नुवाकोट दरबारको अवलोकन गर्दै जान्छन् । त्यहाँ काठमाडौंका जस्तै असन-इन्द्रचोक आदि स्थानहरू रहेका र दरबारको कलाकृति हेरेर दरबार बनाउने इन्जिनियर, बनाउन लगाउने पृथ्वीनारायण शाहको प्रशंसा गर्दै, पाले प्रहरी बस्ने पहिलो तला-बाहिरबाट कसैले नदेख्ने तर भित्र भएकाले बाहिरका सबै गतिविधिहरू देख्ने स्थान र दोस्रो तलामा भारदार, सल्लाहकार बस्ने स्थान तेस्रो तलामा बैठक र पूजा कोठा, चौथो तलामा सुसारेहरू, बडामहाराज, बडामहारानी बस्ने कोठा जुन पहिलो तला बनेअनुसार बनेका छन्, पाँचौ तलामा दशैं-दशैंमा पूजा आराधना गर्ने यज्ञकुण्ड, हल रहेका, छैटौं तलामा एकातिर विशेष सैनिकहरू हातहतियार सहित रहने कोठाहरू र अर्कोतिर राजद्रोहीलाई टाउको उठाउन नदिई राख्ने कालकोठरीहरू भएका र सातौं तलामा चारैतिर आँखीझ्यालहरू राखिएका जहाँबाट बाहिरी संसारको अवलोकन गर्न सकिन्छ । यस्तो दरबारको अवलोकन गर्दै पृथ्वीनारायणको दूरदर्शिताको प्रशंसा गर्दै नुवाकोट दरबार खण्ड सकिन्छ ।

***पाँचौ वास***

नुवाकोट दरबारबाट हिँडेर आफ्नो घर पुगुन्जेलसम्मको समयावधिमा यो खण्ड बाँधिएको छ । यसै सन्दर्भमा नुवाकोट दरबारको रमाइलो अनुभूतिले एक दुई दिन त्यहीं बिताउने यात्राकारको इच्छा भए पनि अन्ततः काठमाडौं पुग्नै पर्ने बाध्यताले यात्राटोली त्रिशूली सैनिकक्याम्पमा कोकाकोला पानी खाँदै गाडी चढी यात्रारत रहेका छन् । त्रिशूली बजार छोडी तादीको पुल तर्दै बाहिर अँध्यारो भइसकेकाले प्राकृतिक दृश्यावलोकन गर्न नपाए पनि टाढाका पिलपिले बत्तिहरू हेर्दै र यात्राका सुखद संझनाहरू मनमा खेलाउँदै अगाडि बढ्छन् । रानीपौवा पुगेर विश्राम गरी केशर राणाले बाँडेको निम्की, फुरन्दानाले भोक शान्त पार्दै त्रिशुलीको बाटो काठमाडोंतर्फ लाग्दा सुनसान भइसकेको छ । बाटोमा मूला बेच्ने व्यापारीहरू देखेर लगनशीलताको प्रशंसा गर्दै आफूलाई चाहिए जति मूला पनि किन्दै अगाडि बढेका यात्राकार काठमाडौंको कृत्रिम वातावरणमा आइपुग्छन् । बत्तिको झिलिमिलि हेर्दै यज्ञ विक्रमको घर वानेश्वर आइपुगेपछि यात्रा साहित्यकार वरुणेश्वर वानेश्वर बनेको रोचक प्रसङ्ग संझदै साथीको आग्रहमा केही चियानास्ता खाएर एकछिन आराम गर्दै यज्ञविक्रमको घरको साहित्यिक वातावरणमा भुल्दै, सैनध्वज नन्दकुमारी विद्वतवृति तथा पुरस्कार, झपटपुरस्कार, मदनपुरस्कार पुस्तकालय पनि यहींबाट जन्मेको स्मरण गर्दै सद्भावपूर्ण यात्राका लागि साथीहरूसँग आभार प्रकट गरी घर पुगेपछि श्रीमतीले राखेको यात्राकुशलताको जवाफमा यही यात्रा संस्मरण छोरालाई पढ्न दिई दिनेशले पढेर सुनाएपछि यो पाचौं वास खण्ड समाप्त हुन्छ ।

### ४.२.५ भ्रमणकर्ता र भ्रमणकर्तासँग सम्बद्ध व्यक्तिहरू

घटराज भट्टराईद्वारा लेखिएको यात्राकृति **गोसाइँकुण्ड**मा प्रमुख पात्रका रूपमा यात्राकार भट्टराई स्वयम् उपस्थित भएका छन् । यात्राका क्रमशः देखेभोगेका घटनाहरू यस कृतिमा मुख्य विषयवस्तु बनेर आएका हुन्छन् । गोसाइँकुण्ड जाने क्रममा काठमाडौंदेखि सुरु भएको यात्रा गोसाइँकुण्ड पुगेर पुनः काठमाडौं आइपुगुन्जेल यात्राकार साथै अन्य व्यक्तिहरू पनि सम्बद्ध हुन आएका छन् । यात्राकारलाई यात्रा गर्न सरिक बनाउने यज्ञविक्रम राणा र केशरकुमारी राणा सहयोगी पात्रका रूपमा आएका

छन् । सुखदु:खमा साथ दिंदै यात्रा दलमा सरिक हुने अन्य सहयोगी व्यक्तिहरूमा एउटा बालक अरूण विक्रम पनि रहेको छ जसले यात्राकारलाई बालमनोविज्ञानअनुसार कार्य गरे बालक पनि खुसी हुने र आफ्नो कार्य पनि सफल हुने कुराको बोध गराएको छ । त्यसै यात्रादलका मोहन गुरुङ्ग, भीमनाथ दवाडी, दिलीप राई, बाबुराम बानियाँ जस्ता व्यक्तिहरूले पनि भट्टराईलाई विभिन्न ठाउँहरू र धार्मिक विश्वासका बारेमा तथा बाटाघाटाहरूको जानकारी दिंदै यात्रा सफल बनाउन मद्दत गरेका छन् । यी व्यक्तिहरूसँगको भ्रमणले पनि भट्टराईलाई यात्राकृति रचना गर्न प्रशस्त मार्गदर्शन प्राप्त भएको देखिन्छ । यात्राकै क्रममा ज्ञानोदयका शिक्षक-शिक्षिकाहरू, बोटानी विषय लिई एम.एस्सी पढ्दै गरेका विद्यार्थीहरूका उपस्थितिले यात्राकारलाई हिमाली वन, प्रकृतिको बारेमा थप बुझ्न मद्दत मिलेको देखिन्छ । त्यस्तै यात्राकै अवसरमा गोसाइँकुण्डको दर्शन गरेर फर्कने मान्छेहरू, होटल व्यवसायीहरू, सेनाका विभिन्न कर्मचारीहरू, पनि सहयोगीका रूपमा यस यात्रा कृतिमा अटाएका छन् जसले गर्दा भट्टराईलाई विभिन्न स्थान तथा विभिन्न पक्षको जानकारी लिन मद्दत पुगेको छ । यसरी केन्द्रीय चरित्रमा यात्राकार भट्टराई स्वयम् उपस्थिति छन् भने आफू वरिपरि अनेक सहायक सहयोगीहरूको उपस्थिति देखाई भ्रमण वृत्तान्तलाई रोचक, विश्वसनीय एवम् सार्थक तुल्याउन सफल भएका छन् ।

### ४.२.६ परिवेश

परिवेश भित्र देश, काल र वातावरण आएका हुन्छन् । प्रस्तुत गोसाइँकुण्डको परिवेशभित्र नेपालको हिमाली क्षेत्रमा रहेको धार्मिक क्षेत्र गोसाइँकुण्ड आएको छ । काठमाडौंबाट यात्रा तय गरेपछि करिब ५ दिनको समयावधिमा गोसाइँकुण्ड पुगेर पुनः काठमाडौँ फर्किएसम्मको समयावधि यसमा रहेको छ । हिमाली परिवेशका रमणीय दृश्यहरू, हिमाली शृङ्खलाहरू, तालतलैया, पाटीपौवा, वनजङ्गल, उकाला-ओराला, गाउँबस्ती आदिका परिवेश चित्रण प्रस्तुत कृतिमा गरिएको छ । यात्राटोलीले कष्टपूर्ण यात्रागर्दा पाठक पनि अत्तालिन्छ भने रमणीय वातावरणमा रमाएको बेलामा पाठकको मन पनि रमाउँछ भन्ने कुरा यस कृतिले व्यक्त गरेको छ । यात्राटोली सकुशल गोसाइँकुण्डको दर्शन गरेर फर्केकामा पाठकको मन आनन्दित हुन्छ । यसरी यस

कृतिमा काठमाडौंको सहरी वातावरणदेखि रसुवाको हिमाली काखसम्मको भौगोलिक, प्राकृतिक तथा सामाजिक, सांस्कृतिक परिवेश यस यात्रा कृतिमा समेटिएको छ ।

### ४.२.७ उद्देश्य

हिमाली वातावरण र धार्मिक महत्त्वको विषयवस्तु भएको गोसाइँकुण्डसँग सम्बन्धित विषयवस्तुमा यो कृति तयार भएको छ । यस कृतिको मूल उद्देश्य गोसाइँकुण्डको यात्रा गर्दाका परिस्थिति र गोसाइँकुण्डका बारेमा जानकारी दिनु रहेको छ । यसका साथै हिमाली वातावरणको विविधता चित्रण गर्नु, विभिन्न हिमालहरूको परिचय गराउनु, उद्योगधन्दा खोल्न सकिने सम्भावित स्थानहरूको बारेमा जानकारी गराउनु, पौराणिक महत्त्वका स्थानहरूको जानकारी दिनु, पर्यटकीय स्थलहरूको सम्भावना देखाउनु, गोसाइँकुण्ड जाँदा आउँदा अपनाउनु पर्ने पूर्व सावधानीहरूका बारेमा सचेत गराउनु लगायतका थुप्रै उद्देश्यहरू रहेका छन् । यीबाहेक हिमाली जीवनको जीवन भोगाइ, बस्तीका गाथाहरू, स्थानप्रेम, राष्ट्रिय निकुञ्जको परिचय दिने लगायतका उद्देश्यहरू पनि यस कृतिले लिएको छ ।

### ४.२.८ भाषाशैली

भाषाशैली अभिव्यक्तिको महत्त्वपूर्ण माध्यम हो । साहित्यमा यसको महत्त्वपूर्ण स्थान रहन्छ । जीवन भोगाइका अनेकौं दृश्यहरू यात्रासाहित्यमा उतारिन्छ जसको माध्यम भाषा नै हो । यात्रा साहित्य यथार्थलाई वरण गर्ने विधा भएको हुनाले यसमा प्राय गद्य भाषाको प्रयोग हुन्छ भने पद्य पनि स्वीकारिन्छ । प्रस्तुत कृतिको भाषाशैली सरल छ । वर्णनात्मक एवं चित्रात्मक छ । यात्राकार गोसाइँकुण्ड पुगेर फर्केर आउँदा पाठक आफैं पुगेर आएको अनुभूति कृति पढिसक्दा हुन्छ । यात्राकार अप्ठ्यारो बाटोमा जाँदा पाठक आफैंलाई अप्ठ्यारो भएको महसुस गर्छ । भाषाशैलीकै माध्यमबाट यात्राकारले हिमाली दृश्यको वर्णन गर्दा पाठकलाई आफ्नै आँखाले देखेको अनुभूति दिलाएका छन् । यसमा लेखकले संस्कृतका निरञ्जन परमेश्वर, परमात्मा जस्ता शब्दको प्रयोग ठाउँठाउँमा गर्नुका साथै रसुवा भेगमा स्थानीय रूपमा बोलिने शब्दहरूको पनि प्रयोग गरेका छन् । यसले गर्दा कृतिले जीवन्तता प्राप्त गरेको छ । जे

होस् परिष्कृत भाषामा सलल बगेको भाषाशैली यस कृतिमा प्रयुक्त छ र यही भाषाशैलीगत अभिष्टताकै कारण प्रस्तुत कृति आकर्षक एवम् रोचक बन्न पुगेको छ ।

## ४.३ 'भानुयात्राका आठ दिन' को विवेचना

### ४.३.१ लेखन तथा प्रकाशनको पृष्ठभूमि

वि.सं. २०५३ सालको पौष महिनामा भानुभक्तको खोजमूलक वृत्तचित्र तयार पार्ने उद्देश्यले नेपाल, दार्जीलिङ, कालेबुङ, सिक्किम आदि स्थानमा गरेको भ्रमण र अनुभवहरू यसका विषयवस्तु बनेर आएका छन् । आदिकवि भानुभक्तले नेपाली भाषा साहित्यमा गरेको योगदान सत्यतथ्य खोजी प्रकाशमा ल्याउन साहित्यकारहरू लागिपरेपछि यो कृति बन्ने पृष्ठभूमि तयार भएको छ । यात्रा गर्दाका कुराहरू टिपी आफ्ना अनुभूतिसँग मिसाएर प्रस्तुत गर्ने भट्टराईले नेपालदेखि भारतका विभिन्न स्थानमा भ्रमण गर्दाका अनुभूतिहरू प्रस्तुत गरेर भानुभक्तको अवस्थाबारे प्रकाश पार्न खोजेका छन् । यसबाहेक विभिन्न ठाउँका विशेषताहरूका बारेमा पनि जानकारी दिने उद्देश्यले यो कृति तयार भएको छ । भारतका कतिपय स्थानमा नेपाली भाषाप्रतिको झुकावका बारेमा भएको धारणा पनि यस कृतिले छर्लङ्ग्याएको छ । नेपालबाट भानुको खोज गर्न गएका साहित्यकारहरूलाई भारतका दार्जीलिङ्ग, सिक्किम, कालेबुङका नेपालीहरूले गरेको सहयोग, श्रद्धा र सम्मानले भानुसम्बन्धी थप खोज गर्ने हौसला प्रदान गरेको छ । नेपालको भानुजन्मस्थलमा जाँदाको अनुभूति, भानुको जन्मस्थलको अवस्था नेपाली साहित्यमा भानुले गरेको योगदानको मूल्याङ्कन, बीस वर्षपछि आफ्नो जन्मस्थल पुग्दाको अनुभूति आदिले यो कृति प्रकाशन गर्ने पृष्ठभूमि तयार भएको छ । योबाहेक साहित्यानुरागी जो कोही पाठकले पनि यसको अध्ययन गर्न रुचिकर हुनेछ भन्ने उद्देश्यले यसको प्रकाशन २०५४ साल असार २९ गते १८४ औं भानुजयन्तीको उपलक्ष्यमा चावहिलको सृष्टि प्रकाशनबाट भएको छ ।

### ४.३.२ शीर्षकविधान

घटराज भट्टराईद्वारा लेखिएको **भानुयात्राका आठ दिन** भानुभक्तको बारेमा खोजी गर्ने उद्देश्यले भारतमा गरिएको यात्राको आठ दिनलाई लिएर लेखिएको छ । यी दिन बाहेकका भानुभक्तको जन्मस्थान रम्घामा गरेको यात्रा, चितवनको सिद्धिचरण प्रतिष्ठान

र मचान वाइल्ड लाइफ रिसोटले आयोजना गरेको कार्यक्रममा जाँदाको समय र बीसवर्षपछि ओखलढुङ्गा जाँदाका अनुभवहरू पनि यसमा रहेका छन् । पछिल्ला दुई प्रसङ्गहरू भानुभक्तसँग सम्बन्धित नभए पनि अन्य प्रसङ्गहरू भानुभक्तकै सेरोफेरोमा केन्द्रित छन् । भानुभक्तसम्बन्धी वृत्तचित्र तयार पार्ने सिलसिलामा गरेको यात्रालाई भानुयात्रा नामकरण गरिएको छ । यसरी हेर्दा नेपाली भाषाको एकीकरणकर्ता भानुभक्तको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गई खोजी गर्दा भोगिएको देखिएको, यथार्थलाई लिएर लेखिएको प्रस्तुत कृतिको शीर्षक सार्थक देखिन्छ ।

### ४.३.३ संरचना

संरचनाले कृतिको बनोट पक्षलाई जनाउँछ । भानुयात्राका आठ दिन यात्राकृतिको संरचनालाई हेर्दा यो जम्माजम्मी ९० पृष्ठमा संरचित भएको छ । भानुभक्तको खोज गर्ने उद्देश्यले गरेका ८ दिने यात्रालाई प्राथमिकता दिएर लेखिएको प्रस्तुत कृतिमा विभिन्न शीर्षक-उपशीर्षकहरू दिइएको छ । जसमा १. भानुलाई पुरस्कार सिलगुडीसम्म दौड्यो कार, २. अन्योलको बेला देवकोटा सङ्घको भेला, ३. डुवर्स जानाको हेतु रविन्द्रभानुसेतु, ४. दौडादौडका अभ्यागत मुख्यमन्त्रीको स्वागत ५. महाकविको घर लडिएला भन्ने डर, ६. कालेवुङको बास नेपालीपनको सुवास ७. दार्जीलिङको बसाइ स्वर्गको भोगाइ, ८. भानुयात्राको सार पुस्तक र नुनको उपहार, ९. आदिकवि भानुभक्तको जन्मस्थलको परिक्रमा गर्दा, १०. प्रकृतियात्रा प्राकृतिक प्रसङ्ग, ११. बीसवर्षपछिको मेरो प्यारो ओखलढुङ्गा, १२. मैले संस्कृत किन पढें ?, १३. संस्कृत छात्रवास र म, १४. आधा शताब्दीको कथा जस्ता शीर्षकहरू रहेका छन् भने पहिलो दिन दोस्रो दिन, तेस्रो दिन, चारौं दिन, पाँचौं दिन, छैटौं दिन, सातौं दिन र आठौं दिन जस्ता उपशीर्षकहरू पनि यसमा आएका छन् । शीर्षक एकदेखि एघारसम्म यात्रासँग सम्बन्धित छन् । भने, १२, १३ र १४ यात्रासँग सम्बन्धित लेख होइन उपशीर्षक अन्तर्गतका कुराहरूको सारका रूपमा शीर्षकका वाक्यांश आएका छन् । जेहोस् यात्रासँग सम्बन्धित प्रस्तुत कृति आकारका दृष्टिले मझौला आकारमा संरचित छ ।

### ४.३.४ परिच्छेदगत मुख्य विषयसन्दर्भ

'भानुयात्राका आठ दिन' घटराज भट्टराईको यात्रा साहित्यिक कृतिहरूमध्ये तेस्रो प्रमुख कृति हो । यस कृतिमा मुख्यतः भानुभक्तले नेपाली भाषा र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको वृत्तचित्र तयार गर्ने क्रममा खोजमूलक भ्रमणका आठ दिनका विषय प्रसङ्गहरू समेटिएका छन् भने यात्राकारका अन्य भ्रमणसम्बन्धीकै विषयवस्तु र अन्य विषयवस्तुसमेत समेटिएका छन् । जुन यसप्रकार छन्:-

१. भानुलाई पुरस्कार सिलगुडीसम्म दौड्यो कार २. अन्यौलको बेला देवकोटासङ्गको भेला ३. डुवर्स जानाको हेतु रवीन्द्र भानुसेतु, ४. दौडादौडका अभ्यागत मुख्यमन्त्रीको स्वागत ५. महाकविको घर लडिएला भन्ने डर, ६. कालेबुङको बास नेपालीपनको सुवास, ७. दार्जीलिङको बसाइ स्वर्गको भोगाइ ८. भानुयात्राको सार पुस्तक र नुनको उपहार ९. आदिकवि भानुको जन्मस्थल परिक्रमा गर्दा १०. प्रकृति यात्रा प्राकृतिक प्रसङ्ग ११. बीस वर्ष पछिको मेरो प्यारो ओखलढुङ्गा, १२. मैले संस्कृत किन पढें ? १३. संस्कृत छात्रवास र म १४. आधा शताब्दीको कथा, प्रस्तुत कृति यसप्रकारका १४ वटा शीर्षकमा विभाजित भएपनि १ देखि ११ सम्मका यात्रासम्बन्धीका विषयशीर्षकहरूका प्रमुख सन्दर्भहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ ।

**भानुलाई पुरस्कार सिलगुडीसम्म दौड्यो कार**

***पहिलो दिन***

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जीवनीमा आधारित वृत्तचित्र तयार गर्ने क्रममा काठमाडौंदेखि सिलगुडीसम्म पुग्दाका भाषिक, साहित्यिक प्राकृतिक, भौगोलिक विषय सन्दर्भका कुराकानीबाट **भानुलाई पुरस्कार–सिलगुडीसम्म दौड्यो कार** खण्ड समेटिएको छ ।

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जीवनीमा आधारित वृत्तचित्र तयार गर्न कमल दीक्षितको नेतृत्वमा यादव खरेल, डा. बासुदेव त्रिपाठी, प्रमोद ढकाल र यात्राकार स्वयम् २०५३ साल पुस १९ गते विराटनगर हुँदै सिलगुडी जान विहान ९ गते विमानस्थल तर्फ लागेका छन् । विमानस्थलमा यात्राटोलीमध्येमा सर्वप्रथम आफैं

पुगेको, त्यसपछि प्रमोद, दीक्षित, डा. त्रिपाठी र अन्त्यमा खरेल आइपुगेका प्रसङ्गको उल्लेख गरेका छन् । तोकिएको समयभन्दा एक घण्टापछि भएको हवाइ यात्रा नेकोन एयरबाट कुहिरोले ढाकेको प्रकृति माथिबाट शुरु भएको देखिन्छ । हवाइ परिचारिकाहरूको स्वागतमा पत्रिका पढ्दै, नास्ता खाँदै, चिट्ठा खेल्दै समय बिताएको, चिट्ठामा प्रमोद ढकालले पाएको पुरस्कार पूर्वशर्त बमोजिम भानुभक्त वृत्त चित्र निर्माण कोषमा नै जम्मा हुने भएपछि भानुभक्त पुरस्कृत भएको ठान्दै विराटनगर पुगेको प्रसङ्ग उल्लेख गरेका छन् । रवीन्द्रनाथ जोशीले उपलब्ध गराएको गाडी चढी तिलक शेरचन र राजेश शमशेर राणासँग यात्राटोली पूर्वतर्फ लागेका देखिन्छन् । साहित्यका बारेमा चर्चा गर्दै दमकमा चियानास्ता खाएर, विर्तामोड, धुलाबारी हुँदै काँकडभित्ता पुगी पैसा साटेर मेचीपुल पार गर्दै भारतको सिलगुडी पुगेका र त्यहाँ वी.वी. लकान्द्रीकोमा पुगी उनकी छोरीको चिया बिस्कुटको सम्मानपछि विश्राम गर्दै लकान्द्रीले तय गरिदिएको अतिथिगृहमा बास बस्ने प्रवन्ध गरेको देखिन्छ । नेपाली मूलका भारतीय नागरिक, कवि, निबन्धकार, कथाकार, त्यहाँका अधिकृत र सचेत नागरिक लकान्द्रीले अरू अरू भाषामा भएका अवतार पुरुषहरू जस्तै तुलसीदास, साइबाबा, रामकृष्ण, परमहंस जस्ता नेपाली भाषामा कोही नभएका र जे छन् भानुभक्त नै छन् भनी भानुभक्तलाई नेपाली भाषालाई अवतार पुरुष मानी नेपाली भाषालाई एकताको सूत्रमा बाँध्ने भानुभक्त नै भएको विचार व्यक्त गर्दै नेपाली जातिमा अस्तित्व भएपनि हाल अस्तित्वोधमा कमी आएको तर अब बन्ने वृत्तचित्रले केही काम गर्नेछ भन्दै आफ्नो चिन्तालाई केही सान्त्वना पनि दिएका देखिन्छन् । यस प्रकारका कुराकानी चिन्तन मनन गर्दै खाना खाए पछि नेपाली दैनिक **आजभोलि**सँग दीक्षितले आगमनको लक्ष्य बताएपछि रातको १०:०० बजे लेखनाथ पौड्यालले भानुभक्तका बारेमा लेखेको कविता गुनगुनाउँदै सुतेपछि पहिलो दिन खण्ड सकिन्छ ।

**अन्योलको बेला देवकोटासङ्घको भेला**

***दोस्रो दिन***

पुस २० गते बिहानको नित्यकर्मबाट सुरु भएर भानुसम्बन्धी विभिन्न प्रसङ्गहरूमा छलफल भेटघाट गर्दै विभिन्न ठाउँमा स्थापित भानुप्रतिमा हेर्दै रातको

नौ बजे धरणीधरले भानुसम्बन्धी रचेको कविता स्मरण गर्दै विच्छ्याउनामा पल्टिदा सम्मको समयावधि यस खण्डमा समेटिएको छ ।

यात्राकार पुस २० गते बिहान नित्यकर्म गर्दै रातमा उत्तर सिरान गरेर सुतेको हुनाले वाथरुममा चिप्लिएर तालु ठोकिएको प्रसङ्ग स्मरण गर्दै भोलिदेखि सिरान बदल्ने सोच्दै चिया नास्ता गरी उत्तरबङ्ग विश्वविद्यालय र नक्सलवाडीमा भानुभक्तको प्रतिमा हेर्ने निधोमा पुगेका देखिन्छन् । भानुभक्तकै व्यङ्ग्यात्मक कविता लाम्खुट्टे, उपियाँ, उडुस यी संगी छन् . . . गाउँदै ढकालले यिनै जन्तुले सुत्न नदिएको गुनासो पोखेपछि उनीप्रति सहानुभूति बाँडेका र दीक्षितले मोहन कोइराला र ईश्वरबल्लभका कविताबारे जिज्ञासा राख्दा खरेलले भानुमै केन्द्रित हुन आग्रह गरेको प्रसङ्गको उल्लेख गरेका छन् । यसै क्रममा त्रिपाठी चौधौं शताब्दीदेखिको नेपाली भाषाको इतिहास वृत्तचित्रमा समेट्ने प्रस्ताव गर्छन् भने खरेल सम्भव नहुने सङ्केत गर्दै नेपालमा, भारतमा, भुटानमा, वर्मामा र अन्य देशमा परेको भानुभक्तको प्रभाव देखाउने तर्क अगाडि सार्छन् । यस्तै कुराकानीका बीचमा चियानास्ता गरी उत्तरबङ्ग विश्वविद्यालयको नेपाली कक्ष अवलोकन गरी यात्राटोली स्वतन्त्र रूपमा आ-आफ्ना विचार प्रकट गर्दै डा. भीमकान्त उपाध्यायको निवासमा पुगेका देखिन्छन् । चिया नास्ता खाँदै विश्वविद्यालयमा नेपाली भाषाको स्थिति र भानुभक्तको प्रश्नोत्तर कविता माध्यमिक तहमा रहेको, एम.ए. नेपाली प्रथम वर्षमा २३ र द्वितीय वर्षमा ९ जना विद्यार्थी रहेका, ६ जना प्राध्यापक रहेका र रिडरसम्म पुगेका आदि जानकारी लिएर यात्राटोली नक्सलवाडी गई भानुभक्तको पूर्णकदको सालिक हेर्दै आनन्द मान्दै सिलगुडीतर्फ लागेको प्रसङ्ग उल्लेख गरेका छन् । उत्तरवंग विश्वविद्यालय डा. भीमकान्त निवासमा डा. तुलसीबहादुर क्षेत्री र डा. जगत क्षेत्रीसँग भेटका क्रममा डा. तुलसीले यहाँ त समाउने हाँगा र टेक्ने खुड्किलो भानुभक्त नै हुन् भन्दा यात्राटोली थप उत्साहित भएका देखिन्छन् । त्यहीँ खाना खाएर साहित्यसम्बन्धीका कुरा गर्दै गर्दा भानुभक्तको वृत्तचित्रसम्बन्धी समाचारलाई महत्त्व दिएर छापिएको आजभोलि दैनिक पत्रिका लिएर मिमलाल सापकोटा र युवराज काफ्ले आइपुगेका देखिन्छन् । भानुसम्बन्धीकै विषयमा परामर्श गर्न र कार्यक्रम तयार गर्न सबै देवकोटा सङ्घतर्फ लागेका देखिन्छन् । देवकोटा

सङ्घमा देवकोटा ग्रामीण पुस्तकालय रहेको र यसको स्थापना र सञ्चालन भएको देख्दा आफूहरू नेपालमै भएको अनुभव गरेका छन् । देवकोटा सङ्घमा परामर्शका लागि थुप्रै व्यक्तिहरू उपस्थित भएका हुन्छन् । यात्राटोलीले वृत्तचित्रको लक्ष्य बताएपछि आसाम र डुवर्सको स्थिति मिमलालले, देहरादुनको भुपेन्द्रले, सिक्किमको डा. अपतनले दार्जीलिङको, डा. जगतले यथार्थ स्थिति बताइदिएको प्रसङ्ग यात्राकारले उल्लेख गरेका छन् । भेलाको निष्कर्षबाट जुलाइ महिनाभर अरू कार्यक्रम राख्न नपाइने, भानुजयन्तीमा सार्वजनिक विदा हुने, भानुजयन्ती राष्ट्रिय चाडका रूपमा मनाउने, त्यो महिनाभर भानुजयन्तीकै खबरले पत्रिका पूर्ण हुने, भानुप्रतिमा, भानुसरणी, भानुसङ्घ, भानुनगर, भानुविद्यालय जस्ता संस्था धेरै रहेका पश्चिम बङ्गालको विधानसभामा भानुको चित्र रहेको जस्ता यथार्थ खुलेको देखिन्छ । यात्राकारले देहरादुनमा विशिष्ट आगन्तुकले भानुप्रतिमामा माल्यार्पण गरेपछि मात्र अन्य कार्यक्रममा भाग लिन जाने चलनको जानकारी भुपेन्द्रबाट लिएका छन् । भारतभूमिमा आफ्ना अभीष्टदेव भानुको चलचित्र बनाउन आएकोमा सन्तुष्ट व्यक्तिहरूले पारिजात पुरस्कार १०,००० र भानु पुरस्कार ५,००० भएकोमा असन्तुष्टि पोख्दै साहित्यिक गतिविधिका कुरा गर्दै सुनचरिका सम्पादक डा. कुमार प्रधानका निवासमा गई सुनचरीको योगदानको प्रशंसा र भविष्यमा पनि यस्तै सेवा जारी रहोस् भन्ने सुझाव दिंदै अतिथिगृहमा आइपुगेको प्रसङ्ग उल्लेख छ । अतिथि गृहमा मिमलालका नेपाली भाषा प्रचार समितिका समस्या सुन्दै र समाधानका अनेकौं उपायहरू सोच्दै बेलुकाको ९ बजे खाना खाई निद्रादेवीका काखमा ढल्कन पुगेका यात्राकार धरणीधरको भानुभक्त सम्बन्धीको कविता सम्झदै निदाउँछन् र यहीं यो खण्ड समाप्त भएको छ ।

**डुवर्स जानाको हेतु रवीन्द्र भानुसेतु**

***तेस्रो दिन***

यात्राकारहरू डुवर्समा भानुभक्तवारेका विविध पक्षलाई अध्ययन अनुसन्धान गर्न जाने क्रममा सो क्षेत्रका ज्ञाता कवि जगदीश अधिकारीबाट डुवर्सका नेपालीहरूको जानकारी लिंदै अधिकांशतः भानुभक्तबारेकै जिज्ञासा लिंदै र बाटोमा देखिएका प्राकृतिक, भौगोलिक, सामाजिक पक्षहरू केलाउँदै कतै कविताहरू स्मरण गर्दै नाम्ची

पुगी त्यहाँको स्थानीयताका बारेमा बुझ्दै बेलुकाको खानपिनपछि विछ्याउनामा पल्टदै बालकृष्ण समको भानुसम्बन्धीको कविता गुनगुनाउँदै गर्दा सम्मको यात्रा प्रसङ्ग यस खण्डमा अटाएको छ ।

डुवर्सको बारेमा जान्ने बुझ्ने कवि जगदीश अधिकारी यात्राकारहरूलाई डुवर्स लैजानका लागि अतिथि गृहमा आएका, उनले आफ्ना कविता र भानुका रामायण लय हालेर सुनाएका कुरालाई यात्राकारले सुरुमा चर्चा गरेका छन् । काठमाडौं तथा भारतको खबरका बारेमा दुई दिनदेखि बेखबर भएका यात्राकारहरू अतिथिगृहमा आएको बंगाली भाषाको पत्रिका बंगाली भाषा बुझ्ने कमल दीक्षितले पढ्दै नेपालीमा उल्था गर्दै सुनाएको प्रसङ्गको चर्चा पनि यात्राकारले गरेका छन् ।

जगदीशका माध्यमबाट डुवर्सको नेपालीहरूको अवस्थाका बारेमा बुझ्ने क्रममा लालमणि हाट, पार्वतीपुरतिर धेरै नेपालीहरू रहेको, प्रत्येक बेलुका भानुभक्तको रामायण वाचेर सुनाइदिने, रामायण पाठ प्रतियोगिता हुने, पूर्वी र पश्चिमी दुबै भाकामा रामायण वाचन हुने, थुप्रै नेपाली भाषासेवीहरू रहेका, नेपाली माध्यममा पनि पढाइ हुने, भानुजयन्ती पालैपालो गरी विभिन्न क्षेत्रमा मनाइने, दशैंतिहार भन्दा भानुजयन्ती ठूलो चाड हुने जस्ता विभिन्न गतिविधिहरूको जानकारी लिएको देखिन्छ । काठमाडौंबाट यात्राटोली जानु, गोरखाल्याण्डको गतिविधि बढ्नु, साझा प्रकाशनको शाखा खोलिनु जस्ता गतिविधिले राजनीतिक दृष्टिले हेरिने होकि भनी शंका गर्दै र केही गर्न खोजेर भानुलाई आठ दिन अर्पेकोमा मख्ख पर्दै १०.३० बजे डुवर्सतर्फ लागेका देखिन्छन् । बाटोमा नयाँ वर्षको पहिलो आइतबार परेकाले वनभोजको उत्सव मनाइरहेका, अनेकौं दृश्यहरू हेर्दै, लालुगढा हुँदै वनजङ्गल, खोलानाला, वस्तुभाउ, मोटरगाडी, मानववस्ती आदि हेर्दै, नयाँ नयाँ अनुभूतिहरू संगाल्दै अगाडि बढ्छन् र टिष्टा पार गर्दै बाघ पुल तरेर एलेनबारी, बाँसबारी हुँदै विभिन्न दृश्यावलोकन गर्दै वाग्राकोट पुगेका छन् । यात्राकै क्रममा ओदलावारी, मालबजार हुँदै चिया बगान र हरियाली गाउँहरू हेर्दै डामडिम बजार हुँदै बाघ, भालु, गैंडा, हात्ती भएको घना जंगल पार गरेर यात्रा टोली जलढक्का पुगेका देखिन्छन् । जलढक्का खोलाको पारी विश्वकवि रवीन्द्रनाथ र आदिकवि भानुभक्तका प्रतिमाहरू भएको स्थानमा पुगी त्यहाँ तस्वीर

खिचाउँदै, चिया पिउँदै, नेपाली भाषीसँग कुराकानी गर्दै, टाढा बजेको नेपाली गीत सुन्दै मख्ख परेर रवीन्द्र भानु सेतुको अविस्मरणीय छाप मनभरि सँगालेका प्रसङ्गको उल्लेख गरेका छन् । यात्राकार समको भाषाप्रेमी कविता सम्झदै भाषाका कारणले नै यहाँ आइपुगेका भन्ने ठान्दै पुनः उही बाटो फर्किएका छन् । बाटामा अनेक प्रसङ्गहरू सुन्दै र सुनाउँदै घनघोर जङ्गल पार गरेर सिलगुडीको छेउमा आइपुगेपछि भोक शान्त पार्न पोलेका मकै एक एक घोगा खाँदै सिलगुडीको भानुको प्रतिमा हेरी त्यहाँबाट सिक्किमको नाम्चीतर्फ जाने योजना बनाए अनुसार टिष्टाको पुल हुँदै जङ्गलै जङ्गल लोहा खोला तरेर टिष्टा बजार पुगेका देखिन्छन् । विश्वको सबभन्दा लामो झोलुङ्गेपुल हेर्दै यात्रा टोली मल्ली पुग्छन् । त्यहाँबाट विभिन्न स्थानका विशेषताहरूसँग परिचित हुँदै र कथा भन्दै बेलुका ६ बजे नाम्ची पुगेका देखिन्छन् । यात्राटोलीको स्वागतका लागि नाम्चीमा आएका पाहुनाहरूसँग भलाकुसारी गरी खानपिन गरेर विछ्यौनामा पल्टदै यात्राकार बालकृष्ण समको भानुभक्त सम्बन्धीको कविता सम्झदै पढ्न थाल्छन् र यो खण्ड समाप्त हुन्छ ।

**दौडादौडको अभ्यागत मुख्यमन्त्रीको स्वागत**

***चारौं दिन***

नाम्चीमा विहानको सूर्योदयसँगै स्नान सन्ध्या पछि आफू बसे बाहिरको पहाडी दृश्यावलोकन गर्दै त्यहाँका दैनिक गुजाराका बारेमा बुझ्दै, विभिन्न व्यक्तित्वहरूसँगको भेटघाट, भानुका प्रतिमाहरूको अवलोकन जस्ता विषयसन्दर्भहरू यस खण्डमा आएका छन् ।

विहानै उठी नित्यकर्म गरेर बाहिरको दृश्यावलोकन गर्दै रमणीय वातावरण, खेतीयोग्य जमिन कम भएको, सुन्तला, अदुवा, अलैंची, मास, भटमास, त्यहाँका मुख्य उत्पादन भएका र यिनैको किनबेचबाट जीविकोपार्जन हुने कुराको जानकारी लिंदै, बालगीतको सुमधुर वातावरणलाई छोड्दै भानुभक्तको प्रतिमाको अवलोकन गर्न गएका देखिन्छन् । खादा चढाएर भानुभक्तलाई प्रणाम गरी त्यहाँका साहित्यकारहरूसँग परिचित भई विहानको साढे दस बजेतिर गान्तोकतर्फ लागेका यात्राकार बाटामा अनेक

कथा, उपकथा, भन्दै र रोचक प्रसङ्गहरू उल्लेख गर्दै दामथाङ नगर, सिङ्ताम बजार हुँदै अगाडि बढिरहेका देखिन्छन् । बाटामा देखिने विभिन्न थरिका दृश्यहरूलाई हेर्दै र छाड्दै टार्कुबजार हुँदै गेजिङ रावुङ्तर्फ पुग्छन् । सिङताम बजारमा, चिया पिएर भानुभक्तको प्रतिमा हेर्न जान्छन् । जतातत‌ै भानुभक्तको दर्शन पाएर मख्ख पर्दै रानीपुल, सुरुङमार्ग झर्ना आदिका दृश्यावलोकन गर्दै गान्तोक पुग्छन् । गान्तोकमा स्वागतार्थ बसेका साहित्यकारहरूको अभिवादन स्वीकार्दै मिष्ठान्न भोजनमा रमाउँदै र एकछिनको आरामपछि पुन अर्को स्थानमा रहेको भानुभक्तको प्रतिमा हेर्न पाकिमडाँडा पुगेका छन् । भानुवाटिकामा रहेको भानुप्रतिमा हेरेर यात्राकारहरू त्यहाँबाट धर्म र संस्कृतिका कुरा गर्दै र हेर्दै गान्तोक पुगेका देखिन्छन् । त्यहाँ सिक्किम साहित्य परिषदको सभाकक्षमा साहित्यकारहरूको भेटघाट, परिचयको आदानप्रदान कार्यक्रम आयोजनामा सामेल भई कार्यक्रम सकी मुख्य मन्त्रीले दिएको समय बेलुकाको सात बजे भेट्न मन्त्री निवासमा पुगेका छन् ।

मुख्य मन्त्री पवनकुमार चाम्लिङ साहित्यकार पनि भएका हुनाले उनले नेपाली साहित्यकारहरूको स्वागत गरेका र आगमनको उद्देश्य बताएपछि सहयोग गर्ने प्रतिबद्धता जनाई उनको रात्रीभोजमा यात्राकारहरू सामेल भएर एक अविस्मरणीय छाप बोकी फर्किएको प्रसङ्गको उल्लेख गरेका छन् । मुख्य मन्त्रीसँग भएका मुख्य मुख्य कुराहरू-सिक्किममा संस्कृत महाविद्यालय खुल्न लागेको, नेपाली भाषाका पुस्तकहरूको पुस्तकालय खोल्ने जस्ता विषयहरू सम्झदै र नेपालमा संस्कृतमा पाँच मिनेट समाचार आउँदा उफ्रने जनजाति र चाम्लिङको नेतृत्वमा संस्कृत महाविद्यालय खोल्ने र सञ्चालन गर्ने सरकारी निर्णयलाई तुलना गर्दै सुत्छन् र सपनामा पनि पारसमणिले गुनगुनाएको भानुभक्त सम्बनधीका चार हरफ कवितापछि यो चारौं दिन खण्ड सकिन्छ ।

**महाकविको घर लडिएला भन्ने डर**

***पाँचौ दिन***

यात्राटोली सिक्किममा रहेको भानुको पूर्णकदको प्रतिमा हेर्दै, विभिन्न साहित्यिक प्रसङ्गका कुराकानी गर्दै प्राकृतिक भौगोलिक विकटताको अवलोकन गर्दै, भोग गर्दै दिउँसोको खाना खाने निम्ता स्वीकार्दै महाकवि कश्यपका घरतर्फ लागेका छन् । अप्ठेरो बाटो हुँदै विभिन्न प्राकृतिक स्थलहरूको अवलोकन र साहित्यकारहरूसँग कुराकानी गर्दै कालेवुङ्सम्म पुगी लक्ष्मीप्रसाद देवकोटाले भानुभक्तसम्बन्धी लेखेको कविताहरूका केही हरफ स्मरण गरे सम्मको यात्रावृतान्त यस खण्डमा समावेश भएको छ ।

लामो बाटो जाने कि छोटो बाटो जाने भनी छलफल गर्दै लामो बाटो रिनाक,पेदुङ्ग हुँदै जाने निर्णयमा पुगी यात्रारम्भ गरेका देखिन्छन् । खिचिविरी पोखरी निकै सुन्दर र आकर्षक छ भन्ने थाहा पाए पनि समय अभावले त्यता नगई भानुको पूर्णकदको प्रतिमा भएको स्थानमा पुगी भानुभक्तको कविताले सजिएको स्मारक वरिपरि हेरेर आनन्द मानेका र रामकृष्ण शर्माले उक्त स्मारकमा माला चढाउन नमानेको प्रसङ्गको उल्लेख गरेका छन् । विहान ८:३० बजे महाकवि कश्यपको घरमा पुगी केही समयपछि तिवतोलोजी तिव्वती सामग्रीको संग्रहालय बाहिरबाटै हेर्दै कालेबुङतर्फ लागेका छन् । रिम्तेक गुम्बा भव्य र आकर्षक भए पनि हेर्न नपाई विभिन्न खेतीपाती सम्बन्धीका कुराकानी, चर्चा परिचर्चा गर्दै र तामाखानी हेर्दै राजेथाङ खोला तरेर रिनाक पुग्छन् । त्यहाँ रहेको भानुको अर्धकदको प्रतिमा हेर्दै प्रसन्न हुँदै त्यहाँ भेटेका मानिसहरूसँग गफगाफ गरी चियापानपछि रङ्गेलीतर्फ लागेका देखिन्छन् । ठाडो उकालो जङ्गल, भीरको बाटो हुँदै १७ कि.मी. बाटो पार गरेर पूर्वयोजनाअनुसार दिउँसोको खाना खान महाकवि कश्यपको घरमा पुगी भव्य घरको छतबाट बाँस, घाँस, भीर-पाखा, डाँडा-काँडा, चीन र भुटानका सीमाका शिखरहरू हेर्दै र स्वागतार्थ पाएको मीठो खाना खाएको उल्लेख गरेका छन् । राजनीतिका, खेतीपातीका कुराकानी गर्दै

दिउँसो २.३० बजे त्यहाँको मीठो सम्झना लिएर यात्राटोली रिनाक, पेदुङ अलगढा हुँदै कालेबुङ जान अगाडि बढेका र मनका भावनाहरू साट्दै रिनाक-खोला तरेर ३.४५ बजे दार्जीलिङ्ग जिल्लामा गरेका देखिन्छन् । खोलाको तीरमा ढुङ्गा कुटेर जीविका चलाउने नेपालीहरूको अनुहार हेर्दै उकालो भीर जङ्गलको बाटोमा यात्रारत छन् । थकाइ र व्यस्तताले यात्राटोलीमा आलस्यको झलक देखिए पनि केही बोल्दै ठाउँठाउँमा चौतारी, विश्रामस्थल, वरपिपल भएकोमा गर्व गर्छन् । चिसो हावा चलेको बाटो अगाडि बढ्दै जाँदा केही समय बाटो भुलेर सिलगुडीतर्फ गुडेपछि एकछिनपछि गाडी मोडेर कालेवुङ शहर गएका देखिन्छन् । त्यहाँ उपस्थित महानुभावहरूको स्वागत सत्कारपछि आफू त्यहाँ जानुको उद्देश्य स्पष्ट पारेपछि यात्राटोली भानुभक्त राष्ट्रिय व्यक्ति मात्र नभई अन्तर्राष्ट्रिय व्यक्तित्व भएकाले यहाँसम्म आएको भनी स्पष्ट पार्दछन् । त्यहाँका साहित्यकारहरूले तन र मन दिने प्रतिबद्धता व्यक्त गरेपछि प्रसन्न हुँदै उनीहरू मुनाल लजमा गएर निद्रादेवीको काखमा लुटपुटिन थालेपछि र यात्राकारले देवकोटाको भानुभक्तसम्बन्धी कविता संभिmए पछि पाचौं दिन खण्ड सकिन्छ ।

**कालेबुङको बास नेपालीपनको सुवास**

***छैटौं दिन***

बिहान सबेरै उठी स्नान सन्ध्या गरी चिया खाजा खाएपछि योगबीर शाक्यले लिएको अन्तर्वार्ता दिंदै कालेवुङ सहरको निरीक्षण, भानुभक्त लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा हेर्दै त्यहाँका स्थानीयताका बारेमा परिचित हुँदै विभिन्न व्यक्तिहरूसँग भानुसम्बन्धी ज्ञान लिंदै, परामर्श गर्दै अतिथि गृहमा पुगी यात्राकारले दिनानाथ सापकोटाको भानुसम्बन्धीको कविता स्मरण गरेसम्ममा यो खण्ड समेटिएको छ ।

बिहान पाँच बजे कुखुरा बासेको आवाजसँगै उठी स्नान सन्ध्या गरी चिया खाजा खाई योगवीर शाक्यले लिएको अन्तर्वार्ताको जवाफ दिएर, डा. त्रिपाठीले दीक्षितलाई कालिदासको कविता सुनाएपछि उनीहरू कालेबुङ घुम्न निस्केका देखिन्छन् । धारामा पानी नआउने, सडककिनारमा पाइप मात्र भएका, डम्बरसिंह गुरुङको स्मारक

भएको तर प्रतिमा नभएको, कालेबुङ सहरमा आगलागी भएको जस्ता दृश्यहरू हेर्दै पारसमणि प्रधानको घर नजिक पुगेका यात्राकारहरू विभिन्न रोचक प्रसङ्ग/घटनाहरू सुनाउँदै आफ्नै पाराका शब्दहरूको अर्थ लगाउँदै ईश्वरसम्बन्धीका धारणाहरू व्यक्त गर्दै कालेबुङको थानामोडमा पुगेका देखिन्छन् । त्यहाँ अरविन्द लक्ष्मी प्रसाद र भानुभक्तको प्रतिमाहरू हेर्दै मख्ख पर्छन् । कालेबुङ टाउनहलमा भएको साहित्यिक जमघटमा त्रिपाठीले नेपाली भाषाको दृढ किल्ला दार्जीलिङ भएको, भानु त्यहाँ सम्मानित भएको र सुधपाको ठूलो योगदान रहेको विचार व्यक्त गरेका छन् । दीक्षितले कालेबुङबाट प्रकाशित नेपाली सामग्री मदनपुरस्कार पुस्तकालयमा रहनुपर्ने बताएका थिए भने यादव खरेलले बस्ती, पसल, बजार, कमान, जनजीवन, विद्यालय, कलेज चोक आदिमा भानुभक्त खोज्न आएकाले सहयोगका लागि आग्रह गरेको प्रसङ्ग उल्लेख गरेका छन् । उपस्थित साहित्यकारहरूले पनि भानुभक्तसम्बन्धी आफूलाई प्राप्त भएका जानकारी प्रदान गरेका देखिन्छ । खादा, माला, पुस्तक र पत्रिका उपहारले सजिंदै बिदा हुन लागेका बेला नेपाली भाषा साहित्य अध्ययन समितिको भवन निर्माणका लागि नेपालका तर्फबाट पनि केही सहयोग हुन्छ कि ? भन्ने अनुरोध गर्दा दीक्षितले सानो तिनो सम्झनाको कोसेली खाममार्फत चेक आउने जानकारी दिएका छन् ।

यसपछि अगाडि बढेको टोली गाडीमा बसी विभिन्न साहित्यिक गफ गर्दै टिष्टाबजारमा मेवा, केरा, सुन्तला खाँदै केही वेरको विश्रामपछि उकालो घुमाउरो बाटो चढेपछि देखिएको टिष्टा र रङ्गितको सुखद मिलनलाई प्रेमीप्रेमिका ठान्दै अनेकौं दृश्य हेर्दै हँसिला र खुसिला नेपालीहरू जे जसरी घरव्यवहार धाने पनि रातमा धिप्री बालेर रामायणको आनन्द लिएका प्रसङ्गहरू आएका छन् । कविता सिर्जना गर्न प्रेरित गर्ने प्राकृतिक दृश्यावलीहरू हेर्दै, ठाडो उकालो चढ्दै, अनेकौं चिया बगानहरू हेर्दै लोपचूमा पेडा, खजुरी खाँदै केही समय विश्राम गरी उस्तै उकालो चढ्दै जङ्गलको बाटोका रुख बुट्यानहरू छिचोल्दै आलेबुङ, जोरबंगला, खरसाङ, रेलवे स्टेशन, बाघचुली,घुमपहाड हुँदै अतिथि गृहमा पुगेका देखिन्छन् । अतिथिगृहमा खाजा खाई नेपाली साहित्य

सम्मेलनको सभाकक्षमा जाँदा बाटोमा पर्ने भानुभक्त पाठशालाको निरीक्षण गरेका छन् । स्थापना र सन्चालनमा सूधपाको योगदान रहेको, जगदम्बा श्रीबाट सम्मानित भएको संस्थामा खादा-पुस्तक पत्रिका उपहार लिंदै र स्वागत स्वीकार्दै यात्रा टोलीहरूले आफू आएको उद्देश्य स्पष्ट पारेपछि त्यहाँ उपस्थित साहित्यकारहरूले भानुभक्तका बारेमा जानेबुझेसम्मका कुराहरू बताएको देखिन्छ । नेपाली मूलका व्यक्तिहरूलाई भारतमा स्थायित्व गर्न गोर्खा भाषा, गोर्खा जाति भन्नु उपयुक्त हुने तर्क, सुवास घिसिङले अगाडि सार्दा त्रिपाठी त्यसमा सहमति जनाउँछन् भने दीक्षित धर्तीमाताले पृथ्वी नारायण शाह र सुवास घिसिङ जस्ता दुईपुत्र जन्माइन भनी आफ्ना तर्क राख्छन् । खरेलले भानुभक्तलाई दार्जीलिङले चिनायो उठायो, सम्मान गऱ्यो अव पनि गर्नुपर्छ भनेपछि भानुभक्त सबै नेपालीका साझा कवि भएकाले त्यसका लागि पछि परामर्श गर्ने विचार गरी काजु र विस्कुट चिया खाएर विदा हुन्छन् । राती सात बजे चौरस्तामा पुगेर भानुभक्तको पूर्ण कदको प्रतिमा हेरेर बेलुका अतिथिगृहमा खाना खाई आराम साथ ढल्कँदै दिनानाथ सापकोटाको भानुसम्बन्धी कविता स्मरण गर्दै यो खण्ड यहीँ समाप्त भएको छ ।

**दार्जीलिङको बसाइ स्वर्गको भोगाइ**

***सातौं दिन***

विहानको सन्ध्या सकी चिया पिउँदै सर्वसुविधा सम्पन्न कोठाको बसाइ स्वर्गको बसाइ ठान्दै 'स्वर्गको भोग क्षणिक हुन्छ' छोड्ने बेला भयो भनी लजबाट निस्कँदै विभिन्न स्थान हुँदै त्यहाँका स्मारक, डाँडाकाँडा, पुस्तकालय, पत्रपत्रिका, विभिन्न व्यक्तित्वहरूसँगका कुराकानी साहित्यकारहरूका साहित्यिक खुराकहरू सुन्दै भोलिपल्टको यात्राका बारेमा छलफल गरी कवि सिद्धिचरणको कविता स्मरण गरेसम्मको प्रसङ्गलाई यस खण्डमा समेटिएको छ ।

विहानको स्नान सन्ध्या सकी चिया पिउँदै आरामदायी कोठाको वर्णन गर्दै स्वर्गको भोग क्षणिक हुन्छ भन्ने डा. त्रिपाठीको संकेतसँगै विहानको ६.३० बजे लज

छाडेर यात्रा टोली आफ्नो बाटो लागेका देखिन्छन् । गाडीमा हर्कध्वज तामाङबाट शहीद दलबहादुर रोड, पारसमणि रोड, दशरथ रोड हुँदै र डा. जगतबाट दार्जीलिङका चार 'टी'-टी (चिया), टि (टिचिङ्ग), टि (टिम्बर), टि (टुरिज्म) प्रसिद्ध भएको जानकारी लिंदै यात्राकारहरू नोर्गे रोड हुँदै बतासे डाँडा पुगी त्यहाँको शहीद स्मारक अवलोकन गर्दै त्यहाँबाट देखिने दार्जीलिङको दृश्य हेर्दै सुखिया पोखरीको बाटो टाइगर हिल डाँडालाई टाढैबाट हेरेर खर्साङतर्फ लागेका देखिन्छन् । बाटामा भाषासम्बन्धीका कुराहरू गर्दै र विविध दृश्यहरू हेर्दै सिपाही धुराको बाटो खरसाङ पुग्छन् । विहान आठ बजे त्यहाँ उपस्थित साहित्यकारहरूको स्वागत पाई खरसाङको गोरखजन पुस्तकालयको सभाकक्षमा पुगेपछि पुस्तकालयको अवलोकन गरी, यात्राटोलीका सदस्यहरूले आफू आएको उद्देश्य बताउँछन् । खादा पुस्तक, पत्रपत्रिकाले सम्मानित टोली चियापान समारोहमा भाग लिएर भानुको प्रतिमास्थलमा पुगेका देखिन्छन् । त्यसपछि उनीहरू मिरिकको फेदी हुँदै सिलगुडीतर्फ जान्छन् । ओरालोबाट हिंड्दै जाँदा सर्पजस्तै भएर बगेको बालासन खोला भेट्छन् । शिवकुमार राईको उपन्यासमा वर्णित डाक वंगला हेर्दै र अन्य दृश्यहरू हेर्दै सिलगुडी पुगेका छन् । त्यहाँ साझाको शाखा खोल्ने योजनाअनुसार विभिन्न साहित्यकारहरूको जमघटमा कार्य सम्पन्न हुन्छ । विभिन्न साहित्यकारहरूले सारगर्भित अभिव्यक्ति दिन्छन् । यसपछि भोजन गरेर देवकोटा सङ्घ पुगेका यात्राकारहरू करिब पाँच घन्टासम्म कविता, गीत, मन्तव्य कथाहरू सुनेपछि बेलुकी ७ बजेपछि कार्यक्रम सम्पन्न गरी हिन्दुस्थान होटलमा आराम गर्न लाग्दा भोलि सिलगुडी बन्द हुने कुरा सुन्छन् । छिटो नगए भोलि सिलगुडीमा नै बस्नुपर्छ भन्दै विहानको चार बजे उठेर हिड्ने योजना बनाएर सुत्छन् । यात्राकार चाहिँ कवि सिद्धिचरणको भानुभक्तसम्बन्धी कविता सम्झन्छन् र सातौं दिन खण्ड समाप्त हुन्छ ।

## भानुयात्राको सार पुस्तक र नुनको उपहार

### *आठौं दिन*

भानुसम्बन्धी अध्ययन भ्रमण सकाएर काठमाडौं फर्कने दिन सिलगुडी बन्द हुने भएका कारण विहान तीन बजे नै उठेर स्नान सन्ध्या गरी मेचीपुलतर्फ लागेको, घर व्यवहार र अन्य व्यस्तता सबै बिर्सिएर आठ दिन भानु र भाषालाई सुम्पिएको प्रसङ्गसँगै सिलगुडीबाट विराटनगर हुँदै काठमाडौं आउने क्रममा बाटोमा देखिएका विभिन्न स्थानहरू हेर्दै विराटनगर स्थित साल्ट ट्रेडिङ कर्पोरेशनको अवलोकन गर्दै हवाइजहाज चढेर हवाइमार्गका दृश्य हेर्दै काठमाडौं कपन फैका पुगी बितेका आठ दिनलाई कवितात्मक रूपबाट स्मरण गरेपछि यो खण्ड सकिएको छ ।

बिहान तीन बजे नै उठेर नुवाइ धुवाइ गरी चार बजे मेची पुलतर्फ लागेका यात्राकारहरू घर व्यवहार छोडेर भानु र भाषाका धुनमा भारतीय भूमिमा आठ दिन सम्म रहेका, त्यहाँ नेपालीहरूको दयनीय अवस्थाबाट प्रभावित हुँदै यात्राटोली अगाडि बढ्दै नक्सलवादी आइपुग्छन् । पहिलेको खतरापूर्ण नक्सलवादी अहिले शान्त छ भन्दै ५ बजे मेची पुल पुगेपछि गाडी ६ नबजी त्यहाँबाट पार गर्न नदिने नियम भएकाले सिलगुडीतर्फ चिया पसल खोज्दै गएर चिया खाँदै यात्राका उपलब्धिका सुखदुःखका ज्ञानगुनका कुरा गर्दै एक घन्टाको समय विताएपछि मेचीपुल तरेर अगाडि गई विर्तामोडको मिष्टान्न भण्डारमा सात बजेको समाचार सुन्दै चिया खाजा खाएका देखिन्छन् । माघे संक्रान्तिको माइखोलाको बजारको अग्रीम तयारी गरेको हेर्दै दमक बजार आइपुगेका छन् उर्लाबारी, पथरी, वेलबारी-सुकुना, सकलपुर, मर्छैया, इटहरी हुँदै विराटनगर आइपुगेका यात्राटोली महाभारतकालीन विराटनगर र आजको विराटनगरको तुलना गर्दै भौतिक सुविधा सम्पन्न विराटनगरको अवालेकन गर्छन् । बिहानको १०.०० बजेको प्लेन डिले भई दुईघण्टा सरेको जानकारी पाएपछि डुलफिरबाट थकित यात्रा टोली साल्टट्रेडिङ कर्पोरेशनको अञ्चल कार्यालय विराटनगर पुगेका छन् । कमल दीक्षित साल्ट ट्रेडिङका अध्यक्ष भएका नाताले भावपूर्ण स्वागत पाउँछन् । थोरै खानुपर्ने

पदार्थ नुन भएपनि गोदाममा खचाखच बोराहरू देखेर यात्राकार आश्चर्य हुँदै नुनको खपत कम भएको अनुमान लगाउँछन् । नुनसँगै भाषाका पुस्तकहरू पनि दराजमा रहेका छन् । एकएक प्रति उपहार लिएर साल्ट ट्रेडिङको हातमा रहेको नेपाल माताको पाञ्चायन देवता रहेको मन्दिर घुम्दै वरपरको अवलोकन गरी साल्ट ट्रेडिङमा श्रीमती राणाको चिया र खाजाको स्वागत स्वीकार्दै उपहारमा एक-एक पोका नुन लिएर १२.१० बजे विमानघाट पुगेका देखिन्छन् । विमानमा चढेर खाजा, पेय पदार्थ, पत्रिका इच्छाअनुसार लिंदै चिट्ठाको कार्यक्रममा सामेल हुन्छन् । डी.आर. राई पुरस्कृत हुन्छन् । छड्गाघुर उघ्रिएकाले खेत वारी नदी नाला, भीर पाखा, जङ्गल हेर्दै र विभिन्न हिमशृङ्खलाहरू हेर्दै यात्राटोली प्लेनमा आनन्द लिंदै सुनकोशी, तामाकोशी, रोसीका तीरैतीर जहाज उडिरहँदा यात्राकारले चाहिँ तीसौं वर्ष पहिले ८/१० दिन लगाएर हिँडेको सम्झना गर्न पुगेका छन् । प्लेन काठमाडौं एयर पोर्टमा अवतरण गरेपछि लिन आएका गाडीमा बसी आ-आफ्ना गन्तव्य स्थलतर्फ लाग्छन् । यात्राकार पनि खरेलको गाडीमा चढी आफ्नो बासस्थान फैकाटार पुगेर बितेका आठदिनलाई सम्झदै आराम लिन ढल्की आफैंले भानुभक्त सम्बन्धीको कविता गुनगुनाउन थाल्छन् र यो खण्ड सकिन्छ ।

**आदिकवि भानुको जन्मस्थलको परिक्रमा गर्दा**

यस खण्डमा स्वयम् यात्राकार भानुभक्तको बारेमा जिज्ञासु भएर भानुभक्त जन्मेको स्थानमा जान तम्सिएका छन् । नेपाली भाषामा पढ्न लेख्न थालेपछि नै भानुभक्तको जन्मस्थान कहाँ हो, कस्तो थियो, कसरी भानुभक्तलाई प्रेरित गऱ्यो जस्ता भावनाहरू उठिरहेका बेला मोतीराम भट्टद्वारा लेखिएको भानुभक्तको जीवनी पढे पनि मोतीराम भट्ट त्यहाँ पुगेको यात्राकारलाई विश्वास हुँदैन । त्यसै गरी आँसुकवि शम्भुले पनि सोधखोजका माध्यमबाट लेखेका नरनाथ, इन्द्रबहादुर, कमल दीक्षित, मुक्तिनाथ आचार्य, सूर्यविक्रम ज्ञवाली आदिले भानुभक्तका बारेमा लेखेर भानुभक्तलाई प्रकाशमा ल्याएका हुन् भन्ने धारणा यात्राकारको छ । आदिकविको जीवनीमा आधारित एक वृत्तचित्र तयार पार्न १८३ औं जन्मजयन्तीका दिनमा राजधानीबाट साहित्यकार र

भाषासेवीहरूको एक समूह तथा पोखरा र चितवनबाट आएका साहित्यकारको जमघट भई कविता पाठ, बजार परिक्रमा, भानु प्रतिमामा माल्यार्पण भानुभक्तीय रचनापाठ, प्रवचन, सांस्कृतिक कार्यक्रम गरी भानुजयन्ती मनाएका देखिन्छन् । असार २९ गते झमझम पानी परेको भए पनि रातोमाटो, चिप्लोबाटो, उकालो ठाडो, वर्षादी र छाता ओड्दै स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै भानुभक्तले बनाएको चौतारोमा विश्राम गर्दै पन्चै बाजाको पछाडि लागेको टोली अगाडि बढ्दै भानुभक्तको भग्नावशेष घरमा पुगेपछि कतिपय त्यहीँबाट फर्किएका छन् भने कतिपय प्रतिमा भएको स्थानमा पुगेका छन् । पलेंटी मारेर बसेका भानुको प्रतिमामा माल्यार्पण र श्रद्धाञ्जली अर्पण गर्दै पुनः उनीहरू ओरालो झर्दै गाउँका युवाहरू शहर पसेर हराएको संझना गर्दै चुदीफाँट हेरेको प्रसङ्ग उल्लेख गरेका छन् । भानुभक्त र गिरीधारी भाटको झगडा परेको ठाउँ हेर्दै र पारिपट्टिको ओकलाङ डाँडो हेर्दै भानुभक्त गोरु किन्न जाँदा थालमा मकै भुटेर ल्याउँदा कविता रचना गरेको संझदै अगाडि बढेका प्रसङ्ग पनि यसमा आएको देखिन्छ । एक दुई पटक हिंड्दा यस्तो गाह्रो हुने बाटो भानुभक्तका पुर्खाहरूले कसरी ओहोर दोहोर गरे होला भनी अत्यास मान्दै भानुजन्मस्थल विकासका गुरुयोजना तयार गर्न सहयोग गर्ने इन्जिनियर राजुको विकास सँगसँगै विकृति पनि भित्रिने हुनाले प्राकृतिक वैभव नासिन नदिनेतर्फ होसियार रहनुपर्ने धारणा सुन्छन् । असार २९ गतेको मध्यान्नमा भानुस्मृति सभामा विभिन्न मन्तव्यका साथमा कशघद्वारा सम्पादित 'बुइँगलको एउटा बाकस' नरहरी आचार्यद्वारा विमोचित गरी त्यहाँबाट आ-आफ्ना अनुभव संगालेर आ-आफ्नो गन्तव्यतिर लागेका देखिन्छन् । यस्ता अनकण्टार स्थलमा जन्मेका भानुभक्त कसरी प्रकाशमा आए भन्ने कुरा हृदयको अन्तरमा राखी भानुभक्तका गाउँलेहरूको स्वागत पाएकोमा आदिकविलाई संझेर अनुभव गर्दै यो खण्ड सकिएको छ ।

**प्रकृति यात्रा प्राकतिक प्रसङ्ग**

वैशाख १५ गते कविलेखकहरूको एक समूह युगकवि सिद्धिचरण प्रतिष्ठान र मचान वाइल्डलाइफ रिसोटको आयोजनामा सञ्चालन हुने कार्यक्रमका लागि चितवनतर्फ लागेका देखिन्छन् । काठमाडौंको कृत्रिम वातावरणबाट प्राकृतिक

वातावरणतर्फ जान पाएकोमा दङ्ग पर्दै अगाडि बढिरहेको यात्राटोली ट्रक विग्रिएर बाटो बन्द भएपछि मलेखुको बाटो छोडी त्रिभुवन राजपथबाट जाने निधो गर्दै अगाडि बढ्छन् यात्राकार लक्ष्यमा बाधा पुगेको महसुस गर्दै त्यहीँ कविता रचना गर्न लागेका देखिन्छन् । त्रिभुवन राजपथमा यात्रारत यात्राकारहरू सिमभञ्ज्याङ्ग पुगी चिया पिएपछि पुन यात्रा अगाडि बढाउँदै जाँदा तराइको वातावरण नियाल्दै हेटौंडा हुँदै सुनाखरीमा पुगी अर्को गाडीमा चढेर राप्ती तरी घनाजङ्गलको छेउमा पुग्दा त्यहाँ मचानले स्वागत गरेको देखेर यात्राकार भट्टराई महर्षि बसेको कल्पना गर्दै कविता रचना गर्न थाल्छन् । यात्राटोली मध्ये कोही अझैं नआइपुगेकाले दुःख मान्दै अर्को कविता रचना गर्न पुग्छन् । हेटौंडामा गाडी विग्रिएकाले ढिलो भएको भन्दै २/३ घण्टापछि आइपुग्छन् । प्रकाश र किरणको स्वागतमा भएको इच्छा भोजनपछि थारु नाच र साँस्कृतिक कार्यक्रम हेरेर निदाउँछन् ।

भोलिपल्ट बिहान स्नानसन्ध्या सकेर चिया नास्ता गरी हात्तीमाथि चढेर जङ्गली जनावर, पशुपंक्षीको दृश्यावलोकन गर्दै मनका भावहरू कवितामा उतार्दै खाना खाएर युगकवि सिद्धिचरणको योगदान विषयक गोष्ठीमा सामेल भई छलफल, चर्चा परिचर्चा तर्क वितर्क गरेका देखिन्छन् । यात्राकार पनि आफ्ना अभिव्यक्ति दिन्छन् । त्यस पछिको कविगोष्ठी, जादू, गीत, नृत्यठट्यौली र नक्कल उतारेको दृश्यले सबैलाई रमाइलो हुन्छ र यात्राकार पुनः कवितात्मक भावना उतार्छन् । फेरि अर्को दिन बिहान अढाइ घण्टा गाडीमा प्रकृति निरीक्षण गरी फर्केर खानपिन गरी काठमाडौंतर्फ हिँड्छन् । नारायणघाटमा धेरै बेर पर्खंदा पनि भ्यान नआएकाले बुझ्दा विग्रिएको खवर पाएपछि चिन्तित हुँदै पुनः फर्केर मचानमै पुगी भोलिपल्ट मात्र काठमाडौं फर्केको प्रसङ्ग उल्लेख छ । नारायणघाट, दासढुङ्गा मुग्लिन हुँदै मलेखुमा आई खाना खाएपछि नौविसेमा आएर गर्मीलाई पन्छाउँदै काठमाडौं आएर पुनः आ-आफ्नै व्यस्ततामा भुल्छन् । यात्राकार कवि लेखकहरू आफू सम्पन्न नभएपनि अरूलाई बाटो देखाउँछन् भन्दै यी वर्ग प्रकृतिमा रमाउन पाए प्रेरक भूमिका हुने र अझ योगदान दिने सम्झदै प्रकृतिले लेखक जन्माउँछ, लेखन जन्माउँछ, लेखक र प्रकृतिमा प्रेमी प्रेमीकाको सम्बन्ध हुन्छ भन्ने

बोध गर्दै यात्राका क्रममा उठेका भावलाई कवितात्मक अभिव्यक्ति दिएपछि यो खण्ड समाप्त भएको छ ।

**बीस वर्षपछिको मेरो प्यारो ओखलढुङ्गा**

२०५१ सालको फागुन १५ गते यात्राकार भट्टराईको ८३ वर्षीया बुवा ओखलढुङ्गाको सेर्ना थुम्कीमा बिरामी भएको खबर आएपछि विरामीको खबरले बेचैनी हुँदै स्वास्थ्य शिविरको हेलिकोप्टर जाने थाहा पाएर प्रवन्ध मिलाई जान तयार भएका छन् । आफ्नो जन्मस्थान जान पाए पनि हर्ष र विस्मात्‌को द्वन्द्वमा फस्दै नेपाल एयरवेजको हेलिकोप्टरद्वारा ओखलढुङ्गातर्फ उड्दा हेलिकोप्टरमा पेट्रोल पोखिएपछि सबै यात्रुहरू डराएका तर चालकले नडराउन र चुरोट नखान भने पनि सबैजना डरले काप्दै सुनकोसी, तामाकोसी, लिखु-मोलङ हुँदै रामेछाप, सागुटार, रामपुर कटुंजे हुँदै ओखलढुङ्गा माथिबाट गएर सरस्वती डाँडामा उत्रिएको प्रसङ्गको उल्लेख छ । ५ मिनेट हिंडेर ऐतिहासिक महत्त्वको ओखलढुङ्गा पुगेर एकछिन बिसाउँदै सहयात्री स्वास्थ्य शिविरका टोली रामपुरतिर लागेका र यात्राकार एक्लै आफ्नो बाटो लागेका देखिन्छन् । बीस वर्ष पहिले बर्षौं बस्दा साथीसंगी धेरै भएका, त्यो ठाउँलाई हेरेर कहिल्यै नअघाउने यात्राकार आज कसैसँग चिनजान गर्न चाहन्नन् बीस वर्ष पछि प्यारो ओखलढुङ्गालाई हेर्न पाएकोमा प्रसन्न हुँदै ओखलढुङ्गालाई आन्तरिक अभिवादन गर्दै पहिलेको ओखलढुङ्गा र अहिलेको तुलना गर्दै अगाडि बढेका छन् । लामिस्वतीको ओरालो, रुम्जाटारको मनोरम दृश्य, बीचमा सिस्ने खोला देख्दा आनन्द मानेपनि गाडी, ट्याक्सी चढ्न बानी परेका उनी कष्टसाथ रुम्जाटार पुगेर बास बस्छन् । भोलिपल्ट खेमलाई साथी लिई लौराको सहारामा अगाडि बढ्दा नेपाली साहित्यको प्राथमिककालीन् कवि ज्ञान दिलदासका नाति दिलराम लामिछानेसँग केहीबेर भलाकुसारी गर्दै खेमबाट बिर्सिसकेका कथाहरू संभ्कदै, पतिका लागि व्रत बस्ने आइमाईहरूले छोराका लागि बस्न थालेका प्रसङ्गहरू सुन्दै, रूपनालुको नाक ठोकिने उकालो पार गर्दै माम्खामाथि पुगेका, त्यहाँबाट भदौरे, चित्रे, सानीटार, गैरी, खस्रे, डडुवा रातमाटे, बसेरी, छेरुवा, आदि स्थान हेर्दै अतीतमा रमाएका यात्राकार नेपाली

साहित्यका प्राथमिक कालीन कवि रघुनाथ पोखऱ्याल जन्मेको स्थान माम्खामा मोंमकर्णकोमा भएका एक बाकस पुराना किताब छानेर अध्ययन गर्ने इच्छा लिंदै समय अभावले पछि गर्ने चाहनाका साथ अगाडि बढ्दै डडुवाको चिया पसलमा चिया खान पुगेका देखिन्छन् । डडुवामा कल चलाएको देख्दा गाउँमा पनि विकास पुगेको अनुभव गर्दै अगाडि बढ्दा जो देखे पनि घर सोध्ने खेमले एक सन्काहा शिक्षक भनाउँदाबाट झापट खाएको देख्दा यात्राकारलाई कि त विद्यामा पारङ्गत हुनु कि त नपढ्नु नै बेस हुने तर अधकल्चो पढाइ खतरनाक हुँदोरहेछ भन्ने लाग्छ । खार्ते खोला तरेर रातमाटे हुँदै पाखे देउराली पुगेका यात्राकार आफूले प्राथमिक शिक्षा हाँसिल गरेको स्थानको अवस्था नियाल्दै, सामानविनाका पसल हेर्दै त्यहाँबाट अगाडि बढेका छन् । यात्राकै क्रममा गाउँको वर्णन गर्दै साथी, खेत, फाँट, उकाला, ओराला, भीरपाखा, छाँगा, छहरा आदिले आफूलाई स्वागत गरेको अनुभूतिको कविता रचना गरेपछि यो खण्ड समाप्त भएको छ ।

### ४.३.५ भ्रमणकर्ता र भ्रमणकर्तासँग सम्बद्ध व्यक्तिहरू

भानुभक्तको बारेमा खोज गर्ने स्थिर विषयवस्तुलाई गति दिन प्रस्तुत कृतिमा विभिन्न व्यक्तिहरू आएका छन् । मूलतः यस कृतिमा प्रमुख पात्र यात्राकार भट्टराई नै हुन् । यस कृतिमा अन्य पात्रहरू पनि आएका छन् । तीमध्ये यात्राटोलीको नेतृत्व गर्ने कमलदीक्षित, अन्य सदस्यहरू डा. यादव खरेल, डा. वासुदेव त्रिपाठी, प्रमोदढकाल आदि आएका छन् । यिनीहरू भानुयात्राका आठ दिनसम्म सँगै रहेका छन् । आफ्ना भ्रमण अनुसन्धानका कार्यहरू सँगसँगै अगाडि बढाएका छन् । विभिन्न भाषासाहित्यका कुरामा छलफल गरेका छन् । यिनीहरूलाई यात्रा सफल बनाउन अन्य थुप्रै व्यक्तित्वहरूले सहयोग गरेका छन् । गाडी चालकहरू, विभिन्न पथप्रदर्शकहरू, ठाउँठाउँमा उपस्थित साहित्यकारहरू पनि यस यात्रा कृतिका सहायक बनेर आएका छन् । यिनीहरूमा तिलक शेरचन, राजेश शमशेर राणा, साहित्यकार एवम् अधिकृत लकान्द्री, होटलमा खाना खुवाउने दीपक, उत्तरवंग विश्वविद्यालयका डा. भीमकान्त उपाध्याय, डा. तुलसी बहादुर क्षेत्री, डा. जगत् क्षेत्री विभिन्न स्थानका प्रतिमाहरूको अनवरणको यथार्थता उपलब्ध गराउने महानुभावहरू, भानुभक्तसम्बन्धी जानकारी दिने

थुप्रै शुभचिन्तकहरू, चियावगानमा काम गर्ने, आफ्नो आफ्नो व्यवसाय चलाएर बस्ने व्यवसायीहरू, यस कृतिमा पात्र बनेर आएका छन् । मन्त्री-राजनीतिकर्मी, विभिन्न संघसंस्थाका अधिकारीहरू, महाकवि कश्यप, आदि भारतीय पात्रहरू र नेपालमा पनि विभिन्न प्रसंगमा आएका पात्रहरू यसमा उपस्थित छन् । पूर्वको झापादेखि चितवन, काठमाडौं, ओखलढुङ्गा तनहुँसम्मका कतिपय मानिसहरू यस कृतिमा पात्रका रूपमा आएका छन् । जेहोस् अन्य धेरै चरित्रहरू भए पनि मूलतः यात्राकार नै यस कृतिमा प्रमुख बनेर आएका छन् ।

### ४.३.६ परिवेश

देश, काल र वातावरणको समष्टि रूप वातावरण हुन्छ । प्रस्तुत **भानुयात्राका आठ दिन** यात्राकृतिमा नेपाल लगायत भारतका विभिन्न स्थानहरू, २०५३ सालको पौषको समयका साथै भानुजयन्ती र अन्य बेलाको समयावधि पनि रहेको छ । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको बारेमा खोज गर्ने उद्देश्यले भ्रमण गर्ने उद्देश्यले अगाडि बढेको यात्राटोली काठमाडौंको एयरपोर्टदेखि भारतका विभिन्न स्थानमा यात्रा गर्दा देखेभोगेका स्थानहरू, खोलानाला, तालतलैया, पुलपुलेसा, वनजङ्गल, भीरपाखा, उकालाओराला, घरपरिवार, संघसंस्थाहरू परिवेशका रूपमा अटाएका छन् । भानुभक्तको जन्मस्थल तनहुँ रम्घाको प्राकृतिक वातावरण पनि यस यात्रा कृतिमा परिवेश बन्न आएको छ । चितवनको प्राकृतिक जङ्गल पनि यसमा अटाएको छ । यात्राकार आफ्नो जन्मभूमि ओखलढुङ्गा जाँदा त्यहाँको पहाडी परिवेश पनि यहाँ आएको छ । स्मृतिका आधारमा यसमा बीस वर्षभन्दाबढी समय अटाएको छ भने भानुको प्रसङ्गमा पनि धेरै अगाडिको समय अटाएको छ । यति भएर पनि भानुयात्राका आठ दिन, तनहुँयात्राका २, ३ दिन, चितवनका २-३ दिन, ओखलढुङ्गा यात्राका २, ३ गरी करिब १५, २० दिनभित्र घटेका घटनाको अनुभूतिहरू यसमा समेटिएका छन् । यात्राकारको यात्राका क्रममा भोगेका घटनाले पाठक आफैंले भोगेको अनुभूति हुन्छ । भानुका प्रतिमास्थलहरूमा गएर यात्राटोली रमाउँदा पाठकको मन पनि सँगै रमाउन थाल्छ भने यात्राकारले गरेको कष्टपूर्ण यात्रामा पाठकको सहानुभूति

जाग्छ । पाठकको मनमा सुख दुःखको छाप छोड्न सफल भएर यस यात्राकृतिमा परिवेश आएको छ ।

### ४.३.७ उद्देश्य

भानुयात्राका आठ दिन यात्राकृति यात्रासँग सम्बन्धित कृति हो । नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जीवनीमा आधारित कथाचित्र र निधनपछिका क्रियाकलापलाई लिएर वृत्तचित्र तयार गर्ने क्रममा उक्त यात्रा तय भएको छ । तसर्थ प्रस्तुत कृतिको उद्देश्य यात्राको उद्देश्यले नै प्रष्ट पारिसकेको छ । नेपाली भाषालाई एकताको सूत्रमा बाँध्ने भानुभक्त आचार्यको बारेमा खोजी गर्नु प्रस्तुत यात्राकृतिको उद्देश्य रहेको छ । यसबाहेक नेपाल लगायत भारतका दार्जीलिङ सिक्किम, कालेवुङ सिलगुडी, डुवर्स लगायतका विभिन्न स्थानहरूको जानकारी दिनु, ती ठाउँहरूको विशेषता, नेपालीपनको आभास झल्काउनु पनि यसको आशय रहेको छ, नेपालीका आदिकवि नेपालीका मात्र होइन विश्वकै कवि रहेका रहेछन् भन्ने जानकारी पनि उक्त यात्राकृतिबाट थाहा हुन्छ । भारतका गोर्खाल्याण्ड खण्डमा एकताका सूत्रमा बाँध्ने प्रमुख व्यक्तित्व भानुभक्त नै हुन् । अन्य भाषाका काल पुरुषहरू भए पनि नेपालीका नभएका र जे हुन् ती भानुभक्त नै हुन् भन्ने यथार्थता पनि यस कृतिले प्रस्तुत गरेको छ । नेपालको विकट स्थानमा जन्मेका आदिकविको जन्म र जन्मस्थानको सेरोफेरोको यथार्थता पनि यहाँ आएको छ । नेपालका विभिन्न स्थानका प्राकृतिक दृश्यहरू, सम्पदाहरूको स्थानहरूको चित्रण गर्नु पनि यस कृतिको उद्देश्य ठहर्छ । यी बाहेक यात्रासम्बन्धी चासो राख्ने सम्पूर्ण पाठकका लागि उपयोगी प्रस्तुत कृतिभित्र सामाजिक, सांस्कृतिक र धार्मिक महत्त्वका कुराहरू पनि आएका छन् ।

### ४.३.८ भाषाशैली

विचार अभिव्यक्तिको माध्यम भाषाशैली हो । घटराज भट्टराईद्वारा लेखिएको **भानुयात्राका आठ दिन** कृतिको भाषाशैली सरल सहज छ । धेरै ठाउँमा वर्णनात्मक शैली भए पनि ठाउँठाउँमा संवादात्मक शैली अपनाइएको छ । कतिपय स्थानमा

बीचबीचमा कवितात्मक रूप आएका छन् भने प्रत्येक शीर्षक तथा अन्त्य खण्डमा समेत कवितात्मक रूपमै थालनी र अन्त्य गरेका छन् । यसमा कतिपय अन्य कविका कविताहरू साभार गरिएका छन् भने कतिपय स्थानमा आफैं रचना गरेका कविताहरू छन् । जे होस् परिस्कृत, परिमार्जित भाषाशैलीको प्रयोग गरिएको भए पनि कतै कतै छपाइसम्बन्धी त्रुटि रहेको पाइन्छ ।

## पाँचौ परिच्छेद

# उपसंहार

वि.सं. १९९९ मा ओखलढुङ्गा जिल्लाको सेर्ना थुममा जन्मेका यात्रासाहित्यकार घटराज भट्टराई सानैदेखि साहित्य सिर्जनामा लागेका भए पनि वि.सं. २०२३ सालमा कविता कुसुम नामक कविता सङ्ग्रह प्रकाशित गराएर साहित्यिक क्षेत्रमा देखापरेका छन् । यिनी मूलतः कवि, समालोचक, सम्पादक, अन्वेषक, अनुवादक, कोश-व्याकरणकारका साथै यात्रानिबन्धकारका रूपमा समेत सुपरिचित छन् । धेरै स्थानमा भ्रमण गरेर अनुभूति संगाल्न नपाए पनि विभिन्न प्रयोजनले नेपालका विभिन्न स्थान लगायत भारतका केही स्थानहरूमा गरेका यात्राका अनुभूतिहरूलाई आफ्ना यात्राकृतिमा समेट्ने भट्टराईले वि.सं. २०३९ सालदेखि वि.सं. २०५६ सालसम्म यात्रासाहित्यमा कलम चलाएका छन् । उनको पहिलो यात्राकृति **डोल्पाकी छोटी** (२०३९) हो भने अन्तिम कृति **भानुयात्राका आठ दिन** (२०५६) हो । विभिन्न क्षेत्रका साहित्यिक कृतिहरूको रचना गर्दै यात्रासाहित्यिक कृतिहरूमा कलम चलाउने बहुमुखी प्रतिभाका धनी घटराज भट्टराई वि.सं. २०६३ सालमा दिवङ्गत हुन पुगेका छन् ।

आफूले यात्रा गरेका स्थानहरूका विभिन्न पाटाहरूका बारेमा देखे, भोगेका अनुभूतिहरूलाई रोचक पारामा पाठकहरू सामु राख्ने यात्रासाहित्यकारका रूपमा उनी चिनिएका छन् । यात्रा गर्दा भोगिने भोगाइहरू र अँगाल्नुपर्ने सावधानी र पूर्व तयारीहरू आफ्ना कृतिमा उतार्ने खुबी भएका यात्रासाहित्यकार घटराज भट्टराईका यात्रासाहित्य सम्बन्धी प्रकाशित पुस्तकाकार कृतिहरू **डोल्पाकी छोटी** (२०३९), **गोसाइँकुण्ड** (२०४६) र **भानुयात्राका आठ दिन** (२०५६) छन् ।

**डोल्पाकी छोटी** (२०३९) भट्टराईको पहिलो यात्राकृति हो । तत्कालीन समयमा राविसेहरूको कार्यको मूल्याङ्कन गर्ने क्रममा सुपरीवेक्षक बनेर नेपालको मध्यपश्चिमाञ्चलको डोल्पा जिल्लाका विभिन्न स्थानहरूमा गरेका भ्रमण र अनुभूतिहरू यस कृतिमा आएका छन् । नेपालको दुर्गम हिमाली जिल्ला डोल्पाका विभिन्न स्थानहरूको भौगोलिक विकटता, प्राकृतिक, सुन्दरता, सामाजिक, सांस्कृतिक

रहनसहन, शिक्षा र चेतनाको स्तर आदिलाई देखाइएको छ । यी कुराहरूलाई यात्राकार आफूले देखेभोगेका अनुभूति लगायत स्थानीय व्यक्तिहरू, राविसेहरू लगायतका व्यक्तिहरूबाट जानकारी व्यक्त गरेका छन् । भट्टराईले यस कृतिमार्फत राविसेमा सहभागी विद्यार्थीहरूको राष्ट्रप्रेम, दुर्गम स्थानमा गरिने सेवाको प्रशंसा, उनीहरूले गरेका उल्लेखनीय कामहरू, सुधार गर्नुपर्ने कुराहरू आदिले यस कृतिको स्थान निरूपण गरेका छन् । सङ्घर्षमय जीवनको चित्रण गर्दै जोस र जाँगर भए असम्भव भन्ने कुरा केही छैन । आफू बसेको स्थान सधैं प्रिय र रमणयि हुन्छ भन्ने कुराहरू पनि यसमा आएका छन् । डोल्पाली भाषाका शब्दहरू, केही डोल्पाली भाषाका गीतहरूसमेत राखिएको उक्त कृतिमा सम्पूर्ण डोल्पाली परिवेश अटाएको छ । मझौला आकारमा संरचित प्रस्तुत कृति यात्रासाहित्यिक कृतिमा सैद्धान्तिक स्थान निरूपण गर्न सफल छ ।

भट्टराईको दोस्रो यात्राकृति **गोसाइँकुण्ड** (२०४६) हो । काठमाडौं उपत्यकाबाट रसुवा जिल्लाको धार्मिक स्थल गोसाइँकुण्डसम्म पुगेर फर्केको समयवाधिमा देखे भोगेका अनुभवहरू जीवन्त रूपमा यस कृतिमा समेटिएका छन् । नेपाली भाषा र साहित्यका संरक्षक संवर्द्धक यज्ञविक्रम राणा र श्रीमती केशरकुमारी राणाको हार्दिक निमन्त्रणामा धार्मिक स्थल गोसाइँकुण्डको दर्शन स्नानका निमित्त गरेका भ्रमणका बारेमा देखे भोगेका आफ्ना अनुभूतिहरूलाई केवल आफूमा मात्र सीमित नराखी यात्राकारले पुस्तकाकारका रूपमा प्रकाशित गरेका छन् । यात्राका क्रममा देखेभोगेका प्राकृतिक दृश्यहरू, धार्मिक स्थलहरूको वर्णन, धार्मिक किम्वदन्ती र परम्पराहरू, आस्थाका केन्द्रहरू, स्थानीय बासिहरूको स्थानप्रेम जस्ता प्रसङ्गहरू यस कृतिमा आएका छन् । नेपाली जनमानसको आस्थाको केन्द्र बनेको धार्मिक पर्यटकीय स्थल गोसाइँकुण्डको चर्चा परिचर्चा यस कृतिमा गरिएको छ । यात्राटोलीमा रहेका साथीभाइ बीचको प्रेम, बालसुलभ चन्चलता, मानवीय सम्वेदनाहरू पनि यस कृतिका आकर्षण बनेका छन् । गोसाइँकुण्ड जाँदा बाटामा भोग्नुपर्ने कठिनाई, अपनाउनुपर्ने सतर्कताहरू, आवश्यक पर्ने सामानहरू र पार गर्नुपर्ने स्थानहरूको बारेमा जानकारी दिनु पनि यस कृतिको उद्देश्य रहेको छ । यसका साथै प्राकृतिक विविधता, भौगोलिक विकटता,

पर्यटकीय विस्तारको सम्भावना आदि कुराहरूलाई देखाउनु पनि यस कृतिको आशय रहेको छ । स्तरीय भाषाशैलीको प्रयोग गरेर लेखिएको **गोसाइँकुण्ड** कृति मझौला आकारमा संरचित रहेको छ ।

भट्टराईको तेस्रो यात्राकृति **भानुयात्राका आठ दिन** (२०५६) हो । यो भट्टराईका यात्राकृतिहरूमध्ये उत्कृष्ट यात्राकृति हो । यसमा नेपालका विभिन्न स्थान लगायत छिमेकी मुलुक भारतका दार्जिलिङ, सिक्किम, सिलगुडी, कालेबुङ लगायतका स्थानमा भानुभक्त सम्बन्धी खोज, अनुसन्धान गर्ने र वृत्तचित्र तयार पार्ने हेतुले गरिएका भ्रमणका अनुभवहरू समेटिएका छन् । नेपाली जनताका आस्थाका प्रतीक भानुभक्त नेपाली भाषीका मात्र नभएर विश्वकै उल्लेखनीय व्यक्ति रहेका कुरालाई यसमा देखाईको छ । भारतका विभिन्न स्थानमा गरिएका भ्रमणबाट भारतीय नेपाली भाषीहरूमा भानुभक्तप्रति रहेको अगाध आस्था देखाउनु र नेपाली भाषामा भानुभक्तले पुऱ्याएको अतुलनीय योगदानको चर्चा गर्नु प्रस्तुत कृतिको प्रमुख उद्देश्य रहेको छ । यात्राका क्रममा प्रवासी नेपालीहरूको अवस्थाको चित्रण पनि यसमा गरिएको छ । त्यसैगरी यस कृतिमा यात्रा गर्दा देखिएका प्राकृतिक सौन्दर्यहरूको चित्रण, यात्राका बारेमा संलालेका अनुभूतिहरू, भौगोलिक विकटताहरू, प्रवासी नेपालीहरूको आत्मीयपन र साहित्यप्रतिको मोह आदि देखाउनु पनि यस कृतिको आशय रहेको छ । मझौला आकारमा संरचित यस कृतिमा विभिन्न शीर्षक उपशीर्षकमा विविध कुराहरू अटाएका छन् । सूक्तिमय भाषा, कवितात्मक शीर्षक र शीर्षक कै सार्थकताका खुराकहरू पस्किनु यात्राको यस कृतिको आफ्नै छुट्टै विशेषता हो ।

समग्रमा नेपालका विभिन्न स्थान र छिमेकी राष्ट्र भारतका केही स्थानहरूमा गरेका भ्रमणका अनुभवहरू उनका यात्राकृतिका समेटिएका छन् । यसले पाठकलाई साहित्यिक रसास्वदन गराउनुका साथै विभिन्न स्थानहरूका विविधताका बारेमा परिचित हुने अवसर दिलाएको छ । प्राज्ञिक क्षेत्र मुख्य पेशा अंगालेका भट्टराईले विभिन्न संघसंस्थामा आबद्ध भएर भाषा, साहित्य, शिक्षा, धर्मसंस्कृति, आध्यात्म र नेपाली सामाजिक जीवनका विभिन्न क्षेत्रमा समर्पित रहँदै राष्ट्रप्रति लगाएको गुन सदैव प्रेरणीय तथा स्मरणीय रहनेछ ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, रामलाल, **नेपाली निबन्ध यात्रा,** दार्जीलिङ : नेपाली साहित्य सञ्चायिका, २०३२ ।

अवस्थी, महादेव, निबन्धको सैद्धान्तिक स्वरूप, **कुञ्जिनी,** वर्ष ११, अङ्क ८, २०५५, पृ. १२-१४ ।

कोइराला, प्रकाशप्रसाद, **जङ्गबहादुरको बेलायत यात्राको कृतिपरक विवेचना,** त्रि.वि., कीर्तिपुर : अप्र. स्नातकोत्तर, शोधपत्र, २०५६ ।

दाहाल, साधना, 'घटराज भट्टराई : साहित्यिक व्यक्तित्व', **सत्मार्ग विशेषाङ्क,** २०६५, पृ. ७४-७९ ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मीनिबन्धसङ्ग्रह,** ते.सं., नेपाली भाषा प्रकाशिनी, २०२० ।

नेपाल, शारदा, **घटराज भट्टराई : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** त्रि.वि. पद्मकन्या क्याम्पस, अप्र. स्नातकोत्तर, शोधपत्र, २०४९ ।

पराजुली, गोपाल, 'परिश्रमी साहित्यकार घटराज भट्टराई', **मुना,** वर्ष १६, अङ्क १०, पूर्णाङ्क १९०, २०६३, पृ. ३२-३३ ।

भट्टराई, घटराज, **डोल्पाकी छोटी,** काठमाडौं : प्रभा भट्टराई, २०३९ ।

_______, **गोसाइँकुण्ड,** काठमाडौं : यज्ञ पुस्तक संग्रहालय, २०४६ ।

_______, **भानुयात्राका आठ दिन,** काठमाडौं : सृष्टि प्रकाशन, २०५६ ।

राई, वीरेन्द्र, **नेपाली नियात्रा परम्परामा घनश्याम राजकर्णिकारको योगदान,** त्रि.वि., कीर्तिपुर : अप्र. स्नातकोत्तर शोधपत्र, २०६१ ।

वाशिष्ठ, प्रयाग, **प्राज्ञिक संस्था र मेरो संलग्नता,** काठमाडौं : पशुपति बहुमुखी क्याम्पस, २०६४ ।

व्यास निर्मोही, 'नियात्रा साहित्यको सिर्जनात्मक स्वरूप', **मधुपर्क,** वर्ष ३७, अङ्क ४, पूर्णाङ्क ४२३, २०६१, पृ. ५८-५९ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध,** काठमाडौं : पाठ्यसामग्री पसल, २०५६ ।

_______, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** ते.सं. काठमाडौं : यज्ञ पुस्तक संग्रहालय, २०५८ ।

शर्मा, गोपीकृष्ण, 'निबन्धको सैद्धान्तिक स्वरूप', **कुञ्जिनी**, वर्ष ११, अङ्क ८, २०६०, पृ. १२-१४ ।

शर्मा, तारानाथ 'नियात्रा : अनुभूति र गतिमयताको अब्बल लेखन', **मधुपर्क**, वर्ष ३७, अङ्क ४, पूर्णाङ्क ४२३, २०६१, पृ. ३९-४० ।

क्षेत्री, जानुकाकुमारी, **जूनका पाइला**, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस : अप्र. स्नातकोत्तर शोधपत्र, २०६५ ।